शनिबारको
# कान्तिपुर
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

वर्ष ३४ अंक १३६ काठमाडौं | २० असार २०८३ शनिबार आषाढ कृष्णपक्ष चतुर्थी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, July 4, 2026 | पृष्ठ ८ | १० रुपैयाँ

सरकारका १०० दिन

## एक्सप्रेस–वेमा बिनाब्रेकका वालेन्द्र

**४७ लाख फेसबुक फलोअर्स, करोडौं भ्युज र अनगिन्ती पोस्टबीच प्रधानमन्त्री वालेन्द्र शाह अझै रहस्यमय छन् । उनी आफ्ना कुरा सामाजिक सञ्जालमा लेख्छन् तर आफूलाई व्याख्या गराउन रुचाउँदैनन् । प्रधानमन्त्री बनेको सय दिनमा गरेका कैयौं क्रियाकलाप तथा निर्णयप्रतिको आलोचनालाई स्वीकार गरेर उत्तर दिनुभन्दा त्यसको आधार नै अस्वीकार गर्ने शैली अपनाइरहेका छन् ।**

**अनिल गिरी, गौरव पोखरेल र जयसिंह महरा** (काठमाडौं)

२८ वैशाखमा प्रधानमन्त्री वालेन्द्र शाह चिरपरिचित पोसाकमा संसद् भवन आइपुगे- कालो कोट, कालै चस्मा अनि नेपाली ब्रान्ड गोल्डस्टारको सेतो जुत्ता ।

संघीय संसद्का दुवै सदनको बैठकमा राष्ट्रपति रामचन्द्र पौडेललाई उनले आफ्नो सरकारको पहिलो नीति तथा कार्यक्रमको पुस्तिका हस्तान्तरण गरे । तर, नीति तथा कार्यक्रम राष्ट्रपतिले वाचन गरिरहँदा सुनिरहने धैर्य गरेनन् । ४५औं मिनेटमा जुरुक्क उठेर हिँडे । आफ्नै सरकारको नीति कार्यक्रम वाचन चलिरहँदा हिँडेको भनेर विपक्षीले आलोचना गरे । यद्यपि, उनले संसद् भवन भने छाडेका थिएनन् । बैठक कक्षबाट निस्किएर छेवैमा रहेको प्रधानमन्त्रीका लागि तोकिएको अर्को कोठामा प्रमुख स्वकीय सचिव सुवास शर्मासहित बसेका थिए । करिब आधा घण्टा त्यहाँ छँदा उनी प्रायः मोबाइलतिर हेरेर बसिरहेका थिए ।

साँझ उनका सल्लाहकारले सामाजिक सञ्जालमा लेखे, 'स्वास्थ्यका कारण प्रधानमन्त्री संसद् बैठकबाट बाहिरिनुभएको हो ।' तर, केही समयपछि त्यो पोस्ट डिलिट भयो । यो प्रकरण केही दिनसम्म सदन र सञ्जाल दुवैतिर 'राष्ट्रिय बहस' को विषय बन्यो । तर, प्रधानमन्त्रीले लिएको निर्णयबाट सरकारले जवाफ दिनुपर्ने वा स्पष्टीकरण दिनबाट पन्छिनुपर्ने अवस्था सिर्जना भएको यो पहिलो पटक थिएन । बरु त्यस्ता घटना झन् दोहोरिरहेका छन् ।


प्रधानमन्त्री वालेन्द्र शाह २१ फागुनको चुनावअघि झापामा । तस्बिर : गौरव पोखरेल/कान्तिपुर

प्रधानमन्त्रीका रूपमा शाहले शपथ लिएपछि उनको सार्वजनिक उपस्थितिमा निश्चित शैली देखिन्छन् । संसद् बैठक, सार्वजनिक समारोह, सैनिक परेड तथा विदेशी राजदूतहरूसँगका सामूहिक तस्बिरमा पनि उनी प्रायः उही चस्मामै देखिन्छन् । तर मन्त्रिपरिषद्का बैठक, निजी छलफल वा औपचारिक कामकाजका भेटघाटमा भने उनी चस्माविहीन देखिने गरेका छन् । अहिलेसम्म उनले कुनै पनि विदेशी राजदूतसँग एक्लाएक्लै भेट गरेका छैनन् । तर राजदूतहरूसँग हुने औपचारिक फोटोसेसनमा भने कालो चस्मा अनिवार्यजस्तै देखिन्छ । सार्वजनिक कार्यक्रममा उनी चस्माबिना देखिने दृश्य निकै दुर्लभ छ ।

शाहका सार्वजनिक गतिविधि नियाल्नेका लागि यो कुनै संयोगजस्तो देखिँदैन । तर, उनी कुन क्षण उपस्थित हुन्छन्, कसरी प्रस्तुत हुन्छन् र कहिले अचानक दृश्यबाट बाहिरिन्छन् भन्ने एउटा निश्चित शैली भेटिन्छ । त्यो शैली सार्वजनिक जीवनमा मात्र होइन, संसद्भित्रका गतिविधिमा समेत पटक-पटक दोहोरिएको छ । जस्तै, २२ चैतमा पार्टीका तत्कालीन उपसभापति एवं सांसद डीपी अर्याल प्रतिनिधिसभाको सभामुखमा निर्विरोध निर्वाचित हुँदा मन्त्री र सांसदहरू उठेर बधाई दिन पुगे । तर शाह आफ्नो सिटबाट उठे, चुपचाप त्यहाँबाट निस्किए । **बाँकी पृष्ठ २**

2026 FOOTBALL WORLD CUP
UNITED STATES - CANADA - MEXICO

**खेल तालिका**
(नकआउट चरण, अन्तिम ३२)

**क्यानडाविरुद्ध मोरक्को**
२० असार, २२:४५ बजे

**फ्रान्सविरुद्ध पाराग्वे**
२१ असार, ०२:४५ बजे

XTREME ENERGY DRINK

**भित्र**

- 'एक्सन ओरियन्टेड' गृहमन्त्री गुरुङमाथि प्रक्रियाको प्रश्न
- शिक्षामा गति, दिशा अझै अस्पष्ट
- सय दिन नपुग्दै विपक्षीका प्रश्नै-प्रश्न
- लगानी र खर्चमा भरुन सुधार, निजी क्षेत्रको बढेन मनोबल

## १०० बुँदा एकतिहाइ पूरा

**तुलसी अर्याल र सुदीप कैनी** (काठमाडौं)

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले ल्याएका 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची' मध्ये करिब एकतिहाइ कार्यान्वयनमा गएका छन् । सरकारी तथ्यांक, निर्णय, कार्यान्वयनको अवस्था र प्रगतिबारे कान्तिपुर टिमले गरेको विश्लेषणमा एक सय कार्यसूचीमध्ये ३८ वटा कार्यान्वयनमा गएको देखिएको हो ।

गत १३ चैतमा सरकार गठन भएकै दिन २४ घण्टादेखि १ हजार दिनसम्म गर्ने गरी सार्वजनिक प्रशासनिक सेवा प्रवाह सुधार, डिजिटल नेपाल, भ्रष्टाचार नियन्त्रणदेखि कृषि, पूर्वाधार स्वास्थ्य, शिक्षा क्षेत्र सुधारसम्मका कार्यसूची अघि सारिएको थियो । ती कार्ययोजनामध्ये केही क्षेत्रमा उल्लेख्य काम भएको छ भने कुनै क्षेत्रमा सीमित उपलब्धि छ । धेरैजसोमा भने सरकारको प्रतिबद्धता पूरा हुन बाँकी छ । ६२ वटा सूची भने अधुरा छन्, तिनमा कुनै कार्यान्वयन प्रक्रिया नै सुरु भएको छैन ।

**सरकारले २४ घण्टादेखि १ हजार दिनसम्म गर्ने गरी १०० कार्यसूची ल्याएको थियो, तिनमा ३८ वटा कार्यान्वयन भए, अन्य अधुरै**

परराष्ट्रमन्त्री शिशिर खनाल सरकार जनतालाई आशा जगाउन र सुशासनको अनुभूति दिलाउन सफल रहेको दाबी गर्छन् । 'अगाडिका सरकार र हामीलाई तुलना गरियो भने धेरै हिसाबले अहिले क्षमता, डेडिकेसन, मोटिभेसन र जनताप्रति समर्पित भावना देखिएको छ । त्यसले केही प्रारम्भिक नतिजा ल्याएको छ । सुशासनको पक्षमा काम भइरहेको छ भन्ने स्पष्ट सन्देश सरकारले दिएको छ,' उनले कान्तिपुरसित भने ।

कार्यसूचीअन्तर्गत सरकारको सबैभन्दा महत्त्वपूर्ण र तोकिएको समयमै सुरु गरेको बुँदा नं ९९ हो, जसमा समस्याग्रस्त सहकारीका साना बचतकर्ताको रकम फिर्ता प्रक्रिया सय दिनभित्र सुरु गर्ने भनिएको छ । सरकारले पहिलो चरणमा १० हजार रुपैयाँभन्दा कम बचत भएको रकम फिर्ता ४ जेठमा सुरु गरेको थियो । अहिलेसम्म १८ सय ९५ जनाको ४ करोड ४३ लाख ४८ हजार १६ रुपैयाँ बचत फिर्ता भएको छ ।

सरकारको अर्को उपलब्धि बुँदा नं ३ अन्तर्गत देखिन्छ । उक्त बुँदामा सबै राजनीतिक दलका घोषणापत्रबाट कार्यान्वयनयोग्य विषय छनोट गरी साझा राष्ट्रिय प्रतिबद्धता तयार गर्ने व्यवस्था थियो । सरकारले यसअनुसार सबै दलका घोषणापत्रहरूको विश्लेषण गरी १८ बुँदे राष्ट्रिय प्रतिबद्धता तयार पारेको छ । तोकिएको समयसीमाभन्दा दुई दिन ढिलो भए पनि यो प्रतिबद्धता १ वैशाखमा सार्वजनिक गरिएको थियो । यसले राष्ट्रिय विकासका साझा एजेन्डामा राजनीतिक सहमति निर्माण गर्ने प्रयास गरेको सरकारको भनाइ छ । **बाँकी पृष्ठ ६**

## परराष्ट्रमा नीति उही, शैली फरक

**सरकार केही फरक देखिएको परराष्ट्र नीतिले भन्दा पनि कूटनीति सञ्चालन शैलीले हो । विदेशी कूटनीतिज्ञसँग व्यक्तिगत भेटघाट नगर्ने प्रधानमन्त्री शाहको निर्णयले लामो समयदेखि चलिआएको अभ्यासलाई चुनौती त दिएको छ नै, कूटनीतिक वृत्तमा पनि चासो सिर्जना गरेको छ ।**

**अनिल गिरी** (काठमाडौं)

नेपालको लोकतान्त्रिक इतिहासकै सबैभन्दा शक्तिशाली सरकारमध्ये एकको गठनसँगै व्यापक सुधार, साहसिक नीतिगत परिवर्तन तथा संस्थागत रूपान्तरणको अपेक्षा गरिएको थियो । यससँगै प्रधानमन्त्री वालेन्द्र शाहको परराष्ट्र नीतिमाथि पनि विशेष चासो बढेको थियो । सरकारको पहिलो सय दिन पूरा हुँदै गर्दा शाह नेतृत्वको सरकारले केही नयाँ अभ्यास थालेको देखिए पनि ती रणनीतिकभन्दा आंशिक र प्रक्रियागत मात्रै देखिएका छन् ।

प्रधानमन्त्री शाहले राजदूत तथा नेपाल भ्रमणमा आउने विदेशी उच्च अधिकारीसँगको प्रत्यक्ष भेटघाटलाई सीमित गरेर लामो समयदेखि चल्दै आएको कूटनीतिक अभ्यासमा केही क्रमभंग गरेका छन् । तर नेपालको परराष्ट्र नीतिका मूल प्राथमिकता उस्तै छन् । काठमाडौंको कूटनीतिको केन्द्रमा अझै पनि भारत र चीनसँगको सम्बन्ध नै छ । परराष्ट्रमन्त्री शिशिर खनालले दुवै छिमेकी मुलुकको भ्रमण गरी नयाँ सरकारले उनीहरूको संवेदनशीलतालाई सम्मान गर्ने सन्देश दिनमा विशेष जोड दिएका छन् ।


परराष्ट्रमन्त्री शिशिर खनाल

सरकारले केही नयाँ अभ्यास सुरु गरे पनि ती रणनीतिक परिवर्तनभन्दा बढी प्रक्रियागत छन् । जस्तै, शाहले यसअघिका सरकार प्रमुखभन्दा फरक रूपमा काठमाडौंस्थित विदेशी राजदूतसँग एक्लाएक्लै भेट नगरी सामूहिक भेटघाट गरे । त्यस्तै, उनले नेपाल आएका केही विदेशी उच्च अधिकारीलाई पनि व्यक्तिगत रूपमा भेट नगरी कूटनीतिक 'प्रोटोकल'लाई संस्थागत गर्ने प्रयास गरेका छन् । प्रधानमन्त्रीको सचिवालय स्रोतका अनुसार, नेपालको परराष्ट्र सम्बन्ध व्यक्तिभन्दा संस्थामार्फत सञ्चालन हुनुपर्छ भन्ने उनको धारणा छ ।

'नेपालको परराष्ट्र नीतिमा धेरै ठूलो बदलाव आएको छैन,' भारतका लागि पूर्वराजदूत तथा परराष्ट्र मामिला विज्ञ लोकराज बराल भन्छन्, 'मूल आधारहरू उही नै छन् । शैली मात्र परिवर्तन भएको हो ।' बरालका अनुसार शाहले आफ्ना नीतिका बारेमा सार्वजनिक रूपमा कम बोल्ने गरेकाले पनि भारत र चीन दुवैका लागि सुरुमा नयाँ सरकारलाई बुझ्न कठिन भएको हो ।

'सुरुमा भारत केही अन्योलमा देखियो भने चीन पनि नयाँ सरकारप्रति पूर्ण रूपमा विश्वस्त थिएन,' उनले भने, 'तर बिस्तारै दुवैले सरकारसँग संवाद बढाउन थालेका छन् ।'

नयाँ सरकार गठन भएको केही सातभित्रै अमेरिकी वरिष्ठ अधिकारीहरूको शृंखलाबद्ध भ्रमण भएको थियो । ती भ्रमणका क्रममा भएका अधिकांश भेटघाट परराष्ट्र मन्त्रालयको तहमा केन्द्रित थिए । **बाँकी पृष्ठ ६**



सरकारका १०० दिन

# एक्सप्रेस–वेमा बिनाब्रेकका वालेन्द्र

पहिलो पृष्ठबाट क्रमशः

करिब दुई महिनापछि संसद्मै भएको अर्को घटनाले भने सबैको ध्यान तान्यो। प्रधानमन्त्रीले सांसदका प्रश्नको जवाफ दिनुपर्ने व्यवस्थाको कार्यान्वयन गर्न भन्दै विपक्षीले लामो समयदेखि संसद्मा विरोध जनाइरहेका थिए। दबाबका बीच सरप्राइज दिने गरी प्रधानमन्त्री शाह १७ जेठमा संसद् बैठकमा उपस्थित भए। धेरैले उनी अघिल्ला प्रधानमन्त्रीहरूले जस्तै सांसदले पहिल्यै बुझाएका प्रश्नको जवाफ दिने अपेक्षा गरेका थिए। तर शाहले त्यो शैली पछ्याउन चाहेनन्।

एक्कासि सभामुखसँग समय मागेपछि उनी रोस्ट्रममा पुगे र सांसदहरूले लामो समयदेखि प्रश्न सोध्न खोजिरहेको भन्दै त्यहींबाट प्रत्यक्ष प्रश्नोत्तरका लागि समय दिन आग्रह गरे। विपक्षी सांसदहरूले तत्काल विरोध जनाए। नियमावलीले प्रश्न सोध्नुअघि तयारीका लागि निश्चित समय दिने व्यवस्था गरेको उनीहरूको तर्क थियो। तर शाहको योजना नै फरक थियो।

शाहनिकट स्रोतहरूले त्यसबेला जनाएअनुसार, अघिल्ला प्रधानमन्त्रीहरूजस्तै पहिल्यै तयार पारिएका प्रश्नको लिखित जवाफ दिने वा तयार भाषण पढ्ने उनको सोच थिएन। बरु संसद्मै पुगेर सांसदहरूलाई तत्काल प्रश्न गर्न लगाउने र त्यहीं उभिएर जवाफ दिने तयारी थियो। त्यसबाट उनले आफूलाई अरूभन्दा फरक रूपमा प्रस्तुत गर्न खोजेका थिए। उनले प्रतिनिधिसभामा दिएको नेपाल-भारत सीमासम्बन्धी अभिव्यक्ति भने विवादमा पर्‍यो। लिम्पियाधुरा, लिपुलेक र कालापानीबारे सांसदहरूले उठाएको प्रश्नको जवाफ दिने क्रममा उनले नेपालले पनि धेरै ठाउँमा भारतीय भूमि मिचेको अभिव्यक्ति दिएका थिए। प्रधानमन्त्री शाहको यो अभिव्यक्तिलाई लिएर संसद्भित्र र बाहिर आलोचना तथा विरोध सुरु भयो ।

प्रधानमन्त्रीको प्रश्नोत्तर कार्यक्रमबारे सभामुख अर्याल स्वयं जानकार थिए कि थिएनन् ? १८ जेठमा सोधिएको यो प्रश्नमा उनले कान्तिपुरसँग सिधा जवाफ दिएनन्। बरु प्रतिप्रश्न गरे, 'तपाईंलाई के होला जस्तो लाग्यो ?'

'पहिल्यै जानकारी नभएको जस्तो देखियो' भनेपछि उनले छोटो जवाफ दिए, 'त्यो तपाईंहरू आफैं बुझ्नुस्।' त्यसपछि उनले थप केही बोलेनन्। संसद्मा प्रधानमन्त्री शाहले दिएको त्यो पहिलो सम्बोधन थियो। त्यसबेलासम्म उनी संसद् वा संसदीय प्रक्रियाप्रति सहज छैनन् भन्ने आरोप लाग्न थालिसकेको थियो। संसद्को पहिलो अधिवेशनमा एक शब्द नबोली बिताएका कारणसमेत उनीमाथि त्यस्तो आरोप लाग्न थालेको थियो। तर, प्रधानमन्त्री शाहको त्यो शैली धेरैका लागि अप्रत्याशित भने थिएन।

शाह किन अनुमान गर्न नसकिने शैलीका छन् भन्ने बुझ्न सार्वजनिक व्यवहारभन्दा बाहिरको व्यक्तित्व बुझ्न आवश्यक हुन्छ। उनको त्यो व्यक्तित्व थाहा पाउन कुमार बेन नामले चर्चित कुमार व्यञ्जनकारसम्म पुग्नुपर्छ। उनलाई प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार, रणनीतिकार र एक दशकभन्दा लामो समयदेखि शाहका सबैभन्दा निकट मित्रका रूपमा चिनिन्छ।

जेठ अन्तिम साताको शुक्रबार साँझ ललितपुरको ज्वागलस्थित बेन निवास पुग्दा उनले बेलुकीको खाना खाइसकेका थिए। संयोग, उनी फोनमा कुरा गरिरहेका थिए- प्रधानमन्त्री शाहसँग। सरकार सञ्चालनसम्बन्धी विषय वा अरू कुनै राजनीतिक गफ भइरहेको थिएन, उनीहरू एउटा भिडियो गेमबारे कुरा गरिरहेका थिए।


बेनले मुस्कुराउँदै प्रधानमन्त्री शाहले खाना खाइसकेको जानकारी गराउँदै अहिले जेम्स बन्डमा आधारित नयाँ भिडियो गेम '००७ फर्स्ट लाइट' खेलिरहेको सुनाए। कुराकानीकै क्रममा उनले प्रधानमन्त्रीले पठाएको गेमको एउटा स्क्रिनसट पनि देखाए।

'म जस्तै प्रधानमन्त्रीले पनि बेलुकीको खाना चाँडै खानुहुन्छ,' बेनले भने, 'उहाँ खानाको पारखी होइन। साधारण नेपाली दाल-भात-तरकारी नै मन पराउनुहुन्छ। तर चलचित्र हेर्न, गीत सुन्न र भिडियो गेम खेल्न भने निकै रुचाउनुहुन्छ।' बेनले सुनाउने शाहको व्यक्तित्व सार्वजनिक रूपमा बनेको उनको छविभन्दा बिलकुलै फरक छ। उनका अनुसार शाह बिहान चाँडै उठ्छन्, प्रधानमन्त्री निवासभित्र रहेको जिममा नियमित व्यायाम गर्छन्। बिहान साढे ८ बजेतिरै खाना खान्छन्। प्रायः दाल-भात-तरकारी नै रोजाइमा पर्छ। खाजामा उनको रोजाइ भेज मःम र फ्राइड राइस पनि पर्छ।

शाहलाई गुलियो, अमिलो, धेरै पिरो वा तेलयुक्त खाना मन पर्दैन। राति करिब साढे ९ बजेसम्म सुतिसक्ने र आठदेखि नौ घण्टा निद्रा लिने बानी रहेको बेन बताउँछन्। पुस्तक पढ्ने बानी भने उनलाई खासै छैन। तर सामाजिक सञ्जालमा उनी अत्यन्त सक्रिय छन्। उनका सहयोगीहरूका अनुसार शाहले दैनिक तीनदेखि चार सयसम्म कमेन्ट पढ्छन्। जनमत बुझ्न उनले प्रमुख माध्यम नै सञ्जाललाई बनाएका छन्। फुर्सदमा भने उनको अर्को संसार भिडियो गेम हो। उनले भ्रष्टाचार र अन्यायविरुद्ध लड्ने किशोरकिशोरीहरूको कथामा आधारित चर्चित गेम 'पर्सोना-५' पूराका पूरा खेलेका छन्। 'प्रधानमन्त्री यति तीक्ष्ण र बौद्धिक हुनुको एउटा कारण उहाँ भिडियो गेम खेल्नु पनि हो,' शाहको आदतबारे बेन भन्छन्। भिडियो गेम नखेलेका बेला शाह गीत लेख्न रुचाउँछन्। बाल्यकालदेखि नै गीत लेख्ने उनको बानी अहिले पनि कायम रहेको बेनको भनाइ छ।

प्रधानमन्त्रीको सचिवालयका अनुसार उनी प्रायः बिहान ९:३० बजेसम्म सिंहदरबार पुगिसक्छन्, ढिलोमा पनि १० :३० बजेभित्र कार्यालय प्रवेश गरिसकेका हुन्छन्। साँझ साढे ५ बजेतिर कार्यालयबाट फर्किन्छन्। सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि देशको कार्यकारीको यो शैली नौलो हो। अघिल्ला सरकारहरूमा मन्त्रिपरिषद्का बैठक घण्टौंसम्म चल्थे, मन्त्रीहरूको आवतजावत राति अबेरसम्म बालुवाटारमा भइरहन्थ्यो।

राजनीतिमा आउनुभन्दा धेरै अघिदेखिको उनीहरूको मित्रता अहिले पनि उस्तै छ। काठमाडौं महानगरपालिकाको मेयर रहेका बेला उनीहरू फ्रान्स, ब्राजिल, इन्डोनेसिया र श्रीलंकालगायत देशमा सँगै भ्रमण गरेका थिए। सन् २०२४ मेमा फ्रान्सको कान्स फिल्म फेस्टिभलमा भएको भ्रमण पनि त्यसमध्ये एक हो। विदेशमा आफूलाई मनपर्ने खाना नपाउँदा आफैं पकाएर खाएको बेन सम्झन्छन्। कहिले काठमाडौंबाटै बोकेर गएको दाल, अचार र गुन्द्रुक पकाउँथे, कहिले स्थानीय बजारबाट सामान किनेर नेपाली परिकार तयार पार्थे।



बेनका अनुसार अहिलेका पूर्वाधार विकासमन्त्री सुनील लम्साल पनि उनीहरूका पुराना साथी हुन्। मदिरा सेवनको विषयबारे समेत प्रधानमन्त्री शाहको बेलाबेला चर्चा भइरहन्छ। तर, बेन बाहिर चर्चा चल्नेजस्तो प्रधानमन्त्रीको मदिरा पिउने बानी नभएको बताउँछन्। 'प्रधानमन्त्रीले अत्यन्त कम मात्र मदिरा सेवन गर्नुहुन्छ,' उनले भने, '१२ महिनामा जम्मा दुई महिना कहिलेकाहीं मात्रै मदिरा खानुहुन्छ।' लामो दूरीसम्म आफैं गाडी चलाउनु शाहको अर्को रुचि हो। अहिले पनि उनी धेरैजसो आफैं गाडी चलाउँछन्। कहिलेकाहीं कुनै पूर्वसूचना नदिई कुमार बेनको घर पुग्छन् र घण्टौं त्यहीं बिताउँछन्।

१५ मंसिर २०८२ मा आफ्ना बुबाको निधन भएपछि राजनीतिमा प्रवेश गर्ने निर्णयबारे शाहले पहिलो पटक गम्भीर छलफल पनि यही घरमा गरेको बेन सम्झन्छन्।

राजनीतिमा प्रवेश गरेपछि पनि शाहले चुनावी अभियानमा धेरै बोलेनन्। पूर्वदेखि पश्चिमसम्म ४० दिनमा करिब ११ हजार किलोमिटर यात्रा गरे, तर समग्र चुनावी सभामा उनले गरेको सम्बोधन जोड्दा जम्मा २७ मिनेट पुग्छ। तर, मौनताकै बीच उनले भारी मतान्तरले पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई हराए, त्यसले नेपाली मतदाताले कस्तो नेतृत्व खोजिरहेका थिए र परम्परागत राजनीतिक शैलीको विकल्पका रूपमा के स्वीकार गर्न तयार थिए भन्ने संकेत दिन्छ।

यदि कुनै एउटा ठाउँ छ, जहाँ वालेन्द्र शाह निरन्तर, खुलेर आफ्नै शैलीमा बोल्छन् भने त्यो हो- फेसबुक। उनी नियमित रूपमा फेसबुकमा लेख्छन् र त्यही पोस्ट स्वतः एक्समा पनि प्रकाशित हुन्छ।

२३ जेठ २०८३, शनिबार राति १०:१५ बजे उनले एउटा व्यंग्यात्मक वाक्य पोस्ट गरे, 'मलाई पनि एम्बास्डर (राजदूत) बन्न मन छ, पीएम (प्रधानमन्त्री) को नम्बर छ भने यसो दिनुस् न।' यो पोस्ट प्रधानमन्त्रीसँग सिधै सम्पर्क गरेर राजदूत नियुक्तिका लागि सोधेका सचिव कृष्णहरि पुष्करलाई लक्षित थियो।

पोस्ट सार्वजनिक भएको केही घण्टामै शिक्षामन्त्री तथा सरकारका प्रवक्ता सस्मित पोखरेलले 'म म्यासेज गरिदिन्छु' भनेर ठट्टा गरे। सांसद टीका संग्रौला ज्वालाले 'मसँग नम्बर त छ, तर दिन्नँ' भन्दै टिप्पणी गरिन्। टिप्पणी गर्नेमा अर्की सांसद रञ्जु दर्शना पनि थपिइन्। उनले भनिन्, 'पीएम पनि एम्बास्डर पनि बन्न पाइँदैन, एउटा चुज (छान्नुस्) गर्नुस्।'

सरकार प्रमुख भएर पनि आफूलाई सामान्य मानिसझैं प्रस्तुत गर्ने र सार्वजनिक रूपमा सहकर्मीसँग ठट्टा गर्ने शैलीलाई शाहका समर्थकहरू उनको स्वाभाविक शैली ठान्छन्। तर, उनी अहिले प्रधानमन्त्री बन्नुमा महत्त्वपूर्ण भूमिका खेलेको 'जेन-जी' आन्दोलनका कतिपय अगुवा भने यसलाई फरक रूपमा हेर्छन्। उनीहरूको बुझाइमा, समस्या ठट्टामा होइन, त्यसको समय छनोटमा छ। प्रधानमन्त्रीको त्यस्तो सन्देश आएको बेला अरू कुनै न कुनै घटनाक्रम पनि जोडिएकै हुन्छ। जस्तै, १४ वैशाखका लागि तय गरिएको प्रतिनिधिसभा बैठक सरकारले आफैंले अन्तिम समयमा स्थगित गर्‍यो। संवैधानिक परिषद् र सहकारी ठगी व्यवस्थापनसम्बन्धी अध्यादेश अघि बढाउन मन्त्रिपरिषद्ले यो निर्णय लिएको थियो। त्यसको चौतर्फी आलोचना भइरहेका बेला २६ वैशाखमा शाहले फेसबुकमा एउटा स्टाइलिस तस्बिर सार्वजनिक गरे। सेतो सर्ट र धर्के पाइन्ट लगाएर बसेको त्यो तस्बिर क्षणभरमै सामाजिक सञ्जालमा भाइरल बन्यो।

केही घण्टामै त्यसकै आधारमा एआई प्रयोग गरी बनाइएका सयौं तस्बिर सामाजिक सञ्जालभर फैलिन थाले। अध्यादेशबारेको बहस ओझेलमा पर्‍यो। एक सातापछि, २ जेठमा काठमाडौंका खोला किनारमा डोजर चलाएर खाली गराइएका बस्तीबाट विस्थापित सुकुमवासीलाई राखिएको होल्डिङ सेन्टरको दुरवस्थाबारे आलोचना भइरहेका बेला शाहले फेरि त्यही पोसाकमा अर्को तस्बिर पोस्ट गरे। यस पटक उनको हातमा डीडीसीको चिज थियो। क्याप्सनमा उनले लेखे, 'से चिज, डीडीसीको चिज।' व्यावसायिक प्रचार गरेको भन्दै आलोचना हुन थालेपछि उनले कमेन्ट लेख्दै डीडीसी नेपाल सरकारको संस्था भएको पनि उल्लेख गरे।

त्यो पोस्टको प्रभाव तत्काल देखियो। दुग्ध विकास संस्थान (डीडीसी) का अधिकारीहरूका अनुसार याक चिजको माग झन्डै ३० प्रतिशतले बढ्यो। डीडीसीका बजार व्यवस्थापन प्रमुख सञ्जीव झाले भने, 'सुपरमार्केटहरूबाट थप चिज उपलब्ध गराइदिनुस् भनेर फोन आउन थालेका छन्।'

तर, सबैले यसलाई रमाइलोका रूपमा लिएनन्। सामाजिक अभियन्ता सुष्मा बराइलीले सोही दिन आफूले केहीबेरअघि मात्रै विस्थापित शिविरमा पोषणयुक्त खाना नपाएकी सुत्केरी महिला र उनका नवजात शिशुको भिडियो हेरेको उल्लेख गरिन्। 'यता हाम्रो सरकार प्रमुख भने 'से चिज' भन्दै रमाइला तस्बिर पोस्ट गरिरहनुभएको छ,' उनले सामाजिक सञ्जालमा लेखिन्।

डीडीसी मात्रै होइन, प्रधानमन्त्री शाहले निजी उत्पादनको पनि ब्रान्डिङ गर्न खोजेका छन्। १५ जेठमा अर्थमन्त्री स्वर्णिम वाग्लेले बजेट प्रस्तुत गरेपछि प्रधानमन्त्री केहीबेर थप बसे। सत्ता र प्रतिपक्ष दुवैतर्फका सांसदसँग हात मिलाए। संसद्बाट बाहिरिने क्रममा उनी केहीबेर सांसद विदुषी राणासँग रोकिए र आफूले लगाएको गोल्डस्टार जुत्ता देखाए। पछि कान्तिपुर टेलिभिजनको कार्यक्रम 'फायर साइड' मा राणाले काठमाडौं महानगरपालिकाको मेयर हुँदा आफूले गोल्डस्टार जुत्ताबारे बोलेको प्रसंग शाहले सम्झिरहेको देख्दा अचम्ममा परेको बताएकी थिइन्। 'उहाँले त्यति ध्यान दिनुभएको होला भन्ने मैले सोचेकी थिइनँ,' उनले भनिन्।

प्रधानमन्त्रीले कुनै विशेष ब्रान्डको प्रचार गर्न खोजेको हो भन्ने प्रश्नमा भने राणाले त्यसलाई संयोग मात्र भएको बताइन्। 'संसद्बाट बाहिरिने क्रममा मेरो उहाँसँग भेट भयो,' उनले भनिन्, 'मैले नमस्कार गर्नेबित्तिकै उहाँले भन्नुभयो- हेर्नुस्, मैले गोल्डस्टार लगाएको छु।'

साप्ताहिक बिदाको दिन प्रधानमन्त्री शाहले गृहमन्त्री सुधन गुरुङ र पूर्वाधार विकासमन्त्री सुनील लम्सालसँगको तस्बिर सेयर गर्दै 'देश बनाउने टोली' भन्ने क्याप्सन लेखे। त्यसबेला उनी स्थानीय चियापसलमा बसेको तस्बिर पनि सार्वजनिक भयो। आलोचकहरूले यसलाई एउटा रणनीतिक शैलीका रूपमा व्याख्या गर्छन्। जेन-जी अगुवा अमित ऊर्जा भन्छन्, 'शाहले डिजिटल एल्गोरिदम कसरी काम गर्छ भन्ने राम्ररी बुझेका छन्। त्यसैले सार्वजनिक बहसको केन्द्र बदल्ने गरी उनी बेला-बेलामा नयाँ विषय सिर्जना गर्छन्।'

उनको बुझाइमा प्रधानमन्त्री शाह जनताको ध्यान तान्न सक्ने लोकप्रिय विषय उठाउन निकै सिपालु छन्। कुनै पनि राजनीतिक विवाद लामो समय सार्वजनिक बहसको केन्द्रमा नरहोस् भन्ने उद्देश्यले गरिने यस्तो शैलीले समाधानलाई प्राथमिकता दिएको जस्तो देखिने भन्दै उनी थप्छन्, 'यसले विधिको शासन कमजोर बनाउँछ र जनतालाई केही समयका लागि मनोरञ्जन मात्रै दिन्छ।'

अर्का युवा अभियन्ता अर्णव चौधरी पनि यसलाई नयाँ राजनीतिक संस्कृतिभन्दा पुरानै शैलीको निरन्तरता ठान्छन्। 'पूर्वप्रधानमन्त्री केपी शर्मा ओली उखान, व्यंग्य र ठट्टामार्फत आलोचना मत्थर पार्ने शैलीका लागि चर्चित हुनुहुन्थ्यो,' चौधरी भन्छन्, 'हास्य-व्यंग्यको आफ्नै ठाउँ छ। तर, कसले, कहिले र कुन सन्दर्भमा त्यस्तो शैली प्रयोग गरिरहेको छ भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। अहिलेको नेतृत्वले आफूलाई नयाँ राजनीतिक पुस्ताको प्रतिनिधि भन्छ। तर मूल मुद्दालाई छायामा पार्न र जवाफदेहिता टार्न पहिलेकाको जस्तै शैली प्रयोग गरिरहेको देखिन्छ।'

आलोचनाको शृंखलाप्रति प्रधानमन्त्री शाहको प्रतिक्रिया भने निकै सहज देखिन्छ। १ असारमा फेसबुकमा उनले लेखेका थिए, 'हप्ताभरि काम गरेर म बिदाको दिन जिस्किन्छु, यो समस्या होइन। दुःख त्यो दिन मान्नु जुन दिन म जिस्किन छाड्छु।'

शाहले गर्ने यस्ता पोस्ट सतहमा हेर्दा कुनै पनि व्यक्तिले गर्न सक्ने सामान्य अभिव्यक्ति जस्तै लाग्छ। तर आलोचकहरूको तर्क फरक छ। उनीहरूका अनुसार शाह 'सामान्य व्यक्ति' होइनन्, जसलाई नेपाली मतदाताले अभूतपूर्व समर्थनसहित सत्तामा पुर्‍याएका छन्। ती मतदातामध्ये धेरैले अहिले उनीबाट देशको भविष्यबारे स्पष्ट दृष्टिकोण र नेतृत्वको अपेक्षा गरिरहेका छन्।

शाहलाई नजिकबाट चिन्नेहरू उनको निजी जीवनलाई सीमित घेराभित्र बाँधिएको बताउँछन्। प्रधानमन्त्रीका रूपमा उनको कार्यशैली पनि त्यही ढाँचामा विकसित भएको देखिन्छ। पदभार सम्हालेयता शाहले औपचारिक रूपमा घोषणा नगरे पनि व्यवहारमा एउटा नियम लागू गरेको रास्वपाका धेरै नेताहरू बताउँछन्। उनीहरूका अनुसार प्रधानमन्त्रीले विदेशी कूटनीतिज्ञ, उच्च सरकारी कर्मचारी, दलका नेताहरू, सांसद, सुरक्षा निकायका प्रमुख, व्यवसायी र सञ्चारकर्मीसँग हुने व्यक्तिगत भेटघाटलाई उल्लेखनीय रूपमा सीमित गरेका छन्। प्रधानमन्त्री बनेपछि उनले कूटनीतिक समुदायसँग सामूहिक रूपमा दुई पटक मात्रै भेट गरेका छन्, २५ चैत र ११ जेठमा।

तीमध्ये एक बैठकमा सहभागी एक कूटनीतिज्ञका अनुसार दुवै बैठकको शैली लगभग उस्तै थियो। राजदूतहरूले आ-आफ्नो परिचय दिए, प्रधानमन्त्रीले परराष्ट्र मन्त्रालयले तयार पारेको लिखित मन्तव्य पढेर सुनाए। 'उहाँले हाम्रो कुरा शान्त भएर सुन्नुभयो, तर धेरै प्रश्न सोध्नुभएन,' नाम उल्लेख नगर्ने सर्तमा ती कूटनीतिज्ञले कान्तिपुरसँग भने।

कम्तीमा दुई जना विदेशी कूटनीतिज्ञका अनुसार यस्तो शैली असामान्य थियो। सामान्यतया नयाँ सरकार बनेपछि राजदूतहरूले प्रधानमन्त्रीसँग व्यक्तिगत भेटघाटलाई प्राथमिकता दिन्छन्। त्यसबाट दुई देशबीचको सम्बन्धको प्रारम्भिक दिशा र आपसी समझदारी निर्माण हुने अपेक्षा गरिन्छ। तर शाह सरकारले भने राजदूतहरूलाई दुई पटक सामूहिक रूपमा मात्रै भेट्यो। 'हामीले यसअघि यस्तो अभ्यास देखेका थिएनौं,' एक एसियाली मुलुकका कूटनीतिज्ञले भने, 'यो जानाजानी अपनाइएको नीति हो कि यो सरकारको कार्यशैली नै यस्तै हो, अहिले नै निष्कर्ष निकाल्न सकिँदैन।'

प्रधानमन्त्रीको पहुँच सीमित गर्ने यो अभ्यास बाहिरी व्यक्तिमा मात्रै सीमित छैन। सरकारी संयन्त्रभित्र पनि त्यसको कडाइका साथ पालना गराइएको देखिन्छ। यसको एउटा उदाहरण कृष्णहरि पुष्कर प्रकरण हो।

घटनाबारे जानकार सरकारी अधिकारीहरूका अनुसार २१ जेठमा पुष्करले रिक्त रहेको राजदूत पदबारे सरोकार राख्दै प्रधानमन्त्रीलाई सिधै मोबाइल सन्देश पठाएका थिए। बिहान उनले त्यो सन्देश पठाएका थिए, बेलुकी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्देशनमा प्रहरीले उनकै घरबाट नियन्त्रणमा लिएर टेकुस्थित उपत्यका अपराध अनुसन्धान कार्यालयमा सोधपुछका लागि लग्यो। भोलिपल्ट पुष्करले कान्तिपुरसँग कुरा गर्दै प्रधानमन्त्रीसँग भेट्ने प्रयास पटक-पटक असफल भएपछि आफूले सिधै सन्देश पठाएको बताएका थिए। गृह मन्त्रालयका एक अधिकारीका अनुसार व्यक्तिगत लाभका लागि प्रधानमन्त्रीलाई प्रत्यक्ष सम्पर्क गर्नु र प्रशासनिक 'चेन अफ कमान्ड' उल्लंघन गर्नु नै उनीमाथि सोधपुछ गर्नुको कारण थियो। प्रहरीले भने पर्याप्त कानुनी आधार नदेखिएपछि सोधपुछपछि पुष्करलाई रिहा गरेको थियो।

यो घटनाको पूर्वप्रशासकहरूले तीव्र आलोचना गरे। उनीहरूका अनुसार कुनै कर्मचारीले प्रधानमन्त्रीलाई सिधै सम्पर्क गरेको भन्दै प्रहरीले नियन्त्रणमा लिने अभ्यास निजामती सेवाको इतिहासमै नभएको र यसले अनावश्यक रूपमा अधिनायकवादी कार्यशैलीको संकेत गरेको छ।

यो घटनापछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पुष्करलाई उपराष्ट्रपति कार्यालयको जिम्मेवारीबाट हटाएर अतिरिक्त समूहमा सरुवा गरिदिएको थियो। उच्च सरकारी कर्मचारीहरूलाई पनि प्रधानमन्त्रीसँग सिधै सम्पर्क नगरी मुख्यसचिव सुमनराज अर्यालमार्फत विषयवस्तु अघि बढाउन निर्देशन दिइएको छ। यद्यपि, आवश्यक ठानेका बेला प्रधानमन्त्रीले आफैं वरिष्ठ कर्मचारीलाई बोलाएर छुट्टै छलफल गर्ने गरेको अधिकारीहरू बताउँछन्।

शाह प्रधानमन्त्री बनेपछि सरकार सञ्चालनको लय पनि फेरिएको छ। अघिल्ला सरकारहरूमा मन्त्रिपरिषद्का बैठक कहिले सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा, कहिले बालुवाटारस्थित सरकारी निवासमा बस्ने गर्थे। सोमबार र बिहीबार नियमित बैठक बस्ने चलन थियो। अहिले भने सबै बैठक सिंहदरबारमै हुन्छन्। निश्चित कार्यतालिका छैन र अधिकांश बैठक आधा घण्टाभन्दा लामो चल्दैनन्। एक समय राजनीतिक भेटघाटले भरिने भएकाले 'पार्टी प्यालेस' भनेर व्यंग्य गरिने बालुवाटारस्थित प्रधानमन्त्री निवास अहिले सरकारी कामकाजका लागि प्रयोग हुन छाडेको छ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलका अनुसार प्रधानमन्त्री शाह कुनै पनि प्रस्तावलाई 'धेरै कोणबाट' हेर्छन्। सम्बन्धित मन्त्रीको कुरा पूरा सुन्छन्, आफ्नो निर्णय जबर्जस्ती थोपर्दैनन्। मन्त्रिपरिषद् बैठकको अन्त्यमा उनी प्रायः मन्त्रीहरूलाई 'थप भन्नुपर्ने केही छ ?' भनेर सोध्ने गर्छन्। राम्रो काम गरेको अवस्थामा मन्त्रीहरूको व्यक्तिगत रूपमा प्रशंसा पनि गर्ने रावलको भनाइ छ। 'प्रधानमन्त्री बोल्नुहुन्न, छलफल गर्नुहुन्न भन्ने सार्वजनिक भाष्य सही होइन,' उनले भनिन्, 'सरकारका नीतिगत विषयमा मन्त्रीहरू नियमित रूपमा प्रधानमन्त्रीलाई भेट्न जानुहुन्छ। पार्टीको धारणा आवश्यक पर्ने विषयमा पनि हामी भेट्छौं र उहाँसँग समय पाउन कुनै समस्या हुँदैन।'

सांसद केपी खनाल पनि प्रधानमन्त्रीसँगको सम्बन्धलाई औपचारिक तर कार्यमुखी भएको बताउँछन्। काठमाडौं महानगरपालिकाको मेयर हुँदादेखि शाहसँग काम गर्दै आएका खनाल भन्छन्, 'हामी बालुवाटार जाँदैनौं। प्रधानमन्त्रीलाई भेट्नुपरे सिंहदरबारस्थित कार्यालयमै जान्छौं। पछिल्लो पटक संसद्मा भेट हुँदा उहाँले सरसफाइ अभियान कस्तो भइरहेको छ भनेर सोध्नुभएको थियो।'

अर्का सांसद बब्लु गुप्तालाई समेत उनले हालै संसद्बाट बाहिरिँदै गर्दा अँगालो हालेर हालखबर सोध्दै भनेका थिए, 'तिमी बीचमा कहाँ हराएका थियौ ? के गर्दै छौ ?'

रास्वपाभित्र भने शाहको कार्यशैलीबारे केही असहजता रहेको अनौपचारिक संवादमा नेताहरू स्वीकार्छन्। उनीहरूका अनुसार प्रधानमन्त्रीले पार्टीको संस्थागत संयन्त्रभन्दा आफ्ना पुराना विश्वासपात्रहरूको सानो घेरामार्फत निर्णय गर्न रुचाउने प्रवृत्ति देखिन्छ। यद्यपि सार्वजनिक रूपमा पार्टीले यस्तो कुनै दूरी रहेको अस्वीकार गर्दै आएको छ।

रास्वपा संसदीय दलका उपनेता गणेश पराजुली भन्छन्, 'पार्टीका विषय सभापति रवि लामिछानेमार्फत प्रधानमन्त्रीकहाँ पुग्छन्। सरकारका विषय पनि प्रधानमन्त्रीबाट त्यही प्रक्रियामार्फत पार्टीमा आउँछन्।'

पार्टीबाहिरका विश्लेषकहरूले भने शाहको कार्यशैलीलाई फरक दृष्टिले हेर्न थालेका छन्। त्रिभुवन विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विषय अध्यापन गर्ने भास्कर गौतमका अनुसार नेपालका कमजोर संस्थाहरूले सधैं शक्तिशाली व्यक्तिलाई राज्यका संस्थालाई आफ्नो अनुकूल ढाल्ने अवसर दिएका छन्। शाह पनि त्यसबाट अलग नरहेको उनको विश्लेषण छ।

'प्रधानमन्त्रीले दण्डहीनताको संस्कृतिलाई बल पुग्ने र विधिको शासनको मूल भावनालाई कमजोर बनाउने गरी छनोटपूर्ण कदम चालिरहनुभएको छ,' गौतमले कान्तिपुरसँग भने, 'उहाँको ध्यान संस्थागत विकासमा भन्दा व्यक्तिगत निर्णयमार्फत शासन सञ्चालनमा बढी केन्द्रित देखिन्छ। राज्यका स्रोतसाधन नागरिकबीच न्यायपूर्ण र समान रूपमा वितरण हुने संरचना निर्माणमा पर्याप्त जोड देखिँदैन।' गौतमको यो मूल्यांकन सही हो वा होइन भन्ने कुरा आगामी महिनाहरूमा सरकारको कामले स्पष्ट पार्नेछ।

१३ चैतमा पदभार सम्हालेयता सरकारले आठ वटा अध्यादेश जारी गरिसकेको छ। कानुनमन्त्री सोविता गौतमका अनुसार ती अध्यादेशको मस्यौदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तयार गरिएको थियो। प्रधानमन्त्री शाहले सार्वजनिक खरिद ऐन, संवैधानिक परिषद्, राजनीतिक नियुक्ति खारेजी तथा कर्मचारी ट्रेड युनियनको व्यवस्था हटाउनेलगायत कुन-कुन विषय समेट्ने भन्ने नीतिगत निर्देशन दिएका थिए। तर, अध्यादेशको मस्यौदा तयार गर्ने जिम्मेवारी भने उनले आफू नेतृत्वको टोलीलाई दिएका थिए। त्यस टोलीमा विभिन्न मन्त्रालयका सचिवहरू र प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव सुदीप ढकाल सहभागी थिए।

काठमाडौं महानगरपालिकामा मेयर रहँदादेखि शाहसँग काम गरेकाहरूका अनुसार प्रधानमन्त्री बनेपछि पनि उनको कार्यशैली खासै बदलिएको छैन। शाहले निर्णय कसरी गर्छन् भन्ने सबैभन्दा स्पष्ट उदाहरण भने संसद्मा होइन, संवैधानिक परिषद्को बैठकको एउटा सानो कोठामा देखियो। प्रधानन्यायाधीशलगायत संवैधानिक निकायका महत्त्वपूर्ण पदमा नियुक्तिका लागि सिफारिस गर्ने ६ सदस्यीय परिषद्को अध्यक्षका रूपमा शाहले २४ वैशाखमा पहिलो बैठक बोलाएका थिए। बैठकअघि परिषद्भित्र र बाहिर दुवैतर्फ एउटा अपेक्षा थियो- सर्वोच्च अदालतकी कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लको नाम सिफारिस हुनेछ। सर्वोच्चमा उनी वरिष्ठतम न्यायाधीश थिइन् र परिषद्का अधिकांश सदस्यको रोजाइ पनि उनी नै थिइन्। तर शाहले फरक निर्णय गरे। उनले वरिष्ठताको परम्परा तोड्दै चौथो नम्बरका न्यायाधीश मनोज शर्माको नाम प्रस्ताव गरे। बैठकमा आइपर्न सक्ने सम्भावित चुनौतीलाई उनले अध्यादेशमार्फत पहिल्यै पन्छाइसकेका थिए। परिषद्का सदस्यहरूले कान्तिपुरलाई दिएको जानकारीअनुसार शाहको चाहना कुनै स्पष्ट राजनीतिक सम्बन्ध नभएको व्यक्तिलाई प्रधानन्यायाधीश बनाउने थियो।

बैठकमा कांग्रेस नेता भीष्मराज आङ्देम्बे र राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले लिखित फरक मत दर्ता गराएका थिए। तर परिषद्मा रहेका रास्वपा निकट तीन सदस्यले शाहको प्रस्तावलाई समर्थन गरेपछि शर्मा सिफारिस भए। त्यो बैठक प्रधानमन्त्री बनेपछि शाह र प्रतिपक्षी दलका नेताबीच भएको पहिलो औपचारिक भेट पनि थियो। यसअघि यस्ता महत्त्वपूर्ण नियुक्तिअघि प्रधानमन्त्रीहरूले प्रतिपक्षसँग परामर्श गर्ने परम्परा रहँदै आएको थियो।

शाहलाई नजिकबाट चिन्नेहरू उनी निर्णयमा अलमल गर्दैनन्। 'हुन्छ या हुँदैन' एउटैमा अडिग रहन्छन्। उनीहरूका अनुसार फाइल या त स्वीकृत हुन्छ, नभए तुरुन्त फर्काइन्छ। प्रधानन्यायाधीश नियुक्तिको निर्णयमा पनि त्यही शैली सबैभन्दा संवेदनशील राजनीतिक निर्णयमा प्रयोग भएको देखियो।

जनतासँगको प्रधानमन्त्रीको संवाद शैली भने उस्तै रह्यो। पदभार सम्हालेको करिब तीन महिना बितिसक्दा पनि शाहले राष्ट्रका नाममा कुनै सार्वजनिक सम्बोधन गरेका छैनन्। आलोचकहरूले यसलाई आफूलाई निर्वाचित गर्ने मतदाताप्रति बेवास्ता र लोकतान्त्रिक जवाफदेहितासँग नमिल्ने सञ्चार शैलीको उदाहरणका रूपमा व्याख्या गरिरहेका छन्।

अन्ततः प्रधानमन्त्री शाहले ७ असारमा पहिलो पटक सार्वजनिक मञ्चमा उभिएर सम्बोधन गरे। रास्वपाको पहिलो महाधिवेशनलाई सम्बोधन गर्दै उनले प्रधानमन्त्री बनेयताको पहिलो सार्वजनिक भाषण दिएका थिए। सुरुवातमा उनले भनेका थिए, 'नबोलौं भन्छु, बोल्ने दिन आइहाल्छ।' भाषणको औपचारिक विषय पार्टी सुदृढीकरण, सुशासन र राजनीतिक दिशा थियो। तर त्यसको ठूलो हिस्सा उनीमाथि उठाइएका आलोचनाको जवाफ दिनमै केन्द्रित देखिन्थ्यो। कतिपय प्रसंगमा उनले आलोचनालाई स्वीकार गरेर उत्तर दिनुभन्दा त्यसको आधार नै अस्वीकार गर्ने शैली अपनाए।

त्यसै दिन एमाले नेता प्रदीप ज्ञवालीले महाधिवेशनलाई सम्बोधन गर्दै रास्वपालाई आफ्नो जनादेश सावधानीपूर्वक प्रयोग गर्न सुझाव दिएका थिए। लोकतान्त्रिक संस्थाहरूलाई कमजोर पार्ने गरी अत्यधिक हतार गर्न नहुने भन्दै उनले राज्य सञ्चालनलाई सवारीसाधनसँग तुलना गरेका थिए। 'गाडीमा इन्जिन जति आवश्यक हुन्छ, ब्रेक पनि त्यत्तिकै आवश्यक हुन्छ,' ज्ञवालीले भनेका थिए। शाह आफूले बोल्ने क्रममा ज्ञवालीलाई जवाफ दिए, 'त्यो चिन्ता स्थानीय सडकमा गुड्ने गाडीका लागि उपयुक्त हुन सक्छ। हाम्रो गाडी एक्सप्रेस-वेमा दौडिरहेको छ। गन्तव्यमा पुगेपछि मात्रै ब्रेक लाग्छ।'


## होटेल माउन्ट मोनास्ट्री प्रा. लि. द्वारा सामान तथा सेवा खरिदको लागि आशय पत्र (EOI) को सूचना
## सूचना नं.: HMM/EOI/2083/84-01

प्रथम प्रकाशन मितिः २०८३/०३/ २० (04/07/2026)

होटेल माउन्ट मोनास्ट्री प्रा. लि., भक्तपुर, जिल्ला, सुर्यविनायक नगरपालिका वार्ड नं.–७ , गुन्डुमा अवस्थित हाम्रो रिसोर्टले निम्नलिखित सामान तथा सेवाहरूको खरिदको लागि योग्य, अनुभवी र इच्छुक आपूर्तिकर्ता/सेवा प्रदायकहरूबाट आशय पत्र (Expression of Interest – EOI) आह्वान गर्दछ। इच्छुक आपूर्तिकर्ता/सेवा प्रदायकहरूले तोकिएको समयसीमाभित्र आवश्यक कागजातहरू सहित आशय पत्र पेश गर्न अनुरोध गरिन्छ।

**खरिद गर्नुपर्ने सामान तथा सेवाहरूः**

१. किराना सामान (Grocery)
२. मासु (Meat)
३. फ्रोजन/पोल्ट्री/माछा (Frozen/Poultry/Fish)
४. दुग्धजन्य सामान (Dairy Items)
५. तरकारी र फलफूल (Vegetables & Fruits)
६. छपाइ र स्टेशनरी (Printing & Stationary)
७. लुगा धुने सेवा (Laundry Service)
८. सरसफाइ र कीट नियन्त्रण (Cleaning & Pest Control)
९. मर्मत र रखरखाव (Repairment & Maintenance)
१०. बेकरी सामान (Bakery Items)
११. पेय पदार्थ (मदिरायुक्त/गैर–मदिरायुक्त) (Beverages - Alcoholic/Non-Alcoholic)
१२. कर्मचारी पोशाक (Staff Uniform)
१३. औषधि (Medicine)
१४. भान्साका सामान (Kitchen Utensils)
१५. सुर्तीजन्य पदार्थ (Tobacco)
१६. कम्प्युटर/प्रिन्टर र सूचना प्रविधि उपकरण (Computer/Printers & IT Equipment)
१७. रासायनिक पदार्थ र सरसफाइ सामग्री (Chemicals and Cleaning Materials)
१८. पाहुना सुविधा/सामग्री (Guest Supplies÷Amenities)
१९. एल.पी. ग्यास (LP Gas)
२०. लिनेन सामग्री (Linens)

**आशय पत्र पेश गर्ने प्रक्रियाः**

- इच्छुक आपूर्तिकर्ता/सेवा प्रदायकहरूले आशय पत्र (EOI) र सम्बन्धित प्रस्ताव फारम (RFP) होटेल माउन्ट मोनास्ट्री प्रा.लि. को कर्पोरेट कार्यालय अग्नि समूह पानीपोखरी लाजिम्पाटमा उपलब्ध गरिनेछ।
- आशय पत्र पेश गर्नुपर्ने अन्तिम मितिः २०८३/०३/ २८ (12/07/2026), कार्यालय समय (बिहान १०:०० बजे देखि साँझ ५:०० बजेसम्म)।
- **आशय पत्रसागै पेश गर्नुपर्ने कागजातहरूः**
  - कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
  - कर दर्ता प्रमाणपत्र (VAT/PAN) को प्रतिलिपि
  - हालको कर चुक्ता प्रमाणपत्र
  - सम्बन्धित क्षेत्रमा अनुभव र सन्दर्भहरू (References)
  - अन्य आवश्यक कागजातहरू (RFP फारममा उल्लेखित अनुसार)

**थप जानकारीः**

- आशय पत्र र RFP फारम होटेल माउन्ट मोनास्ट्री प्रा लि को कर्पोरेट कार्यालय अग्नि समूह पानीपोखरी लाजिम्पाटमा निःशुल्क प्राप्त गर्न सकिनेछ।
  - **थप जानकारीको लागि सम्पर्कः**
    अग्नि समूह प्रा लि
  - ठेगानाः पानीपोखरी महिन्द्रा शोरुम लाजिम्पाट, नेपाल
    फोनः ९८०२३२२७५४
    फोनः ९८०२३२५२०१
    इमेलः bidur.karki@terracesresorts.com
    इमेलः tribhuwan.bhatt@terracesresort.com

**होटेल माउन्ट मोनास्ट्री प्रा. लि.**
सुर्यविनायक नगरपालिका वार्ड नं.–७, गुन्डु, भक्तपुर, नेपाल।

सरकारको १०० दिन

# ‘एक्सन ओरियन्टेड’ गृहमन्त्री गुरुङमाथि प्रक्रियाको प्रश्न

हाई प्रोफाइल गिरफ्तारी र प्रहरीमा सुधारको घोषणाबीच गृहमन्त्री सुधन गुरुङले आफूलाई ‘एक्सन ओरियन्टेड’ नेताका रूपमा स्थापित गर्न खोजे तर विधि-प्रक्रिया नाघेर गरिएका कतिपय कारबाहीका कारण अदालतले प्रश्न उठायो ।

**गौरव पोखरेल** (काठमाडौं)

सेयर लगानी विवादको छानबिनपछि पुनः गृह मन्त्रालयको नेतृत्वमा फर्किंदा गृहमन्त्री सुधन गुरुङले एउटा चर्चित निर्णय लिए- दरबार हत्याकाण्डको अनुसन्धान अघि बढाउने । सामाजिक सञ्जालमा कतिपयले उनको यस निर्णयको वाहवाही गरे, कतिले चर्चाका लागि मात्र गुरुङले २५ वर्ष पुरानो फाइल अघि बढाउने निर्णय लिएको हुन सक्ने टिप्पणी गरे । केही दिन राष्ट्रिय बहसको विषय बनेको यो निर्णय लिएको तीन साता बितिसक्दा पनि गृह मन्त्रालय अनुसन्धान कसरी अघि बढाउने भन्नेमा अलमलमा छ । नेपाल प्रहरीमार्फत अनुसन्धान अघि बढाउने कि वेग्लै समिति बनाएर जाँच गर्ने भन्नेमा स्पष्टता नदेखिँदा प्रक्रिया अघि बढेको छैन ।

१९ जेठ २०५८ मा दरबार हत्याकाण्ड हुँदा राष्ट्रिय अनुसन्धान विभागका प्रमुख रहेका देवीराम शर्मा अनुसन्धान फेरि अघि बढाउने निर्णय लिनु सकारात्मक भए पनि त्यसका लागि कतिपय प्राविधिक जटिलता हुन सक्ने बताउँछन् । ‘घटना भएको लामो समय हुँदा कतिपय जटिलता स्वाभाविक हुन्छन् तर असम्भव होइन,’ उनले कान्तिपुरसँग भने, ‘यद्यपि यस्ताखाले अनुसन्धान अघि बढाउने निर्णय गर्नुअघि सम्बन्धित विज्ञहरूसँग पर्याप्त छलफल गरेर निर्णय लिँदा राम्रो हुन्थ्यो ।’

गृहमन्त्री गुरुङले भने निर्णय लिइसकेपछि बल्ल प्रहरी अधिकारीहरूसँग छलफल गरेका थिए । त्यस क्रममा प्रहरी अधिकारीहरूले विगतमा प्रधानन्यायाधीशको नेतृत्वमा बनेको छानबिन समितिले काम गरिसकेको, घटनास्थल मुचुल्का, पोस्टमार्टम रिपोर्ट, ब्यालिस्टिक जाँचलगायत विगतमा नगरिएको भन्दै कठिनाइका फेहरिस्त प्रस्तुत गरे । थप अनुसन्धानका लागि अघि बढ्न मन्त्रिपरिषद्बाट निर्णय गराउनसमेत कतिपय अधिकारीले सुझाव दिए ।

मन्त्रालयको नेतृत्वमा फर्किएलगत्तै लिएको यस निर्णयले गुरुङको कार्यशैलीलाई धेरथोर बुझाउँछ । नेपाल प्रहरीका एक एआईजीको विश्लेषणमा गृहमन्त्री गुरुङको अहिलेसम्मको काम हेर्दा उनमा केही गरौं भन्ने हुटहुटी देखिन्छ तर कतिपय कुरामा हतारोमा निर्णय लिँदा समस्या सिर्जना भइरहेको छ । प्रहरी अधिकृतहरूका अनुसार गृहमन्त्री गुरुङ काम देखाउनुपर्छ भन्नेमा यति दृढ देखिन्छन् कि कहिलेकाहीँ आफैं अभियुक्त समात्न जान्छु भन्दै प्रहरीलाई दबाब दिन्छन् । प्रसंग हो, १३ चैतमा गृहमन्त्री बनेलगत्तै गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्न प्रहरीलाई दिएको दबाबको ।

वालेन्द्र शाह नेतृत्वमा सरकार बनेलगत्तै बसेको पहिलो मन्त्रिपरिषद् बैठकले आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय लियो, बेलुकी नै उनले नेपाल प्रहरी प्रमुख आईजीपी दानबहादुर कार्की, सशस्त्र प्रहरीका तत्कालीन प्रमुख राजु अर्याललगायतलाई बोलाएर तत्काल एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, कांग्रेस नेता एवं पूर्वगृहमन्त्री रमेश लेखकलगायतलाई पक्राउ गर्न निर्देशन दिए ।

निर्देशन पाउँदासम्म प्रहरी अधिकारीहरूले औपचारिक रूपमा प्रतिवेदनसमेत पाइसकेका थिएनन्, अध्ययन र थप प्रक्रिया अघि बढाउन कागजात तयार पार्नु त छँदै थियो । त्यसैले गृहमन्त्री गुरुङसमक्ष उनीहरूले अध्ययनका लागि समय मागे । पक्राउ गर्न अघि बढ्दा एमाले कार्यकर्ता सडकमा आउन सक्ने भएकाले सम्भावित प्रतिक्रियाको पनि विश्लेषण गरेर तयारीमा लाग्नुपर्ने प्रहरी अधिकारीहरूको भनाइ थियो । तर गुरुङले अध्ययन गर्नलाई समय नलाग्ने भन्दै बरु त्यसका लागि एआईलाई डकुमेन्ट दिन सकिने मात्र बताएनन्, समात्न नजाने हो भने आफू स्वयम् फिल्डमा जाने बताए ।



काठमाडौंको माइतीघरमा गृहमन्त्री सुधन गुरुङ । तस्बिर : दीपक केसी/कान्तिपुर

गृहमन्त्री गुरुङ प्रधानमन्त्री वालेन्द्र शाहसँग नियमित समन्वय गरेर तत्कालै समात्नुपर्ने अडानमा कायम रहेपछि प्रहरी अधिकारीहरूले लिखित निर्देशन मागे । गृह मन्त्रालयबाट मध्यराति नै प्रतिवेदन कार्यान्वयनका लागि ओली, लेखकलगायतलाई पक्राउ गर्नु भन्ने व्यहोराको पत्र प्रहरी हेडक्वार्टरमा पुग्यो । त्यसपछि बिहान झिसमिसेमै ओली र लेखक पक्राउ परे । पछि सर्वोच्च अदालतको आदेशमा उनीहरू छुटे, अहिलेसम्म अदालतमा मुद्दा दर्ता भएको छैन । जिल्ला प्रहरी परिसर, काठमाडौंका एसएसपी दिलिप घिमिरे भन्छन्, ‘त्यस विषयमा अहिले पनि अनुसन्धान भइरहेको छ, सकिनेबित्तिकै मुद्दा लैजान्छौं ।’

गुरुङले आफ्नो पहिलो कार्यकालमा आफूलाई ‘एक्सन ओरियन्टेड’ गृहमन्त्रीका रूपमा छवि बनाउने कोसिस गरे । ‘हाई-प्रोफाइल’ अभियुक्त पक्राउ पर्दैपिच्छे कहिले सामाजिक सञ्जालमार्फत पक्राउको संख्या गन्ती त कहिले पक्राउ पुर्जी नै सार्वजनिक गरेका कारण भने उनीमाथि प्रश्न सोझियो ।

कुनै व्यक्तिमाथि शंकाकै भरमा पहिले पक्राउ गरिहाल्ने अनि पछि कसुर खोज्ने गरेको आरोपसमेत पछिल्लो सय गृह प्रशासनमाथि लाग्दै आएको छ । प्रधानमन्त्रीलाई ‘चेन अफ कमान्ड’ मिचेर मेसेज पठाएको आरोपमा सचिव कृष्णहरि पुष्करमाथि भएको केरकारदेखि काम नगरेको आरोपमा ठेकदार रमेश शर्मा र पीताम्बर बडूलाई प्रहरी परिचालन गरेर भौतिक पूर्वाधार मन्त्रालय पुऱ्याइएको घटना त्यसकै केही उदाहरण हुन् । यस अवधिमा प्रहरीलाई कानुन र विधिभन्दा बाहिरको विषयमा समेत प्रयोग गरेको देखिएको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का पूर्वप्रमुखसमेत रहेका पूर्वडीआईजी हेमन्त मल्ल ठकुरी बताउँछन् ।

> तल्लो तहका प्रहरीको अवस्था, सरुवा-बढुवा चलखेल र संगठनात्मक सुधारबारे गृहमन्त्रीले खुलेर बोलेका कारण प्रहरी वृत्तमा केही अपेक्षा देखिन्छ तर त्यसको व्यावहारिक रूपान्तरण कसरी हुन्छ, हेर्न बाँकी छ

पर्याप्त प्रमाणबिनै प्रहरीले कारबाही प्रक्रिया अघि बढाउँदा प्रहरी समात्ने, अदालतले छाड्ने शृंखला नै चल्यो । अपराध अनुसन्धानको विशिष्टीकृत निकाय सीआईबीले नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डे र व्यवसायी शेखर गोल्छा दुवैलाई पक्राउ गरेको थियो । तर अदालतले हिरासतबाहिरै राखेर अनुसन्धान गर्न आदेश दिएपछि दुवै छुटे ।

पूर्वमन्त्रीसमेत रहेका कांग्रेस नेता दीपक खड्का गत १५ चैतमा पक्राउ पर्दा गृहमन्त्री गुरुङले सामाजिक सञ्जालमा पक्राउ पुर्जी सार्वजनिक गरेका थिए । उनै खड्कासमेत अदालतको आदेशमा छुटेका थिए । जेन-जी आन्दोलनपछि २४ भदौमा उत्पन्न परिस्थितिबीच उनको घरमा आगजानी भएको थियो । त्यस बेला नेपाली र विदेशी नोट जलेका भिडियोहरू सामाजिक सञ्जालमा सार्वजनिक भएका थिए । त्यही विषयमा पक्राउ गरिएका उनलाई सर्वोच्च अदालतले ३ वैशाखमा छाड्न आदेश दिएको थियो । एमालेकी लुम्बिनी प्रदेश सांसद रेखा शर्मालाई समेत अदालतले छाडेको थियो ।

प्रहरीले समात्ने, अदालतले छाड्ने शृंखला चलेपछि गृहमन्त्री गुरुङले ३ वैशाखमा दिक्दारी पोखेका थिए । ‘मलाई लागेको थियो, सबैभन्दा ठूलो मन्त्री हो, यहाँबाट सबै सुधार्न सकिन्छ,’ उनले भनेका थिए, ‘तर होइन रहेछ, आजभोलि मलाई ठूलो त जज (न्यायाधीश) लाग्न थालेको छ ।’ अदालतले निरन्तर छाड्न थालेपछि आफूले कानुनी विषय अध्ययनका लागि छुट्टै टोलीसमेत बनाइसकेको उनले बताएका थिए ।

मानवअधिकार आयोगकी पूर्वसदस्यसमेत रहेकी अधिवक्ता मोहना अन्सारी अनुसन्धानको विषय विशुद्ध प्रहरीको हो भन्ने विगतदेखि नै सत्तामा बस्नेहरूले बुझ्न नसकेको बताउँछिन् । ‘प्रहरीले गल्ती गऱ्यो भने कारबाही गर्ने हो तर अनुसन्धानको विषयमा निष्पक्ष छाडिदिनुपर्छ,’ उनी भन्छिन्, ‘तर, प्रहरीलाई कहिल्यै निष्पक्ष ढंगले काम गर्न दिइएको छैन ।’

गृहमन्त्री बनेपछि गुरुङले प्रहरी नेतृत्वसँगको छलफलमा सरुवा-बढुवा प्रणालीलाई राजनीतिक प्रभावबाट मुक्त गर्ने तथा प्रहरी संगठनका आन्तरिक समस्या समाधान गर्ने प्रतिबद्धता जनाए । नाकामा सरुवाका लागि दबाब नदिन पनि उनले चेतावनी दिएका थिए । प्रहरीको न्यून रासन भत्ता, तल्लो तहका कर्मचारीको अवस्था र कार्यसम्पादन सुधारका विषयमा उनले खुलेर बोलेका थिए, जसको प्रहरी संगठनभित्र सकारात्मक सन्देश गएको थियो ।

आईजीपी दानबहादुर कार्की एउटा कार्यक्रममा प्रहरीको बर्दीलाई नीलोभन्दा पनि कालो भन्न रुचाउने र कर्मचारीलाई टिकाउन नसकिएको भन्दै भावुक बनेका बेला उनले उठेर ताली बजाए, समग्र प्रहरी कर्मचारीको साथमा रहेको सन्देश दिन खोजे । उनले प्रहरीको बर्दीको गुणस्तर बढाउनलाई स्वदेशमै कारखाना खोल्नेसमेत घोषणा गरे । तर त्यसमा अहिलेसम्म विस्तृत अध्ययन भएको छैन । मन्त्रीको सचिवालयका एक अधिकारी बीचमा राजीनामा दिएर बस्नुपरेका कारण कतिपय काम गर्न सम्भव नभएको बताउँछन् । ‘अब विगतका प्रतिबद्धता पनि क्रमशः पूरा हुँदै जान्छन्,’ उनले भने ।

गुरुङले आफूलाई सर्वसाधारणसँग नजिक देखाउन खोजे । कहिले विभिन्न माग राखेर प्रदर्शनमा उत्रिएका आन्दोलनकारीलाई भेट्न आफैं माइतीघर पुगे, कहिले सिंहदरबारको क्यान्टिनमा सर्वसाधारणसँग बसेर खाना खाए । मन्त्रालयको सोफामा सुतेको तस्बिर सार्वजनिक गरेर आफ्नो सक्रियता देखाउन खोजे ।

जेन-जी अगुवा सरिश्मा थापा गृहमन्त्री एक्लैले काम गरेर नहुने, बरु गृह प्रशासन र अरू संयन्त्रलाई समेत परिचालन गरेर सुधार देखाउन सक्नुपर्ने बताउँछिन् । कतिपयचाहिँ प्रहरीको काम प्रहरीलाई नै गर्न दिनुपर्ने भन्दै गृहमन्त्री गुरुङको गतिविधिलाई प्रहरीमाथि राजनीतिक हस्तक्षेपको पुरानै शृंखलाका रूपमा अर्थ्याउँछन् । जेन-जी अगुवा माजिद अन्सारी विगतमा राज्य संयन्त्रको जथाभावी दुरुपयोग भयो भनेरै जेन-जी आन्दोलन भएको जनाउँदै भन्छन्, ‘अहिले पनि त्यस्ता प्रवृत्ति दोहोरिरहेकै छन् ।’ उनका अनुसार, प्रहरी प्रधानमन्त्री वा गृहमन्त्रीको मुडअनुसार नभई फौजदारी कार्यविधि संहिता र प्रहरी ऐनअनुसार चल्नुपर्छ । त्यसका लागि गृह प्रशासनले वातावरण बनाउनुपर्ने उनको भनाइ छ ।

गृह मन्त्रालयका अधिकारीहरू गुरुङजस्तो सक्रिय मन्त्रीसँग विगतमा काम नगरेको बताउँछन् । तर, जब कानुनी प्रक्रियाको कुरा आउँछ, त्यसबेला कठिनाइ देखिने उनीहरूको भनाइ छ । यद्यपि, सुरक्षा संगठनभित्रका तल्लो तहका प्रहरीको अवस्था, सरुवा-बढुवामा हुने चलखेल तथा संगठनात्मक सुधारबारे उनले खुलेर बोलेका कारण प्रहरी वृत्तमा केही अपेक्षा पनि छ । तर उनको अभिव्यक्ति व्यवहारमा कति रूपान्तरण हुन्छ भन्ने परीक्षण हुन अझै बाँकी नै छ ।

# शिक्षामा गति, दिशा अझै अस्पष्ट

एसईई र कक्षा १२ को नतिजा अपेक्षाकृत छिटो सार्वजनिक हुनु, पाठ्यक्रम पुनरावलोकनको प्रक्रिया अघि बढ्नु तथा केही नीतिगत सुधारमा पहल गर्नुलाई शिक्षामन्त्रीको उपलब्धिका रूपमा हेरिएको छ

**सुदीप कैनी** (काठमाडौं)

सरकारको पहिलो सय दिनमा शिक्षामन्त्री सस्मित पोखरेलले सुधारका केही प्रारम्भिक संकेत देखाएका छन् । उनको कार्यक्षमता परीक्षणको परीक्षा बन्यो यो समय । एसईई र कक्षा १२ को नतिजा अपेक्षाकृत छिटो सार्वजनिक हुनु, पाठ्यक्रम पुनरावलोकन प्रक्रिया अघि बढ्नु तथा केही नीतिगत सुधारमा पहल गरिनु केही उपलब्धिका रूपमा हेरिएको छ । तर विद्यालय तथा उच्च शिक्षासम्बन्धी कानुन, शिक्षक व्यवस्थापन, विश्वविद्यालय सुधार, संघीय समन्वय र समग्र शैक्षिक प्रणालीमा दीर्घकालीन संरचनागत एजेन्डामा अपेक्षित गति लिन नसकेको सरोकारवालाहरूको गुनासो छ ।

सरकारका प्रवक्तासमेत रहेका मन्त्री पोखरेलका केही निर्णय र अभिव्यक्ति विवादमा परे । कार्यक्षमतामाथि प्रश्न उठे । शिक्षा सुधारको मूल एजेन्डाभन्दा तत्काल राजनीतिक सन्देश दिने लोकप्रिय निर्णयमा मन्त्रालय बढी केन्द्रित भएको आलोचना भयो । उपलब्धिभन्दा बढी नेतृत्व क्षमता, निर्णय प्रक्रिया र शिक्षा सुधारप्रतिको दृष्टिकोणको परीक्षणका रूपमा विश्लेषण गर्न थालिएको छ ।

आगामी दिनमा लोकप्रिय घोषणाभन्दा प्रभावकारी कार्यान्वयन, पारदर्शी निर्णय प्रक्रिया र दीर्घकालीन सुधारका मूल मुद्दामा ध्यान दिन सरोकारवालाले सुझाव दिएका छन् । उनको कार्यकाल अहिले नै असफल वा सफल भन्नु हतारो हुनेछ तर उनको झुकाव भने गहिरो संरचनात्मक सुधारभन्दा छिटो देखिने परिणाममा केन्द्रित रहेको पाइन्छ ।

शिक्षा जस्तो संवेदनशील क्षेत्रमा गतिभन्दा दिशाले निर्णय गर्नुपर्ने शिक्षाविद्हरू बताउँछन् । १३ चैतमा मन्त्री नियुक्त ३१ वर्षे पोखरेलको पहिलो निर्णय नै विवादमा तानिएको थियो । त्यसपछि एकपछि अर्को अपरिपक्क र हचुवामा निर्णय गरेको भन्दै सरोकारवालाहरू आलोचना गर्छन् । छोटो समयमै सरोकारवालाले असन्तुष्टिहरू पोख्न थालेका छन् । यस अवधिमा विद्यार्थी सडकमा उत्रिए, उनको राजीनामासमेत माग गरे । बजेटमा केही आशालाग्दा कार्यक्रम, सकारात्मक योजना र प्रणालीगत सुधारको विषय, चाँडो नतिजा प्रकाशन, अटिजम भएका बालबालिकालाई प्रत्येक प्रदेशमा विद्यालय स्थापनाको घोषणालाई उनको तीनमहिने कार्यको उपलब्धिका रूपमा लिने गरिएको छ ।

शैक्षिक क्यालेन्डर र पाठ्यक्रम सुधारमा उनले प्रयास थालेका छन् । दलीय विद्यार्थी संगठन खारेज गर्ने, विश्वविद्यालय तथा शैक्षिक निकायका पदाधिकारीलाई पदमुक्त गर्ने निर्णयमा मन्त्री पोखरेलका समर्थकले प्रशंसा गर्दै आएका छन् । तर आमसरोकारवालाले यी विषयलाई ‘पपुलर हुन हचुवामा गरिएको निर्णय’ का रूपमा लिएका छन् । यसले आमरूपमा शैक्षिक प्रशासनमा अस्थिरता निम्त्याएको छ ।

विपक्षी, विद्यार्थी संगठनहरू र स्वतन्त्र विद्यार्थी युनियनमा निर्वाचित पदाधिकारीले सरकारको यी निर्णयको प्रतिवादसमेत गर्दै आएका छन् । सरकारको निर्णय कार्यान्वयनको विषय सर्वोच्च अदालतमा विचराधीन छ । विदेशी सम्बन्धनका कलेजलाई कानुनी दायरामा ल्याउने, शैक्षिक परामर्शदाता (कन्सल्टेन्सी) लाई नियमन गर्ने र शिक्षा नियमावली संशोधनको काम अघि बढेको उनको सचिवालयले जनाएको छ । सचिवालयका उपसचिव दिवाकर भुजेल सरकारको शासकीय सुधारमा तोकिएका धेरै काममा सफलता मिलेको बताउँछन् । कतिपय राम्रो काम टुंगो लाग्ने प्रक्रियामा रहेको उनले जनाए । एसईई र कक्षा १२ को नतिजा चाँडो प्रकाशन गर्दा लाखौं विद्यार्थीलाई सहज भएको उनको भनाइ छ । त्यसले विश्वविद्यालयको वार्षिक क्यालेन्डरमा समेत सुधार ल्याउने उनले जनाए ।



शिक्षामन्त्री सस्मित पोखरेल । तस्बिर : कान्तिपुर

शिक्षाविद् टीका भट्टराई शिक्षामन्त्रीले प्राथमिकता नपाउनुपर्ने झिनामसिना विषयमा हात हालेर विवादास्पद बनेको बताउँछन् । यस अवधिमा भएका गल्तीहरू छोपछाप गर्नुभन्दा पोखरेलले शिक्षामा गम्भीर चासो, सरोकार र ज्ञान आर्जन गरेका विज्ञ राजनीतिज्ञको छवि बनाउन धेरै मिहिनेत गर्नुपर्ने उनको टिप्पणी छ । मन्त्रालयका अधिकारीहरू पनि छलफल नगर्ने, सल्लाह, सुझाव नसुन्ने शिक्षामन्त्रीका रूपमा उनलाई चिनाउँछन् । ‘पहिले निर्णय हुनुअघि सरसल्लाह हुन्थ्यो, अहिले के निर्णय गर्ने पहिले निर्देशन आउँछ, त्यहीअनुसार निर्णय हुन्छ,’ एक अधिकारीले भने, ‘नियतमा शिक्षामन्त्री प्रस्ट देखिन्छन्, केही राम्रो गरौं भन्ने इच्छाशक्ति पनि देखिन्छ तर अहिलेसम्म हेर्दा काम गर्ने ढंग नपुगेको जस्तो लाग्छ ।’

२९ वैशाखमा सबैजसो विश्वविद्यालयका उपकुलपति, स्वायत्त शैक्षिक निकायहरूका पदाधिकारी पदमुक्त गरिए पनि डेढ महिनासम्म नयाँ नियुक्ति हुन सकेको छैन । पदाधिकारीविहीनताले शैक्षिक निकायहरूको सेवा प्रभावित छ । गैरकानुनी रूपमा पदमुक्तमा परेका पदाधिकारी, परीक्षा नियन्त्रक, वरिष्ठ प्राध्यापक, कर्मचारीलाई सार्वजनिक शैक्षिक निकायको जिम्मेवारी दिएको छ । ‘पूर्वाञ्चल विश्वविद्यालयमा पदमुक्त भएका उपकुलपतिलाई नै नियुक्ति दिइएको छ । काठमाडौं विश्वविद्यालयमा परीक्षा नियन्त्रकलाई उपकुलपति बनाइएको छ । संस्कृत, कृषि वन विश्वविद्यालयमा वरिष्ठ प्राध्यापकमध्येबाट उपकुलपतिको जिम्मेवारी दिइएको छ,’ शिक्षा मन्त्रालयका एक उपसचिवले भने, ‘कानुनअनुसार डिनबाहेक अरूलाई निमित्त उपकुलपतिको जिम्मेवारी दिन पाइँदैन । कानुनको उल्लंघन भएको छ ।’ विश्वविद्यालय ऐनमा डिनलाई मात्र निमित्त उपकुलपतिको जिम्मेवारी दिन सकिने व्यवस्था छ । गत मंसिरअघि नै रिक्त रहेको राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष नियुक्तिसमेत सरकारले अझै गर्न सकेको छैन । शिक्षामन्त्रीको सचिवालयले भने केही विश्वविद्यालयमा उपकुलपति नियुक्ति अन्तिम चरणमा पुगेको र रिक्त सबैजसो स्थानमा नियुक्तिको प्रक्रिया अघि बढाएको जनाएको छ ।

शिक्षामन्त्री पोखरेलले यो अवधिमा माध्यमिक शिक्षाको एकल अधिकार पाएको स्थानीय सरकारलाई विश्वासमा लिने, समन्वय र सहयोगमा काम गर्नेभन्दा पटक/पटक अविश्वास र द्वन्द्व बढाउने काम गरे । शैक्षिकसत्र सञ्चालन, विद्यार्थी भर्ना, छात्रवृत्ति, शुल्क निर्धारण, नियमन, आइतबारसहित सातामा दुई दिन सार्वजनिक बिदा लगायतका विषयमा स्थानीय सरकारको क्षेत्राधिकारमा शिक्षा मन्त्रालयले हस्तक्षेप गऱ्यो ।

शिक्षाविद् भट्टराई शिक्षामन्त्रीको निर्णयमा काठमाडौंका सीमितता झल्किने र दूरदुराजका विद्यालयलाई बिर्सने प्रवृत्ति रहेको औंल्याउँछन् । आइतबारे बिदा काठमाडौंमा लगायत सहरी क्षेत्रका लागि उपर्युक्त भए पनि बर्खे र हिउँदे बिदा धेरै चाहिने दूरदराजमा अनुपर्युक्त हुने भन्दै आलोचना हुँदै आएको छ । विद्यालय खुल्ने दिन र पाठ्यक्रम समायोजनको विषयलाई ख्याल नगरी हचुवा र हतारमा दुई दिन बिदाको निर्णय भएको भन्दै स्थानीय तहले असन्तुष्टि जनाउँदै आएका छन् । कतिपय स्थानीय तहले आइतबार विद्यालय सञ्चालन गर्ने निर्णयसमेत गरेका छन् । वैशाख पहिलो साताबाट सुरु हुने शैक्षिक सत्र दुई साता पछाडि सार्ने सरकारको निर्णयमा गाउँपालिका महासंघ र नगरपालिका संघले प्रतिवाद गरे । त्यसअघि नै भर्ना र पठनपाठन थाले । ‘पालिकाहरूसँग समन्वय नगरी आदेशहरू दिइरहँदा अनावश्यक द्वन्द्व निम्त्यायो,’ भट्टराईले भने ।

बढी शुल्क लिने विद्यालयलाई कारबाही गर्ने भनेर शिक्षामन्त्रीले घोषणा गरे । हेल्प डेस्क स्थापना गरेर त्यहाँ परेका ५ हजारभन्दा बढी उजुरीलाई भने किनारा लगाउन सकेनन् । निजी विद्यालयको दबाब बढ्न थालेपछि स्थानीय तहले हेर्ने विषय हुन् भन्दै उजुरी स्थानीय तहमा नै पठाएर पन्छिए । समन्वय र सहजीकरणसमेत नगरेको अभिभावकहरूको गुनासो छ । शिक्षाविद् भट्टराई बजेटमार्फत केही सकारात्मक योजनाहरू, प्रणालीगत सुधार र इकोसिस्टम विकास गर्ने आशावादी नीति अघि सारिएको बताउँछन् । त्यसको कार्यान्वयनमा ध्यान दिनुपर्ने उनको सुझाव छ ।

बजेटमार्फत नै निजी विद्यालयलाई लगाइने भनिएको ३ प्रतिशत करबारे मिश्रित प्रतिक्रिया पाइन्छ । उक्त कार्यक्रमले शिक्षामा झनै असमानता बढाउने, अभिभावकको शैक्षिक खर्च वृद्धि हुने भन्दै सरकारको आलोचना भएको छ । समग्रमा शिक्षामन्त्री ३ महिनासम्म झिनामसिना मुद्दामा अल्झिएकाले अपेक्षित आशाहरू गर्न नसकिएको शिक्षाविद् भट्टराईले बताए । ‘शिक्षामन्त्रीको कार्यक्षमतामा प्रश्न गर्न सक्ने प्रशस्त ठाउँ देखिएको छ । उनले भने यो प्रश्न उनकै दलभित्रैबाट पनि उठ्न भयो भने त्यसले अझै अनिश्चितता बढाउन सक्छ,’ उनले भने । शिक्षकको व्यवस्थापनसहितका विद्यालय, उच्च शिक्षा शिक्षा विधेयकलगायत प्रभावशाली र दूरगामी प्रभावका काममा शिक्षामन्त्रीले प्रयास अघि बढाउन नसकेको उनले जनाए ।

०२८ को पुरानो ऐन बदल्नेभन्दा पनि शिक्षा मन्त्रालय शिक्षा नियमावली २०५९ लाई दसौं संशोधन गर्ने काममा जुटेको छ । नियमावली संशोधनका लागि अर्थ र कानुन मन्त्रालयसँग सहमति माग्ने काम भइरहेको छ । २०५९ देखि कानुनविहीन रूपमा चलेका विदेशी विश्वविद्यालयको सम्बन्धनका कलेजहरूलाई नियमावलीबाट बाँध्ने काम पनि अघि बढेको शिक्षामन्त्रीको सचिवालयले जनाएको छ । १० जेठमा आफ्नै निर्वाचन क्षेत्र काठमाडौं-५ मा सांसदका हैसियतले सार्वजनिक सुनुवाइ गर्दै पोखरेलले विदेशी कलेजहरू बारे धेरै गुनासो प्राप्त भएकाले नियमावलीबाट नियमन गर्न लागिएको बताएका थिए । अहिलेसम्म कलेजहरू निर्देशिकामार्फत सञ्चालित थिए । यद्यपि विदेशी कलेजहरूलाई उच्च शिक्षा ऐनभित्रै समेट्नुपर्ने र मन्त्रालयले नभई विश्वविद्यालय अनुदान आयोगमार्फत कलेजहरू सञ्चालन हुनुपर्ने शिक्षाविद्हरूको मत छ । मन्त्रालयका अनुसार शैक्षिक परामर्शता (कन्सल्टेन्सी) लाई पनि कानुनी दायराभित्र ल्याउने काम भइरहेको छ ।

जेन-जी अभियन्ता मोनिका निरौला शिक्षामन्त्री पोखरेलले केही उल्लेखनीय काम थालनी गरे पनि समग्रमा उनको कार्यशैली सन्तोषजनक नभएको टिप्पणी गर्छिन् । ‘उनको क्षमता नै कमजोर हो कि नियत नै त्यस्तै हो बिस्तारै खुल्दै जाला । सरकारको प्रवक्ता र शिक्षामन्त्रीका हैसियतमा अपरिपक्व जस्तो लाग्छ । सरकारको बचाउ गर्न ढाकछोप गर्नुपर्ने, ढाँट्नुपर्ने रबैयासम्म देखियो ।’

सुकुमवासी बस्तीबाट विस्थापित बालबालिकाको शिक्षा सुनिश्चित गर्न शिक्षामन्त्रीले नसकेको उनले जनाइन् । ‘सुकुमवासी बस्तीबाट विस्थापित धेरै बालबालिका भर्ना हुन सकेका छैनन् । शिक्षामन्त्रीले गम्भीर चासो र कदम चालेको देखिएन । बालबालिकाको भविष्यलाई सरकारबाटै अन्धकारमा धकेल्ने काम भयो,’ जेन-जी अभियन्ता निरौलाले भनिन् ।

अटिजम भएका बालबालिकालाई सबै प्रदेशमा विद्यालय खोल्ने निर्णय भने प्रशंसायोग्य रहेको उनले जनाइन् । ‘बजेटमा पनि त्यो कुरा आएको छ । अब कार्यान्वयन कसरी हुन्छ । त्यसमा ध्यान दिनुपर्छ,’ निरौलाले थपिन्, ‘एसईई र कक्षा १२ को महिनौं कुर्नुपर्ने नतिजा चाँडो निकालेर पनि साह्रै राम्रो काम शिक्षामन्त्रीले गरे ।’

सरकारका १०० दिन

# सय दिन नपुग्दै विपक्षीका प्रश्नै–प्रश्न

सरकार गठनको सय दिनलाई 'हनिमुन अवधि' मानेर 'शंकाको लाभ' दिने परम्परा छ, वालेन्द्र शाह नेतृत्वको सरकार भने गठन भएको सय दिन नपुग्दै विपक्षी दलहरू आलोचनामा उत्रिए, उनीहरूले मोर्चाबन्दी गर्दै सदन नै पटक-पटक अवरोध गर्दै आएका छन्



लोकतान्त्रिक प्रक्रियाविरुद्ध सरकार चल्दा विपक्षीहरूले बाध्य भएर विरोध गर्नुपरे पनि कानुन निर्माण र बजेट पारित गर्न अवरोध भएको छैन

● अर्जुननरसिंह केसी
कांग्रेस सांसद



सरकार सुरुवातदेखि प्रतिशोधमा उत्रिएकाले सय दिन कुर्ने अवस्था भएन, सरकारको व्यवहारकै कारण विपक्षी दल विरोधमा उत्रिनुपरेको हो

● ऐनबहादुर महर
प्रमुख सचेतक, एमाले



गलत कामको विरोध गरे पनि सरकारलाई राम्रा काम गर्न विपक्षी दलहरूबाट रोकिएको छैन, सरकारले लय समात्ला भन्ने आशा रहेन

● युवराज दुलाल
प्रमुख सचेतक, नेकपा



सरकार सुरुदेखि नै ट्र्याकमा हिँडेन, निमुखा नागरिकमाथि हमलामा उत्रियो, त्यसैले खबरदारी गरेका हौं, खबरदारी नजिकको मान्छेले नै गर्ने हो

● आरेन राई
प्रमुख सचेतक, श्रम संस्कृति पार्टी



सरकारमा गणितीय दम्भ देखियो, सरकारका कामकारबाहीलाई गुण र दोषका आधारमा समर्थन वा विरोध गर्ने राप्रपाको नीति कायम छ

● मोहन श्रेष्ठ
प्रवक्ता, राप्रपा

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

संसदीय लोकतन्त्रमा सरकार गठनको सय दिनलाई 'हनिमुन अवधि' मान्ने गरिन्छ । यस अवधिमा विपक्षीले समेत चर्को आलोचना नगर्ने र काममा 'शंकाको लाभ' दिने अभ्यास छ । विगतमा अधिकांश सरकारप्रति यस्तै संस्कार थियो । रास्वपाका वालेन्द्र शाह नेतृत्वको सरकारका हकमा भने सय दिन नपुग्दै विपक्षी दलहरूको विरोध सुरु भयो । उनीहरूबाट यसबीचमा सदन अवरोध गर्नेदेखि मोर्चाबन्दीसम्मका कार्य भए ।

प्रतिनिधिसभामा ६ राजनीतिक दलको प्रतिनिधित्व छ । अपार जनसमर्थनसाथ रास्वपाले सरकारको नेतृत्व गरिरहेको छ, कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति पार्टी र राप्रपा विपक्षी बेन्चमा छन् । श्रम संस्कृति पार्टीबाहेकका चार विपक्षी दल संसदीय मुद्दामा मोर्चा बनाएरै अघि बढ्दै आएका छन् । मोर्चामा नरहे पनि श्रम संस्कृति पार्टीले सरकारको सबैभन्दा चर्को विरोध गरिरहेको छ ।

१९ चैतमा बसेको संसद्को पहिलो बैठकमै एमाले संसदीय दलका नेता रामबहादुर थापाले सरकार र सरकारको नेतृत्व गरेको रास्वपामाथि गम्भीर खालका आरोप लगाएका थिए । रास्वपाको चुनावी विजयीमा टीओबी, एआई, अल्गोरिदम, गोयबल्स जस्ता माध्यम प्रयोग गरी राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, संघीयता तथा शान्तिका पक्षधरलाई खलनायक र हिंसात्मक गतिविधिमा संलग्न व्यक्तिलाई महानायक बनाइएको आरोप उनले लगाएका थिए । उनले यसमा दृश्य र अदृश्य शक्तिको भूमिकासमेत रहेको आरोप लगाउँदै सरकारप्रति 'असहिष्णु' व्यवहार प्रदर्शन गरेका थिए ।

संसदीय अभ्यासका अनुभवी कांग्रेस सांसद अर्जुननरसिंह केसी लोकतान्त्रिक प्रक्रियाविरुद्ध सरकार चल्दा विपक्षीहरूले बाध्य भएर विरोध गर्नुपरे पनि कानुन निर्माण र बजेट पारित गर्न अवरोध नभएको बताउँछन् ।

दुईतिहाइ नजिकको शक्ति पाएको सरकारले सय दिनमा नयाँ दिशाको भरोसा दिन नसकेको उनको टिप्पणी छ । सरकारले संसदीय परम्परा र अभ्यासलाई उपेक्षा गर्ने, जनभावना स्वीकार नगर्ने र लोकतान्त्रिक प्रक्रिया र पद्धतिलाई मिच्ने काम गरेकाले सरकारको प्रतिबद्धता र व्यवहारमा आशंका उत्पन्न भएको पनि उनी बताउँछन् ।

रास्वपा सरकार गठन भएकै दिन गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय लिएर ठूलो राजनीतिक तरंग पैदा गरिएको थियो । प्रतिवेदन कार्यान्वयनका क्रममा भोलिपल्ट बिहानै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरियो । सरकारका समर्थकले यसलाई कानुनी शासन स्थापना र दण्डहीनताको अन्त्यतर्फको कदमका रूपमा व्याख्या गरे । तर विपक्षी दलहरूले राजनीतिक प्रतिशोधको सुरुआत भन्दै सरकारप्रति संशय प्रकट गरे ।

यस घटनामा एमाले सबैभन्दा बढी आक्रोशित बन्यो । विशेष महाधिवेशनबाट आएको गगन थापा नेतृत्वको कांग्रेसले भने सुशासन कायम गर्ने दिशामा सरकारलाई शंकाको लाभ दिने मनसाय देखायो ।

एमाले संसदीय दलका प्रमुख सचेतक ऐनबहादुर महर विपक्षी नभएर सरकार नै सुरुवातदेखि प्रतिशोधमा उत्रिएकाले विपक्षीहरू सय दिन कुर्ने अवस्थामा नभएको बताउँछन् । सरकारको व्यवहारकै कारण सुरुदेखि नै विपक्षी दल विरोधमा उत्रिनुपरेको उनको तर्क छ ।

'१३ चैतमा प्रधानमन्त्री र मन्त्रीहरूको शपथ हुने, त्यही दिन बेलुका हाम्रो अध्यक्षलाई आधार र प्रमाणबिना समातेपछि हामी यो सरकारले राम्रो गर्ला भनी पूजा गरेर बस्न सकिन्छ ? एक्सन सरकारले गर्‍यो, हामीले प्रतिक्रिया दिएको हो,' महर भन्छन्, 'समग्रमा सरकार ट्र्याकमा छैन । टाउकोले टेकेर हिँडिरहेको छ । जनताको विश्वास र भरोसालाई टुटाएको छ । लोकतन्त्रलाई पनि कमजोर बनाएको छ ।'

सरकारले आह्वान भइसकेको संसद् अधिवेशन स्थगन गर्न लगाएर आठ अध्यादेश ल्यायो, जुन ठूलो विवादको विषय बन्यो । संसद् छल्दै अध्यादेशमार्फत शासन चलाउन खोजिएको आरोप विपक्षी दलले लगाए । संवैधानिक परिषद्सम्बन्धी अध्यादेशलाई लिएर सबैभन्दा तीव्र विवाद भयो । अध्यादेशबाट परिषद्को गणपूरक संख्या र निर्णय प्रक्रियामा परिवर्तन गरिएको थियो । अध्यादेश जारी भएलगत्तै परिषद् बैठक बसेर वरिष्ठताको परम्परा मिच्दै प्रधानन्यायाधीश सिफारिस गरिएको थियो । प्रधानन्यायाधीश सिफारिस गर्ने संवैधानिक परिषद् बैठकमा प्रमुख प्रतिपक्ष दलका नेता भीष्म आङ्देम्बेले सातबुँदे असहमति लिखित रूपमै राखेका थिए ।

राष्ट्रिय सभामा विपक्षीहरूले आठ वटै अध्यादेश अस्वीकृत गर्ने प्रस्ताव दर्ता गरे । सरकारसँगको राजनीतिक छलफलपछि संवैधानिक परिषद्सहित चार अध्यादेश अघि नबढाउने र बाँकी चार अध्यादेश अघि बढाउने सहमति बन्यो ।

संसदीय अभ्यासकै सन्दर्भमा पनि सरकार निरन्तर आलोचित बन्दै आयो । राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेका बेला प्रधानमन्त्री वालेन्द्र शाह संसद्बाट बाहिरिएको घटनाले विपक्षी मात्र होइन, सत्तापक्षभित्र पनि असहजता सिर्जना गरायो । विपक्षीले यसलाई संसद्प्रतिको अनादर र संसदीय परम्परामाथिको प्रहारका रूपमा व्याख्या गरे । त्यसपछि नीति तथा कार्यक्रममाथिको छलफलमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिन प्रधानमन्त्री उपस्थित हुनुपर्ने माग उनीहरूले उठाए । प्रधानमन्त्री शाह एक्कासि १७ जेठमा उपस्थित भए र सांसदका प्रश्नको जवाफ दिन थाले तर त्यसले फेरि अर्को विवादको जन्म गरायो ।

संसद्को रोस्ट्रमबाटै जवाफ दिने क्रममा प्रधानमन्त्री शाहले भारतले मात्रै नभएर नेपालले पनि भारतको भूमि मिचेको छ भन्ने अभिव्यक्ति दिएर गम्भीर विवादमा तानिए । सरकार र विपक्षीबीचको सबैभन्दा ठूलो राजनीतिक टकराव सीमासम्बन्धी यही अभिव्यक्तिलाई लिएर भयो । कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति पार्टी र राप्रपाले प्रधानमन्त्रीको अभिव्यक्तिले नेपालको स्थापित राष्ट्रिय अडान कमजोर बनाएको आरोप लगाए । प्रधानमन्त्रीले स्पष्टीकरण दिनुपर्ने माग गर्दै संसद् अवरोधसमेत भयो ।

त्यसअघि चीन र भारतलाई सरकारले पठाएको कूटनीतिक नोटको भने विपक्षीहरूले स्वागत गरेका थिए । नेपालको सहमतिबेगर भारत र चीन मिलेर नेपाली भूमि लिपुलेक हुँदै कैलाश मानसरोवर व्यापारिक मार्ग सञ्चालनमा ल्याइएको विषयमा सरकारले दुवै देशलाई कूटनीतिक नोट पठाएको थियो ।

नेपालले भारतको सीमा मिचेको भन्ने अभिव्यक्तिका विषयमा प्रस्टीकरण दिनुपर्ने विपक्षी दलहरूको मागलाई प्रधानमन्त्री शाहले गम्भीरतापूर्वक लिएनन् । संसद्मा उपस्थित पनि भएनन् । 'संसदीय व्यवस्थामा शक्तिको स्रोत संसद् हो । सरकार निर्माणकर्ता पनि संसद् हो । संसद्को शक्ति जनता हुन् । यति महत्त्वपूर्ण संस्थालाई निरन्तर उपेक्षा गर्ने प्रवृत्तिले सरकार निरंकुश बाटोमा जान खोजेको विपक्षीलाई गम्भीर आशंका भएको छ,' कांग्रेस सांसद केसीले भने, 'प्रधानमन्त्रीले संसद्लाई बारम्बार उपेक्षा गरेपछि, अभिव्यक्ति सच्याउन तयार नभएपछि विपक्षीले बाध्य भएर विरोध गर्नुपरेको हो । सरकारलाई अप्ठ्यारो पार्ने नै नियत थियो भने राष्ट्रिय सभाबाट सरकारका नीति तथा कार्यक्रम र बजेट पारित नै हुने थिएनन् ।'

प्रतिनिधिसभा नियमावली २०८३ को मस्यौदामा परेका संशोधनहरू संसदीय समितिमा नपठाई प्रत्यक्ष निर्णयार्थ प्रस्तुत गर्न खोजिएको विषयमा पनि विपक्षीले कडा आपत्ति जनाए । त्यस सवालमा सभामुखको कार्यशैलीलाई लिएर विपक्षी दलले संसद्मा अवरोध गरे । संसद् सञ्चालनका प्रक्रियागत विषयमा समेत सरकार र विपक्षीबीच विश्वासको वातावरण बन्न सकेन ।

नेकपा संसदीय दलका प्रमुख सचेतक युवराज दुलाल गलत कामको विरोध गरे पनि सरकारलाई काम गर्न भने विपक्षीहरूले नरोकेको बताउँछन् । पुरानालाई विस्थापन गरेर आएको नयाँ र युवाको सरकारले सय दिनमा चामत्कारिक काम गर्न नसके पनि लय समात्ला भन्ने आशा अब नरहेको उनले बताए ।

'विधि र कानुनको शासन के हो भन्नेबारेमा नै सरकारले जानेन भन्ने लाग्छ । कामको प्राथमिकता पनि छुट्याउन सकेन,' उनी भन्छन्, 'आम जनताको समस्याप्रति सरकार संवेदनशील देखिएन । लोकप्रिय नारा मात्रै बाँडियो । घरघरमा पासपोर्ट पुर्‍याउने, ड्राइभर लाइसेन्स पुर्‍याउने कुरा गरियो । तर महँगीबाट जनतालाई राहत दिने, समयमा किसानलाई मल पुर्‍याउने र बाँदर आतंक नियन्त्रण गर्ने जस्ता समस्याप्रति सरकार अनदेखा गर्दै आयो ।'

नदी किनार तथा सार्वजनिक जग्गामा रहेका सुकुमवासी बस्ती हटाउने अभियानलाई लिएर पनि सरकारको तीव्र विरोध भयो । सरकारले यसलाई अतिक्रमण हटाउने दीर्घकालीन व्यवस्थापनको प्रक्रिया भन्दै आयो । विपक्षी दलले वैकल्पिक आवास सुनिश्चित नगरी गरिब र भूमिहीन नागरिकमाथि राज्यले बल प्रयोग गरेको आरोप लगाए । राज्यले कमजोर वर्गमाथि बल प्रयोग गरेको भन्दै संसद्बाहिर समेत सरकारको आलोचना भयो ।

सीमा नाकामा एक सय रुपैयाँभन्दा बढी मूल्यका घरायसी तथा व्यक्तिगत प्रयोजनका सामानमा अनिवार्य भन्सार शुल्क लगाउने निर्णयले पनि विपक्षीलाई सरकारको आलोचना गर्ने अर्को आधार दियो । सीमावर्ती जिल्लाका नागरिकलाई प्रत्यक्ष असर पार्ने निर्णय लिइएको भन्दै कांग्रेस, एमाले लगायतका दलहरूले पुनर्विचारको माग उठाए । सरकार भने राजस्व चुहावट नियन्त्रण र व्यवस्थित भन्सार प्रणाली आवश्यक रहेको तर्कमा अडिग रहँदै आएको छ ।

सरकारले सार्वजनिक गरेको शासकीय सुधारका एक सय कार्यसूचीमा उल्लेख गरिएका प्रशासनिक सुधार, सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण र सरकारी संरचनाको पुनःसंरचना लगायतका क्षेत्रमा काम गर्ने प्रतिबद्धतालाई विपक्षी दलहरूले सुरुमा सकारात्मक भनेका थिए । तर कार्यान्वयनका क्रममा सरकारले गरेका निर्णयले विवाद जन्माउँदै गएको कांग्रेस संसदीय दल नेता आङ्देम्बे बताउँछन् ।

संसद्को पहिलो बैठकमा नै आङ्देम्बेले विगत ७५ वर्षमा कुनै पनि प्रधानमन्त्रीले लगातार पाँच वर्ष शासन गर्न नसकेको स्मरण गराउँदै प्रधानमन्त्री शाहलाई पूरा कार्यकाल सफलतापूर्वक काम गर्न शुभकामना दिएका थिए । उनले खबरदारी पनि गरेका थिए । 'संविधानविपरीत कुनै कदम चालिए वा जनअपेक्षाविपरीत काम भए कांग्रेस सरकारको कडा विरोध गर्छ,' उनले त्यतिबेला भनेका थिए ।

सरकारको सय दिनको मधुमास नसकिँदै विरोध गर्ने ठाउँमा आङ्देम्बे आइपुगे । २७ जेठको प्रतिनिधिसभा बैठकमा उनले सरकार र प्रधानमन्त्री शाहविरुद्ध कडा आक्रोश पोखे । संसदीय प्रणाली र लोकतान्त्रिक प्रक्रियाप्रति आशंका जन्माउँदै उनले सरकारको कार्यशैलीको विरोध गरेका थिए ।

कांग्रेस संसदीय दल नेता आङ्देम्बेले प्रतिबद्धता जनाएअनुसार सरकारले के कति काम गर्न सक्यो, के गर्न सकेन भन्नेबारेमा पार्टीबाट औपचारिक धारणा ल्याइने बताए । 'सरकारको सय दिनबारे मन्त्रालयगत अध्ययन गर्ने हाम्रा साथीहरूसँग बसेर छलफल गरिरहेका छौं,' उनले भने । कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले सरकारको सय दिनबारे आइतबार पार्टी केन्द्रीय कार्यालयमा समीक्षा हुने बताए ।

एमाले प्रमुख सचेतक महर सरकारको कामलाई सयमा दस नम्बरभन्दा बढी दिन नसकिने बताउँछन् । 'अपार जनमतसाथ बनेको सरकारमाथि सुशासन, विकास निर्माण, रोजगारी, शिक्षा र स्वास्थ्यका सन्दर्भमा आमूल परिवर्तन होला भन्ने अपेक्षा थियो, त्यहीअनुसार बजेट आउँछ भन्ने थियो,' उनले भने, 'तर ठीक उल्टो भयो । अराजक, स्वेच्छाचारी र निरंकुश शैलीमा सरकार हिँड्यो । प्रधानमन्त्री संसद्प्रति अनुत्तरदायी भएको देखियो । संसद्प्रति अनुत्तरदायी हुनु भनेको जनता र देशप्रतिको अनुत्तरदायी हो । यो एकदमै आपत्तिजनक छ ।'

श्रम संस्कृति पार्टीका प्रमुख सचेतक आरेन राई आफूहरूले सरकारको विरोध नभई खबरदारी गरेको बताउँछन् । 'सरकार सुरुदेखि नै ट्र्याकमा हिँडेन । सुशासन र समृद्धिको मुद्दा छाडेर सुकुम्बासी र निमुखा नागरिकमाथि हमलामा उत्रियो । त्यसैले हामीले खबरदारी गरेका हौं । खबरदारी नजिकको मान्छेले नै गर्ने हो । सरकार सफल होस् भनेर खबरदारी गरिएको हो,' उनी भन्छन्, 'सरकारले सय दिनमा उल्लेखनीय काम गर्न सकेको छैन । अब दायाँबायाँ नगरी पूर्वप्रतिबद्धताअनुसार सरकार अघि बढोस् भन्ने शुभकामना छ ।'

राप्रपा प्रवक्ता मोहन श्रेष्ठले सरकार गठनका बेला देखिएको उत्साहअनुसार कार्यसम्पादन हुन नसकेको बताउँछन् । 'सुशासन, कूटनीति, जनजीविका र सार्वजनिक सेवा प्रवाहलगायत अधिकांश क्षेत्रमा अपेक्षित उपलब्धि हासिल भएको देखिँदैन,' उनले भने, 'सुशासनका क्षेत्रमा केही नयाँ कामको थालनी गर्न खोजिएको देखिए पनि त्यसलाई व्यक्ति-केन्द्रित र प्रतिशोधपूर्ण ढंगले अघि बढाउँदा आम जनताको अपेक्षाअनुसार परिणाम आउन सकेन । कूटनीतिक मामिलामा पनि सरकारको अपरिपक्वता देखियो ।'

श्रेष्ठले प्रमुख प्रतिपक्षी दलहरूसँग संवाद, राष्ट्रिय सहमति र विश्वासको वातावरण निर्माण गर्न सरकार असफल भएको आरोप लगाए । सरकारमा गणितीय दम्भ देखिएको उल्लेख गर्दै उनले देशलाई सही दिशामा अघि बढाउन सबै राजनीतिक शक्तिलाई विश्वासमा लिएर अघि बढ्नुपर्ने धारणा राखे । राप्रपाले सरकारका कामकारबाहीलाई गुण र दोषका आधारमा समर्थन वा विरोध गर्ने नीति कायम राखेको पनि उनले बताए ।

संसद्बाहिर रहेका दलहरू पनि सरकारले अलमलमै सय दिन बिताएको बताउँछन् । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव सुशासन र विकासको सपना देखाएर आएको सरकार विषयान्तर भइरहेको टिप्पणी गर्छन् ।

रास्वपाले चितवन महाधिवेशनमा अघि सारेको प्रदेशसभा खारेजी गर्ने प्रस्तावले गम्भीर बनाएको उनको भनाइ छ । 'सुशासनतर्फको प्रयासलाई केही सकारात्मक रूपमा लिनुपर्छ । तर नयाँ र युवा भएकाले राज्य सञ्चालनमा अनुभव लिइरहेको जस्तो देखिएको छ । तर प्रदेशसभा खारेज गर्ने, ट्रेड युनियन खारेज गर्ने, विद्यार्थी संगठनलाई प्रतिबन्ध लगाउने जस्ता विषयले प्रश्न उठाइरहेका छन्,' यादव भन्छन्, 'यसले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको भावनामा चोट पुर्‍याएको छ ।'

प्रदेशसभा खारेजी गर्ने विषय अघि बढाएर नयाँ द्वन्द्व ल्याउनतर्फ नलाग्न यादव सरकारलाई सुझाव दिन्छन् । 'संघीय लोकतान्त्रिक गणतन्त्र कुनै आकस्मिक घटनाबाट आएको होइन । लामो बलिदान र त्यागबाट आएको हो । यसमा केही त्रुटि छन् भने सुधार गरिनुपर्छ । तर, मूल उपलब्धिमाथि हमला गरिनुहुन्न,' उनी भन्छन्, 'संघीयता, लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, जनतामा निहित सार्वभौमसत्ता संविधानका मूलभूत विशेषता हुन् । यिनलाई चलाउने गल्ती गरिनुहुन्न ।'



प्रतिनिधिसभा बैठकमा प्रतिपक्षी दलले गरेको विरोध । फाइल तस्बिर : अंगद ढकाल/कान्तिपुर


वर्गीकृत डिस्प्ले

## आवश्यकता

एक प्रतिष्ठित सहकारी संस्था काठमाडौं टेकुको लागि विभिन्न पदका कर्मचारी आवश्यकता भएकोले इच्छुक उम्मेदवारहरुले सम्पर्क गर्नुहोला ।

| पद | संख्या | तलब |
|---|---|---|
| मार्केटिङ्ग सुपरभाइजर | २ | २५,००० |
| रिसेप्सनिष्ट | २ | २५,००० |
| मार्केटिङ्ग | ५ | १५,००० |

Please mail your CV @ vacancyteku@gmail.com

सम्पर्क: ०१-५३६६३४७, ५३६६३४८

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने

श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*


घर बिक्रिमा


गाडि बिक्रिमा



जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।


KMG
KANTIPUR MEDIA GROUP
XTREME ENERGY DRINK
PRESENTS
Radio Kantipur
National MUSIC awards 2082
POWERED BY
PROTON e.MAS
CO- POWERED BY
Hulas Steel
Kajaria YOUR WORLDCLASS LUXURY
MEET YOUR HOST FOR THE
XTREME PRESENTS RADIO KANTIPUR NATIONAL MUSIC AWARD 2082
PRIYANKA PRASAI
SANJOK BASYAL
MAHESH LIMBU
PRAJWAL KHADKA
SMITA RANA
MAHIMA BHATTARAI
PERFORMING ARTIST
JOHN & दि लोकल्स
DEEPAK BAJRACHARYA & THE RHYTHM BAND
UJAN SHAKYA
MANTRA BAND
VZN
SAMRIDDHI RAI
SHIVA PARIYAR
YAMAN SHRESTHA
SALINA B.K
KARMA SINGH LAMA
PRABHAT LAMA
SCAN QR CODE WITH ESEWA APP FOR TICKETS
TICKETS ARE NOW LIVE
10TH JULY 2026
A NIGHT OF MUSIC. A NIGHT OF GLORY.
EARLY BIRD TICKET: RS 1500
FOR MORE INFO: kantipurevents.com +977 980-1016850
Digital Partner
eSewa
Celebration Partners
KFC
Reliable Life INSURANCE LTD.
Adhesive Partner
RATHICOL
Study Abroad Partner
Ved
AI- Powered Lifestyle Partner
LG AI TV
Life Insurance Partner
SANIMA RELIANCE LIFE INSURANCE
Venue & Hospitality Partner
The PLAZA
Partners
DAV COLLEGE
YETI CARPET

सरकारका १०० दिन

# पूरा भएनन् महिला सुरक्षाका प्रतिबद्धता

## जलनपीडितका लागि सहुलियत उपचारको व्यवस्था अझै प्रभावकारी बनेन, ब्लु बस सेवा सञ्चालनमा आउन बाँकी, सार्वजनिक सवारीमा सीसीटीभी जडानको योजना पनि अधुरै

प्रकृति दाहाल (काठमाडौं)

सरकारले महिला सुरक्षा, जलन उपचार र सुरक्षित सार्वजनिक यातायातलाई प्राथमिकतामा राखेर सय दिनभित्र पूरा गर्ने लक्ष्यसहित सार्वजनिक गरेका सहुलियत उपचार, ब्लु बस सेवा लगायतका अधिकांश प्रतिबद्धता अधुरै रहेका छन्। सरकारले सार्वजनिक गरेका प्रतिबद्धतामध्ये जलनपीडितका लागि सहुलियत उपचारको व्यवस्था अझै प्रभावकारी बन्न सकेको छैन भने महिलाहरूकै लागि सञ्चालन गर्ने भनिएको ब्लु बस सेवा सञ्चालनमा आउन बाँकी छ। त्यस्तै सार्वजनिक सवारीमा सीसीटीभी जडान गर्ने योजना पनि पूर्णरूपमा कार्यान्वयन हुन बाँकी छ।

सरकारले ३० दिनभित्र अधिकांश प्रदेशस्तरीय अस्पतालमा बर्न वार्ड स्थापना प्रक्रिया सुरु गर्ने, जलनपीडितलाई सहुलियत दरमा उपचारको व्यवस्था गर्ने तथा उपचार सेवाको पहुँच विस्तार गर्ने घोषणा गरेको थियो। प्रदेशस्तरमा सुविधासम्पन्न अस्पतालको अभावका कारण जलनबाट हुने मृत्यु, अपांगता तथा दीर्घकालीन पुनःस्थापनाको समस्या बढ्दै गएको भन्दै सरकारले उक्त योजना अघि सारेको थियो। तर, एक सय दिन बितिसक्दा पनि घोषणाअनुसार अधिकांश अस्पतालमा बर्न वार्ड स्थापना हुन सकेको छैन।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता समीरकुमार अधिकारीका अनुसार हाल देशभर १४ वटा अस्पतालमा बर्न युनिट र थप ४ वटा अस्पतालमा बर्न बेड सञ्चालनमा छन्। जलन उपचारसम्बन्धी जनशक्ति उत्पादनका लागि तालिम विस्तारलाई तीव्रता दिइएको उनले बताए। तर पीडितहरू भने सरकारी व्यवस्था पर्याप्त नभएको बताउँछन्। एसिड तथा जलनपीडित बिन्दबासिनी कंसाकारका अनुसार जलन पीडितले अझै पनि उपचारमा ठूलो आर्थिक भार व्यहोर्नुपरेको छ। 'जलनपीडितले शारीरिक मात्र होइन, मानसिक पीडा पनि वर्षौंसम्म सहनुपर्छ। लामो समयसम्म उपचार र पुनःस्थापनामा ठूलो खर्च लाग्छ, त्यसैले पीडितको उपचार राज्यको दायित्वका रूपमा लिनुपर्छ,' कंसाकारले भनिन्। उनले जलनपीडितको उपचार, पुनःस्थापना, क्षतिपूर्ति तथा दीर्घकालीन जीवनयापन सुनिश्चित गर्न छुट्टै कानुनी व्यवस्था र स्थायी कोष आवश्यक रहेको बताइन्।

सरकारले महिलाको सुरक्षित आवागमन सुनिश्चित गर्न सातै प्रदेशमा निःशुल्क 'ब्लु बस' सेवा सञ्चालन गर्ने घोषणा गरेको थियो। पहिलो चरणमा १ सय दिनभित्र कम्तीमा २५ वटा बस सञ्चालनमा ल्याउने लक्ष्य राखिएको थियो। त्यस्तै अर्थमन्त्री स्वर्णिम वाग्लेले पनि आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यमा महिलाका लागि सीसी क्यामेरासहितको ब्लु बस सेवा सञ्चालन गर्ने घोषणा गरेका थिए। ब्लु बस सञ्चालनका लागि सरकारले यातायात व्यवस्था विभाग र साझा यातायातलाई जिम्मा दिएको थियो।

साझा यातायातका कार्यकारी निर्देशक भूपेन्द्र अर्यालका अनुसार सेवा सञ्चालनका लागि कार्यविधि तयार भइसकेको र साउन महिनादेखि प्रक्रिया अघि बढाइने तयारी छ। सरकारले १ सय दिनमा २५ वटा बस सञ्चालनमा ल्याउने घोषणा गरे पनि प्राविधिक र व्यावहारिक अध्ययनमा समय लागेको बताए। 'सरकारले महिलाका लागि मात्रै बस सञ्चालन गर्ने नयाँ योजना थियो, त्यसका लागि कार्यविधि मोडालिटी तयार गर्न समय लागेको हो, अब अन्तिम चरणमा पुगेको छ, साउनदेखि सञ्चालनमा आउँछ,' उनले भने, 'कार्यविधि तयार भइसकेको छ। रुट पनि फिक्स छ। बजेटको व्यवस्था पनि भइसकेको छ, अब अर्थ मन्त्रालयबाट अन्तिम स्वीकृति प्राप्त भएपछि सेवा सञ्चालनमा ल्याउने तयारी गरेका छौं।' अर्यालका अनुसार साउनदेखि पहिलो चरणमा काठमाडौं उपत्यकामा आठ वटा ब्लु बस सञ्चालन गर्ने योजना छ। सुरुमा नागढुंगा-त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल रुटमा दुई वटा बस सञ्चालन गर्ने र अर्को रुट लगनखेल-बुढानीलकण्ठ तथा रिङरोड क्षेत्रमा थप बस सञ्चालनमा आउने र बाँकी बसको व्यवस्थापन पनि पूरा भइसकेको उनले बताए।



महिला तथा बालबालिकामन्त्री सीता बादी। तस्बिर : कान्तिपुर

साझा यातायातका कार्यकारी निर्देशक अर्यालका अनुसार महिलालाई निःशुल्क सेवा दिने सरकारी नीतिको कार्यान्वयनका क्रममा केही व्यावहारिक विषयमा अझै छलफल भइरहेको छ। उनले भने, 'यदि कुनै वृद्ध महिला आफ्ना छोरा वा नातिसँग यात्रा गरिरहनुभएको छ भने उनीहरूलाई पनि चढ्न दिने कि नदिने भन्ने विषयमा स्पष्ट नीति बनाइरहेका छौं।' यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष सरोज सिटौलाले सरकारले अघि सारेको ब्लु बस योजनामा व्यावहारिक कठिनाइ रहेकाले कार्यान्वयन गर्न नसक्ने बताए। उनले सरकारले पपुलारिटीका लागि यो योजना ल्याएकाले कार्यान्वयन गर्न व्यावहारिक कठिनाइ रहेको बताए। उनले भने, 'सरकारले तत्काल परीक्षणका लागि सञ्चालनमा ल्याए पनि यसको दिगोपन हुँदैन।'

सार्वजनिक यातायातमा हुने लैंगिक हिंसा रोक्न सरकारले ३० दिनभित्र सवारीसाधनमा सीसीटीभी, ड्यासक्याम तथा राइड सेयरिङ एपमा एसओएस बटन अनिवार्य गर्ने योजना सार्वजनिक गरिएको भए तापनि सार्वजनिक यातायातमा सीसीटीभी जडान गर्ने घोषणा गरे पनि लक्ष्यअनुसार काम हुन सकेको छैन। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार हालसम्म ३ हजार ३ सय ३ सार्वजनिक सवारीसाधनमा मात्रै सीसीटीभी जडान गरिएको छ। सार्वजनिक सवारीसाधनको कुल संख्या ट्राफिक प्रहरीसँग नरहेकाले अझै कति सवारीमा सीसीटीभी जडान हुन बाँकी छ भन्ने यकिन तथ्यांक नभएको पनि उनले जानकारी दिए। सीसीटीभी जडानपछि अनुसन्धानमा सहयोग पुगेकाले यसलाई थप तीव्रता दिने पनि उपरीक्षक सुवेदीले बताए। उनले भने, 'सीसीटीभी जडान भएपछि सार्वजनिक सवारीमा हुने विवाद, लैंगिक हिंसा, पकेटमारी तथा दुर्घटना अनुसन्धानमा उल्लेखनीय सहयोग पुगेको छ, यसलाई बिस्तार गर्दै लग्ने योजना छ।'

# १०० बुँदा एकतिहाइ...

संविधान संशोधन बहसपत्र तयार गर्न सात दिनभित्र कार्यदल गठन गर्ने कार्यसूची थियो। कार्यदल निर्धारित समयभन्दा ढिलो गठन भए पनि त्यसले विभिन्न राजनीतिक दल, संवैधानिक निकाय तथा सरोकारवालासँग छलफल अघि बढाइरहेको छ। सरकारले यसलाई दीर्घकालीन राजनीतिक सुधारको थालनीका रूपमा व्याख्या गरेको छ।

कार्यसूचीको ६ नम्बरमा उल्लेख भएबमोजिम जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाएका परिवारलाई सरकारले राहत प्रदान गर्न थालिसकेको छ। ५३ परिवारलाई १५ लाखका दरले राहत प्रदान गरिएको छ। सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत १ सय ३४ घाइतेलाई ८१ लाख ६७ हजार रुपैयाँ पठाइएको छ। संघीय मन्त्रालयको संख्या ३० दिनभित्र घटाएर १७ वटा कायम गर्ने घोषणा गरिएको थियो। समयमै पूरा हुन नसके पनि सरकारले कार्य विभाजन नियमावली संशोधन गरी मन्त्रालयहरूको संख्या हेरफेर गरेको छ। मन्त्रालयको संख्या भने १८ कायम गरिएको छ।

कार्यसूचीको ९१ र ९२ नम्बरमा भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको डिजिटल लगत संकलन, प्रमाणीकरण तथा सार्वजनिक जग्गा संरक्षण अभियान सुरु गर्ने उल्लेख छ। जसअनुसार सरकारले काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा अतिक्रमित संरचना १२ वैशाखमा हटाउन सुरु गरेको थियो।

जेन-जी अभियन्ता माजिद अन्सारी सुकुमवासी व्यवस्थापनका विषयमा सरकार आफैंले कार्ययोजना उल्लंघन गरेको बताउँछन्। 'कार्ययोजनामा पहिले सुकुमवासीको लगत संकलन गरी व्यवस्थापनको टुंगो लागेपछि स्थानान्तरण गर्ने भनिएको थियो। सरकारले आफैंले पहिले डोजर चलाएर बस्ती भत्कायो,' उनले भने, 'बस्ती भत्काएपछि मात्रै लगत संकलन गरियो। विस्थापितको व्यवस्थापनमा ध्यान दिइएन।'

सट्टेबाजी एप र वेबसाइट २४ घण्टाभित्र बन्द गराउने विषय पनि सरकारको कार्यसूचीमा थियो। यसअन्तर्गत हालसम्म २६ एप बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरणले निर्देशन दिएको छ। प्राधिकरणका प्रवक्ता मीन अर्यालले दिएको जानकारीअनुसार वर्डलिंक, सुबीसु, भायनेटलगायत विभिन्न इन्टरनेट सेवा प्रदायक कम्पनीमार्फत करिब ३ लाखभन्दा बढी वेबसाइट बन्द भएका छन्।

सरकारले अनुत्पादक निकाय पुनःसंरचना गर्ने घोषणा गरेको थियो। काम नभएका बोर्ड, समिति तथा संस्थागत संरचना खारेज वा पुनःसंरचना गर्ने भनिएको थियो। सरकारले अनावश्यक निकायको मूल्यांकन गरी केही संरचना खारेज तथा केहीलाई पुनःसंरचना गरेको छ। यो विषय सरकारको बजेट वक्तव्यमा समेत उल्लेख छ। यस अवधिमा विभिन्न संवैधानिक निकाय, सार्वजनिक संस्थान, विश्वविद्यालय, स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा नियामक निकायमा रहेका १ हजार ५ सय ९४ पदाधिकारी (राजनीतिक नियुक्तिसमेत) लाई अध्यादेशमार्फत पदमुक्त गरिएको छ।

सार्वजनिक प्रशासनलाई राजनीतिक प्रभावबाट मुक्त गर्न दलीय ट्रेड युनियन खारेज गर्ने सरकारको प्रतिबद्धता थियो। जसअनुसार दलीय ट्रेड युनियन खारेज गर्ने निर्णय कार्यान्वयन गरिएको छ। सरकारको भ्रष्टाचार नियन्त्रण अभियानअन्तर्गत बुँदा नं ४३ मा १५ दिनभित्र अधिकारसम्पन्न सम्पत्ति छानबिन आयोग गठन गर्ने उल्लेख थियो। त्यहीअनुसार पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको संयोजकत्वमा पाँच सदस्यीय आयोग गठन गरिएको छ। आयोगलाई दुई चरणमा सम्पत्ति छानबिन गर्ने जिम्मेवारी दिइएको छ।

सरकारले डिजिटल शासनलाई आफ्नो प्रमुख उपलब्धिमध्ये एकका रूपमा प्रस्तुत गरेको छ। यसअन्तर्गत २४ घण्टे राष्ट्रिय नागरिक सहायता तथा गुनासो व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइएको छ। हेलो सरकारलाई रियल-टाइम ड्यासबोर्डसहित स्तरोन्नति गरिएको छ। शुक्रबारसम्म पोर्टलमा १ लाख २५ हजारभन्दा बढी उजुरी दर्ता भएकामा ७३ हजार ८ सय ८८ फछ्र्योट भएका छन्। ४७.४१ प्रतिशत उजुरी वेबसाइटमार्फत दर्ता भएका छन्।

सरकारले राहदानी, नागरिकता तथा सवारी चालक अनुमतिपत्र सेवामा फेसलेस डिजिटल सेवा लागू गर्ने प्रक्रिया पनि सुरु गरेको छ। नागरिकले कार्यालय नपुगी धेरै सेवा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको सरकारको दाबी छ। प्रमाणपत्रहरू आधिकारिक मोबाइल एप तथा नागरिक एप वा इमेलमा डाउनलोड गर्न सक्ने व्यवस्था १५ दिनभित्र मिलाउने कार्यसूची थियो। सेवाग्राहीले आवश्यक प्रमाणपत्र अनलाइनमार्फत डाउनलोड गर्न सक्ने सुविधा पनि 'इनेबल' गरिएको छ।

सेवा प्रवाहलाई थप छिटो, सहज र प्रभावकारी बनाउन विभिन्न सरकारी निकाय तथा वित्तीय संस्थालाई 'अटोफिल' को प्रबन्ध गरिएको छ। यसअन्तर्गत यातायात व्यवस्था विभाग, राहदानी विभाग, बैंक तथा बिमा कम्पनीहरूले आवश्यक विवरण स्वतः प्राप्त गरी सेवा प्रवाहलाई सहज बनाउन सक्ने व्यवस्था गरिएको छ।

राहदानी घरदैलोमै पुऱ्याउने व्यवस्था सुरु भएको छ भने लामो समयदेखि छापिन नसकेका सवारी चालक अनुमतिपत्र छाप्ने कामले पनि गति लिएको छ। नागरिक एपमार्फत लाइसेन्स छापिए-नछापिएको जानकारी लिन सकिने सुविधा थपिएको छ। कात्तिक २०८२ यता २९ लाख लाइसेन्स छाप्नुपर्नेमा यातायात व्यवस्था विभागले करिब २४ लाख थानको छपाइ सकिएको जनाएको छ। मालपोत र नापीलगायत जग्गासम्बन्धी सेवा पनि अनलाइनबाटै प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ।

सरकारको समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी बनाउन नतिजामा आधारित शासकीय प्रबन्ध लागू गर्ने कार्यमा पनि प्रगति देखिएको छ। यसअन्तर्गत सबै मन्त्रालयबाट प्रमुख १० काम, समयसीमा, जिम्मेवार अधिकारीबाट कार्यसम्पादन सूचकसहितको कार्ययोजना पेस गर्ने गरिएको छ।

आर्थिक सुधारअन्तर्गत उद्योग तथा लगानीलाई सहज बनाउने विभिन्न कार्यक्रम ढिलो भए पनि सरकारले कार्यान्वयन गरेको छ। उद्योग दर्ताका लागि एकल बिन्दु सेवा केन्द्र प्रभावकारी बनाइएको छ। यसमार्फत उद्योगसम्बन्धी विभिन्न अनुमति तथा सेवा एउटै स्थानबाट उपलब्ध गराउने व्यवस्था गरिएको सरकारको दाबी छ।

बुँदा नं ५६ अनुसार स्टार्टअप फास्ट ट्र्याक प्रणालीमार्फत दुई दिनभित्र व्यवसाय दर्ता गर्ने व्यवस्था सुरु गरिएको छ। नयाँ व्यवसाय दर्ता दुई कार्यदिनभित्र सम्पन्न गर्ने व्यवस्था गरिएको छ। यसले उद्यमशीलता प्रवर्द्धन गर्दै व्यवसाय दर्ता प्रक्रियालाई छिटो र सहज बनाउने अपेक्षा गरिएको छ। कम्पनी दर्ता, पान कार्ड बनाउन आन्तरिक राजस्व कार्यालय जानुपर्ने अवस्था अन्त्य भएको छ। 'वन डोर बिजनेस प्लाटफर्म' सञ्चालनमा ल्याइएको छ। बुँदा नं ६० अनुसार निजी क्षेत्र संरक्षण तथा प्रवर्द्धन रणनीति मन्त्रिपरिषद्बाट स्वीकृत गरिएको छ। यसअन्तर्गत कम्पनी ऐन २०८३ को मस्यौदा तयार भइसकेको छ, यसमा कम्पनी दर्ता, खारेजीलाई सहज बनाउने प्रस्ताव राखिएको छ। व्यवसायको सुरक्षा र लगानी प्रवर्द्धनका लागि नीतिगत व्यवस्था अघि बढाइएको छ।

निजी सम्पत्तिमा क्षति पुऱ्याउने वा लुटपाट गर्नेमाथि कडा कानुनी कारबाहीको व्यवस्था पनि कार्यान्वयनमा ल्याएको छ। गृह मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायलाई आवश्यक निर्देशन दिँदै सम्बन्धित घटनामा मुद्दा दर्ता र पक्राउ प्रक्रिया अघि बढाएको छ। हालसम्म ६ हजार ९ सय ७८ जनालाई नियन्त्रणमा लिइएको छ।

स्वास्थ्य क्षेत्रमा केही पुराना तथा राम्रा कामको निरन्तरता दिइएको छ। कांग्रेस नेता प्रदीप पौडेल स्वास्थ्यमन्त्री भएका बेला सुरु गरिएको बर्न वार्ड विस्तार गरिएको छ। जलन उपचार सेवाका लागि १४ संघीय अस्पतालमा जलन उपचार वार्ड स्थापना गरिएको छ भने ९ प्रादेशिक अस्पतालमा जलन वार्ड सञ्चालनको तयारी भइरहेको छ। हालसम्म १ सय ६४ अस्पतालले कुल शय्याको १० प्रतिशत निःशुल्क उपलब्ध गराउने विवरण पोर्टलमा प्रविष्ट गरेका छन्।

शासकीय सुधारसम्बन्धी कार्यसूचीमा सरकारी अस्पतालमा सुलभ फार्मेसी सञ्चालन तथा विस्तार गर्ने उल्लेख थियो। हालसम्म १६ वटा संघीय अस्पतालमा सुलभ फार्मेसी सञ्चालन गरिएको छ। बुँदा नं ८६ बमोजिम क्याम्पसमा दलीय हस्तक्षेप अन्त्य गर्ने प्रयास पनि सरकारले अघि बढाएको छ। त्रिभुवन विश्वविद्यालयले देशभरका आंगिक क्याम्पसबाट दलीय विद्यार्थी संगठनका संरचना हटाउन निर्देशन दिएको छ। विद्यार्थी संगठन हटाउने सरकारको निर्णयको विद्यार्थी नेताहरूले प्रतिवाद गर्दै आएका छन्।

हालसम्म ९ विश्वविद्यालयमा शैक्षिक क्यालेन्डर कार्यान्वयनमा आएको छ। बुँदा ८८ बमोजिम जन्मदर्ता प्रमाणपत्र नभएका बालबालिकालाई स्थानीय तहबाट प्रमाणित विवरणका आधारमा विद्यालय भर्ना गर्ने व्यवस्था पनि कार्यान्वयनमा ल्याइएको छ। स्नातक तह भर्नामा नागरिकता अनिवार्य नहुने व्यवस्था लागू गर्ने निर्णय पनि गरिएको छ। कार्यान्वयन प्रक्रियाका लागि कार्यविधि तयार गरिरहेको विश्वविद्यालयहरूले जनाएका छन्।

सार्वजनिक यातायातमा हुने लैंगिक हिंसा रोक्न सरकारले ३० दिनभित्र सवारीसाधनमा सीसीटीभी, ड्यासक्यामेरा, जीपीएस बटन अनिवार्य गर्ने घोषणा गरे पनि पूर्ण रूपमा काम हुन सकेको छैन। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार ३ हजार ३ सय ३ सार्वजनिक सवारीसाधनमा मात्रै सीसीटीभी जडान गरिएको छ। सार्वजनिक सवारीको यकिन तथ्यांक नरहेकाले अझै कति सवारीमा सीसीटीभी जडान हुन बाँकी छ, निश्चित छैन। 'राइड सेयरिङ एप' मा भने 'एसओएस बटन' सुविधा थप गरिएको छ।

सरकारले बुँदा नं ५ मा दलित तथा बहिष्कृत समुदायप्रति राज्यका तर्फबाट १५ दिनभित्र औपचारिक क्षमायाचना गर्ने घोषणा गरेको थियो। यो घोषणामा मात्रै सीमित रह्यो। यो प्रतीकात्मक कार्यक्रम मात्र थिएन, यसलाई नेपाल राज्यको ऐतिहासिक अन्यायलाई स्वीकार गर्ने प्रयासका रूपमा हेरिएको थियो। जेन-जी अभियन्ता अन्सारी सरकारका तर्फबाट भन्दा पनि रास्वपा सभापति रवि लामिछानेले दलित समुदायसँग माफी मागेर उक्त बुँदा कार्यान्वयन गरिएको टिप्पणी गर्छन्।

कृषि क्षेत्रमा प्रगति पनि कमजोर देखिन्छ। नेपालको अर्थतन्त्रको ठूलो हिस्सा अझै कृषिमा निर्भर छ। कृषिगणना २०७८ अनुसार नेपालमा ४१ लाख ३० हजार ७ सय ८९ कृषक परिवारले २२ लाख १८ हजार ४ सय १० हेक्टर जग्गामा कृषिकार्य गर्दै आएका छन्। यी कृषक परिवारको कुल जग्गामध्ये ५४.५ प्रतिशत जग्गामा मात्रै सिँचाइ सुविधा पुगेको छ। कृषि सुधार, न्यूनतम समर्थन मूल्य, किसानको उधारो भुक्तानी, चिस्यान केन्द्र निर्माण र बजार व्यवस्थापनका कार्यक्रमले अपेक्षित गति लिन सकेको छैन।

जेन-जी आन्दोलनकै क्रममा २४ भदौमा भएका घटनाको सत्यतथ्य छानबिन गर्न एक साताभित्र उच्चस्तरीय समिति गठन गर्ने भनिएको थियो तर समिति गठन हुन सकेको छैन। २३ भदौको घटनामा भने गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले तयार पारेको प्रतिवेदन कार्यान्वयन सरकार गठन भएको भोलिपल्टै सुरु गरिएको थियो। प्रतिवेदन कार्यान्वयनका क्रममा १४ चैतमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेका थिए। अहिले पनि उनीहरूमाथि अनुसन्धान जारी छ। सरकारले विभिन्न आयोगका प्रतिवेदनका सिफारिस कार्यान्वयन प्रक्रिया सुरु गर्ने प्रतिबद्धता गरे पनि त्यसमा प्रगति देखिएको छैन।

जेन-जी आन्दोलनका क्रममा प्रभावित भएका व्यवसायका लागि राहत तथा पुनःस्थापना प्याकेज ल्याउने प्रतिबद्धता सरकारले गरेको थियो। तर उक्त योजना पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। कर छुट, सहुलियतपूर्ण ऋण, बिमा दाबी सहजीकरण र पुनर्निर्माण सहयोग जस्ता उपाय प्रस्तावित अवस्थामा रहे पनि व्यावहारिक रूपमा कार्यान्वयन सुस्त छ। तोकिएको समयसीमा नाघिसक्दा पनि यसको स्पष्ट र ठोस कार्यान्वयन देखिएको छैन। प्रमुख सहरमा १२ घण्टा सञ्चालन हुने नागरिक सेवा केन्द्र स्थापना गर्ने योजना कागजमै सीमित बनेको छ।

डिजिटल सेवा विस्तारलाई सरकारले प्राथमिकता दिए पनि धेरै महत्त्वपूर्ण योजना अझै कार्यान्वयन हुन सकेका छैनन्। नागरिकता नम्बरबाट स्वतः विवरण भर्ने 'अटो फिल' प्रणाली लागू गर्ने तथा नागरिक एपबाट प्रहरी प्रतिवेदन, राहदानी र लाइसेन्सका लागि आवेदन दिने सुविधा सञ्चालनमा ल्याउने घोषणा सरकारको थियो। यो घोषणा निर्धारित समयभित्र पूरा हुन सकेन। नागरिकलाई छिटो सहज र बिचौलिया मुक्त सेवा दिन नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रलगायत जिल्ला प्रशासनबाट प्रदान गर्ने सेवालाई तत्काल एकीकृत गर्ने सरकारको लक्ष्य पनि पूरा भएको छैन। अन्तरजिल्लाबाट उक्त सेवा लिन सक्ने वाचा सरकारले गरे पनि अभ्यासमा आउन नसकेको प्रमुख जिल्ला अधिकारीहरू बताउँछन्।

बुँदा नं ३७, ३८, ४० र ४१ मा समेटिएका 'डिजिटल गभर्नेन्स' नीति, व्यक्तिगत डेटा संरक्षण कानुन, सूचना प्रविधि नियामक निकाय, विद्युतीय शासन विधेयक तथा 'नेसनल इन्टरप्राइज आर्किटेक्चर फ्रेमवर्क' तयार गर्ने कार्य पनि अझै सम्पन्न भएको छैन। पर्यटन, सहरी विकास र राजस्व सुधारमा पनि ढिलाइ देखिन्छ। उदयपुर, अछाम, बाजुरा र अपी हिमाललगायत क्षेत्रमा पर्यटन विकासको विशेष खाका तयार गर्ने काम अघि बढ्न सकेको छैन।

सरकारले नागरिक सेवा केन्द्रमा 'अपोइन्टमेन्ट बुकिङ' प्रणाली सञ्चालनमा ल्याउने प्रतिबद्धता गरे पनि निर्धारित ९० दिने समयसीमा बितिसक्दा पनि कार्यान्वयन भएको छैन। अनलाइनमार्फत सेवा लिने समय बुक गर्ने व्यवस्था पनि अझै सञ्चालनमा आएको छैन। यस्तो प्रणाली लागू भएपछि सरकारी सेवा लिन लामो लाइन बस्नुपर्ने बाध्यता अन्त्य गर्ने भनिएको थियो।

# परराष्ट्रमा नीति उही...

यसबीच परराष्ट्रमन्त्री खनालले अमेरिकी विदेश मन्त्रालयकी राजनीतिक मामिलाकी उपमन्त्री एलिसन हुकरसँग भर्चुअल बैठक पनि गरे। उक्त बैठकमा दुवै पक्षबीच आर्थिक सहकार्य, लगानी विस्तार तथा संस्थागत सुधारबारे छलफल भएको थियो। यसअघिका द्विपक्षीय भेटघाट तथा वार्तामा रणनीतिक विषय प्रमुख रहने गरे पनि यस पटक भने अमेरिकी लगानी, नेपालको डिजिटल अर्थतन्त्र प्रवर्द्धन तथा व्यवसायमैत्री वातावरण निर्माण गर्ने विषयहरूमा विशेष जोड दिइएको थियो।

छलफलमा सहभागी अधिकारीहरूका अनुसार, अमेरिकाले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अन्तर्गतका परियोजनाको प्रभावकारी कार्यान्वयन, लगानीमैत्री कानुनी सुधार, कृत्रिम बौद्धिकता (एआई), सूचना प्रविधि, डाटा सेन्टर, उद्यमशीलता, डिजिटल पूर्वाधार तथा स्टारलिंकलगायतका प्रविधिगत सहकार्यलाई प्राथमिकताका साथ उठाएको थियो।

यी छलफल तथा भेटघाटले शाह नेतृत्वको सरकारलाई आफ्नो परराष्ट्र नीतिको प्राथमिकतामा वैचारिक ध्रुवीकरणभन्दा पनि आर्थिक कूटनीति छ भन्ने सन्देश दिने राम्रो अवसर दिएको थियो। परराष्ट्रमन्त्री खनालको पहिलो तीन महिनाको कार्यकालको प्रमुख उपलब्धि पनि यही हो।

परराष्ट्रमन्त्री खनालले संसद्मा सम्बोधन गर्दा तथा कूटनीतिज्ञहरूसँग भेटघाट वा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमलाई अन्तर्वार्ता दिँदा होस्, नेपालको कूटनीतिक सफलताको मूल्यांकन केवल राजनीतिक रूपमा मात्र भन्दा पनि आर्थिक उपलब्धिका आधारमा हुनुपर्ने धारणा दोहोऱ्याउँदै आएका छन्।

यसबीच परराष्ट्र मन्त्रालयले प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) आकर्षित गर्ने, निर्यात वृद्धि गर्ने, पर्यटन प्रवर्द्धन गर्ने, वैदेशिक रोजगारीका अवसर विस्तार गर्ने तथा गैरआवासीय नेपाली समुदाय (डायस्पोरा) लाई परिचालन गर्ने विषयलाई प्राथमिकतामा राखेको छ। 'हाम्रो कूटनीतिले अन्ततः नेपालको आर्थिक रूपान्तरणमा योगदान पुऱ्याउनुपर्छ,' खनालले सार्वजनिक मञ्चहरूमा बारम्बार दोहोऱ्याउने गरेका छन्।

कूटनीतिक भाषामा आएको यो बदलावले नेपालको परराष्ट्र नीति अब परम्परागत राजनीतिक सम्बन्धमै सीमित नरहने प्रस्ट संकेत गर्छ। विप्रेषण (रेमिट्यान्स) को घट्दो वृद्धिदर, कमजोर वैदेशिक लगानी तथा जलवायु परिवर्तनका कारण मुलुकमाथि बढ्दो जोखिमबीच नेपालको कूटनीतिले आर्थिक लाभांश दिने अपेक्षा गरिएको छ।

यसैबीच विदेशस्थित नेपाली नियोगहरूबाट प्रदान गरिने सेवामा सुधार गर्ने, वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूको संरक्षण संयन्त्रलाई सुदृढ बनाउने, गैरआवासीय नेपालीबाट लगानी भित्र्याउन विशेष संयन्त्र स्थापना गर्ने तथा विकास साझेदारहरूसँग नियमित संवादलाई संस्थागत गर्ने योजना पनि सरकारले सार्वजनिक गरेको छ। तर, यी प्राथमिकताहरू नयाँ भने होइनन्। यसअघिका सरकारले पनि आर्थिक कूटनीतिलाई प्राथमिकता राख्ने गरेका थिए। तर, कूटनीतिज्ञहरूका अनुसार वास्तविक चुनौती यसको प्रभावकारी कार्यान्वयनमा छ।

सरकारका केही निर्णयलाई नयाँ अभ्यास गर्ने प्रयासका रूपमा पनि हेरिएको छ। राजनीतिक भागबन्डाका आधारमा मात्र राजदूत नियुक्त गर्ने परम्परालाई निरन्तरता दिनुको साटो मन्त्रालयले राजदूत पदका लागि खुला आवेदन आह्वान गरेको छ। र, त्यसमा चार हजारभन्दा बढी व्यक्तिले आवेदन दिएका छन्। त्यसमध्ये प्रारम्भिक छनोटपछि करिब २७ सय आवेदन अर्को चरणको मूल्यांकनमा परेका छन्। परराष्ट्रका अधिकारीहरू यति ठूलो संख्यामा आवेदन पर्नुले कूटनीतिक सेवाप्रति बढ्दो चासोका रूपमा अर्थ्याउँछन्। यसलाई राजदूत नियुक्ति प्रक्रियालाई पारदर्शी बनाउने प्रयासका रूपमा स्वागत गरिएको छ। यद्यपि, अन्तिम छनोटमा राजनीतिक पहुँच र आस्थाभन्दा योग्यताले प्राथमिकता पाउँछ कि पाउँदैन भन्ने प्रश्न भने यथावत् छ।

सरकारी स्रोतहरूका अनुसार भारत, चीन र संयुक्त राज्य अमेरिकालगायत रणनीतिक महत्त्वपूर्ण मुलुकहरूका लागि राजदूत नियुक्तिबारे प्रधानमन्त्री शाह, परराष्ट्रमन्त्री खनाल तथा सत्तारूढ गठबन्धनका वरिष्ठ नेताहरूबीच छलफल सुरु भइसकेको छ।

विगतको तुलनामा छनोट प्रक्रिया खुला र पारदर्शी भए पनि राजदूत नियुक्तिमा भइरहेको ढिलाइले सरकारको विरोधाभास उजागर गरेको छ। एकातिर मन्त्रीहरूले आर्थिक कूटनीतिलाई सुदृढ बनाउने प्रतिबद्धता दोहोऱ्याइरहेका छन् अर्कोतिर नेपालको कूटनीतिक सञ्जाल गम्भीर संस्थागत कमजोरीका बीच सञ्चालन भइरहेको छ। हाल १७ वटा विदेशी नियोग राजदूतविहीन छन् भने आगामी केही महिनाभित्र थप केहीमा राजदूतको पद रिक्त हुँदै छ।

लगानी आकर्षित गर्न, निर्यात विस्तार गर्न र पर्यटन प्रवर्द्धन गर्न प्रतिस्पर्धा गरिरहेका मुलुकहरूका लागि राजदूत प्रायः राज्यको प्रमुख प्रतिनिधि तथा अनुहारका रूपमा रहने गर्छन्। लामो समयसम्म उनीहरूको अनुपस्थितिले नेपालको कूटनीतिक पहुँच र सक्रियतालाई स्वाभाविक रूपमा सीमित बनाउँछ। अर्को चुनौती भनेको स्रोतसाधनको अभाव पनि हो।

नेपालका धेरैजसो नियोग अझै पनि सीमित स्रोतसाधनमा सञ्चालन भइरहेको कूटनीतिक अधिकारीहरू पनि स्विकार्छन्। जसका कारण लगानी प्रवर्द्धन तथा कूटनीतिक सञ्चालन प्रभावकारी बन्न सकेको छैन। आर्थिक कूटनीतिका लागि विशिष्टीकृत जनशक्ति, बलियो व्यावसायिक संलग्नता तथा लगानीकर्तासँग निरन्तर संवाद आवश्यक पर्छ। जबकि धेरैजसो नेपाली नियोगमा यसको अभाव देखिन्छ। कूटनीतिक मामिलाका जानकारहरूका अनुसार यिनै कमजोरीले शाह सरकारका परराष्ट्र नीतिका महत्त्वाकांक्षालाई ठोस उपलब्धिमा रूपान्तरण गर्न सकिन्छ कि सकिँदैन तय गर्नेछ।

त्यसमाथि विगतका सरकारहरूको तुलनामा नेपालले अहिले थप जटिल अन्तर्राष्ट्रिय परिवेशको सामना गरिरहेको छ। भारत, चीन र संयुक्त राज्य अमेरिकाबीचको रणनीतिक प्रतिस्पर्धा तीव्र बन्दै गएकाले काठमाडौंका लागि कुनै पनि किसिमको कूटनीतिक भूल गर्ने ठाउँ छैन। त्यसैले पनि होला सरकारले दुवै छिमेकी मुलुकसँग सन्तुलित सम्बन्ध र विकास साझेदारहरूसँगको रचनात्मक सहकार्यलाई निरन्तरता दिने नेपालको दीर्घकालीन प्रतिबद्धतालाई पुनः दोहोऱ्याउँदै आएको छ। यो प्रयास द्विपक्षीय कूटनीतिमा मात्र सीमित छैन।

नेपाल बहुपक्षीय संस्थाहरू, अन्तर्राष्ट्रिय वित्तीय संगठनहरू तथा क्षेत्रीय पहलहरूसँग निरन्तर संलग्न रहँदै आएको छ। साथै, पछिल्लो समय जलवायु कूटनीति पनि नेपालको परराष्ट्र नीतिको अभिन्न अंग बनेको छ। जलवायु परिवर्तनको सबैभन्दा बढी जोखिममा रहेका मुलुकहरूमध्ये एक भएकाले पनि नेपालले हिमाल संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा जलवायु वित्तका लागि अन्तर्राष्ट्रिय समुदायबाट थप सहयोगको माग गर्दै आएको छ।

त्यस्तै सरकारको पहिलो सय दिनमा भारत र चीनसँगको सम्बन्धको तुलनामा यी विषयहरूले कम चासो र चर्चा पाए। तर अधिकारीहरूका अनुसार काठमाडौंको दीर्घकालीन कूटनीतिक कार्यसूचीका यी महत्त्वपूर्ण हिस्सा हुन्। शाहको कूटनीतिक शैलीलाई लिएर व्यापक बहस भए पनि विश्लेषकहरू पहिलो तीन महिनाका आधारमै सरकारको परराष्ट्र नीतिका सम्बन्धमा निष्कर्ष निकाल्न नहुने बताउँछन्।

नेपालजस्ता मुलुकका बाह्य सम्बन्धहरू परम्परागत रूपमै व्यक्तिगतभन्दा पनि संरचनागत यथार्थले निर्देशित गर्दै आएकाले पनि परराष्ट्र नीतिलाई आधारभूत रूपमा रूपान्तरण गर्न १०० दिन पर्याप्त हुँदैन। त्यसमाथि काठमाडौंको रणनीतिक परिवेशलाई अझै पनि भारत र चीनसँगको सम्बन्धले नै तय गर्छ। अन्तर्राष्ट्रिय साझेदारहरूमाथिको आर्थिक निर्भरता पनि यथावत् छ। त्यसैले लगानी आकर्षित गर्ने, लाखौं नेपाली वैदेशिक श्रमिकको हित संरक्षण गर्ने तथा बढ्दो भूराजनीतिक प्रतिस्पर्धालाई कुशलतापूर्वक व्यवस्थापन गर्ने आवश्यकता अहिले पनि उत्तिकै महत्त्वपूर्ण रहेको छ। सँगै पछिल्लो समय पूर्वाधारमा लगानी, डिजिटल प्रविधि वा कनेक्टिभिटीसँग सम्बन्धित हरेक निर्णयलाई भूराजनीतिक दृष्टिकोणबाट हेरिन थालेको छ।

१०० दिन पुग्दा नपुग्दै सरकार र परराष्ट्र मन्त्रालयले सामना गर्नु परेको विषय राहदानी खरीद पनि हो। प्रधानमन्त्री कार्यालय र मन्त्रालय आमनेसामने भएको यो प्रकरणले सरकारको कुटनीति, सेवा विस्तार र राहदानी वितरणको आगामी बाटोमै प्रश्न खडा गरेको छ। र, यसलाई सुरक्षित अवतरण गराउने चुनौती पनि मन्त्रालयसामु छ।

अहिलेसम्म शाह सरकार केही फरक देखिएको यसको परराष्ट्र नीतिले भन्दा पनि कूटनीति सञ्चालन शैलीले हो। प्रधानमन्त्री शाहले काठमाडौंको कूटनीतिक वृत्तमा लामो समयदेखि सामान्य अभ्यासका रूपमा हेरिँदै आएको स्थापित परम्पराबाट सचेत रूपमा अलग हुने प्रयास गरेका छन्। विदशी कूटनीतिज्ञहरूसँग व्यक्तिगत भेटघाट नगर्ने उनको निर्णयले लामो समयदेखि चलि आएका अभ्यासलाई चुनौती त दिएको छ नै विदेशमा पनि उल्लेखनीय चासो सिर्जना गरेको छ। कूटनीतिक मामिलामा यी केही सिमित परिवर्तनबाहेक विगतकै निरन्तरताले प्राथमिकता पाएको देखिन्छ।

परराष्ट्रमन्त्री खनालले आफ्नो कार्यकालको पहिलो सय दिनको अधिकांश समय छिमेकी मुलुकहरू, विकास साझेदारहरू तथा लगानीकर्ताहरूलाई नेपालको बाह्य प्राथमिकताहरू स्थिर रहेको र विगतको सन्तुलित कुटनीतिले नै निरन्तरता पाउनेमा विश्वास दिलाउन खर्च गरेका छन्। तर, यो सन्तुलन कायम रहन्छ वा रहँदैन भन्ने कुरा आगामी दिनमा अझ स्पष्ट हुँदै जानेछ।

सरकारले अघि सारेको आर्थिक कूटनीतिको मूल्यांकन भाषण वा कूटनीतिक भ्रमणबाट भन्दा पनि वैदेशिक लगानी, व्यापार, कूटनीतिक संस्थाहरूको सुदृढीकरण तथा भारत, चीन र अन्य अन्तर्राष्ट्रिय साझेदारहरूसँग जटिल बन्दै गएका सम्बन्धको व्यवस्थापनका आधारमा हुनेछ।

पहिलो सय दिनमा शाह सरकारले नेपालको कूटनीतिक शैली र छविमा केही देखिने परिवर्तन ल्याएको छ। तर, विश्लेषकहरूका अनुसार यो परिवर्तनले ठोस उपलब्धि हासिल गर्न सक्छ कि सक्दैन भन्ने प्रश्न अझै पनि महत्त्वपूर्ण र निर्णायक छ।


वर्गीकृत विज्ञापन

घर जग्गा

झम्सीखेल सानेपाको घरजग्गा बिक्रिमा, 9851071590 ,9869363404

चाँगुनारायण भक्तपुरमा आनाको १५०००००/- जग्गा बिक्रीमा ९८०३२७४२२७

महाराजगञ्ज ३तल्ले घर ६करोड ९७१४५२६८३७

ग्वार्को लामाटार 22m-हाइवेमै बसपार्कछेवैमा दक्षीण-मोहडाभएको दुइतल्ले ब्रान्डन्युघर तिनआना रु-2,2000000, घरधनी, 9851068701, 9810193273,

मासिक १०,०००/- फिक्स ६०-किस्तामा ४-आना २-पैसा प्लटिङ्गको घडेरी सम्पर्क ९८०३४२१२३३

सम्पर्क

धितोफुकुवा, बैकलोन, चाहिएमा 9851065811, 9841007757

निर्माण सफाई

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

भाडामा

गोदाममार्ट अफिसकोलागी सटर फ्ल्याटभाडामा टोखा, धनेश्वरचोक ९८४१७९९७६२

पु.बानेश्वर फ्रन्टलाईन हस्पिटल नजिक पार्किङ्ग सुविधायुक्त ११कोठा भएकोघर भाडामा सम्पर्क: ९८४९९८०४६९, ९८५१०६५१५२, ९८४१०७२२९०

पर्किङ्ग सुविधाभएको भुइतलाको ७ वटारुम, ३ट्वाइलेट बाथरुम भएकोघर 9860330920 कमलपोखरी

चाहियो

गङ्गबुस्थित क्याफेकोलागि कुक, कुकहेल्पर,वेटर चाहियो 9851027935

क्लबकालागि अनुभवी म्यानेजर, क्यासियर, क्याप्टेन, वेटर, बाउन्सर ९८५१०५९२६९

रिसोर्टकालागि अर्जेन्ट अनुभवी कुक, किचन हेल्पर, वेटर ९७६८२६३५५४

नयाँबानेश्वर खाजाघरमा कामगर्ने महिला चाहियो ९८०८२१७८२५

मिठाई सहितको अलराउण्डर कुक ९८५११३४७७८

Secondary Part-time Science Teacher, Dhapasi, Kathmandu 9851132142

होटलमा बसेर कामगर्ने कुक चाहियो 9851179174

घरायसी कामकोलागि मेड चाहियो, सानेपास्थित घरकोलागि घरायसी काम गर्नकोलागि महिला चाहियो ९८५१०६९४९५

भर्ना

भर्नाखुल्यो कक्षा ८,९,१०, +२ मा भर्नाखुल्यो ९८६३१९६६५९, ९८४८७७४७६१, ९८६००४४३०९

उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१० Freedelivery

**विदेशी मूद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १५२.९४ |
| युरो | १७४.५० |
| पाउन्ड स्टर्लिङ | २०४.०६ |
| अस्ट्रेलियन डलर | १०५.५७ |
| कतारी रियाल | ४१.९६ |

राष्ट्र बैंकको आधारमा

**सुन** रू. २,९०,७००

**चाँदी** रू. ४,६१५

सरकारका १०० दिन

# लगानी र खर्चमा भएन सुधार, निजी क्षेत्रको बढेन मनोबल

## सेयर बजार निरन्तर ओरालो लागिरहेको छ, घरजग्गा क्षेत्रमा पनि सुधार हुन सकेको छैन तर अर्थमन्त्री वाग्लेले अर्थतन्त्र सुधारका लागि धेरै काम भएको दाबी गर्दै आएका छन्

**यज्ञ बञ्जाडे** (काठमाडौं)

अर्थमन्त्री स्वर्णिम वाग्लेले १३ चैत २०८२ मा नयाँ सरकारको अर्थमन्त्रीका रूपमा पदभार सम्हाल्दै गर्दा आर्थिक सुधार, निजी क्षेत्रमैत्री वातावरण र कानुनी सुधारलाई प्राथमिकतामा राख्ने बताएका थिए। तर उनको सयदिने कार्यकालमा कानुनी सुधारको थालनी भए पनि अनुभूति हुने गरी अर्थतन्त्रको अवस्था र निजी क्षेत्रको आत्मविश्वासमा सुधार भएको छैन।

जेन-जी आन्दोलनको जगमा भएको निर्वाचनबाट दुईतिहाइ निकटको शक्तिशाली सरकारबाट नागरिकको अपेक्षा धेरै थियो। त्यसअनुरूप अर्थतन्त्रमा सुधार हुन नसकेको अर्थविद् बताउँछन्। उनीहरूका अनुसार सरकारको पहिलो सय दिनमा न पुँजीगत खर्चमा सुधार भएको छ न अपेक्षित रूपमा राजस्व संकलन बढेको छ। बैंक तथा वित्तीय संस्थामा थुप्रिएको खर्बौं रकम कायमै रहे पनि कर्जा माग बढेको छैन, सेयर बजार निरन्तर रूपमा ओरालो लागिरहेको छ भने घरजग्गा क्षेत्रमा पनि सुधार हुन सकेको छैन। तर अर्थमन्त्री वाग्ले अर्थतन्त्र सुधारमा धेरै काम भएको दाबी गर्छन्।

पहिलो सय दिनमा सरकारले गरेका काम निराशाजनक रहेको अर्थविद् डिल्लीराज खनालले जनाए। 'रास्वपाका वाचापत्र, सरकारको सुशासनसम्बन्धी सयबुँदे कार्यसूची लगायतले धेरै आशा जगाएको थियो। तर परिवर्तनको अनुभूति हुने गरी न निजी क्षेत्रको आत्मविश्वास बढेको छ न पुँजीगत खर्चको स्थितिमा सुधार भएको छ, न बैंकमा थुप्रिएको पैसा घटेको छ, न सेयर बजारमा सुधार नै छ,' उनले भने, 'उद्योगी व्यवसायी डरत्रासमा छन्। विदेशी मात्र होइन, स्वदेशी लगानी पनि बढ्न नसकेकाले गएको सय दिनमा अर्थतन्त्रमा आधारभूत परिवर्तन आएको छैन।'

आफ्नो कामकारबाहीलाई मूल्यांकन गरेर आउँदा दिनमा आफूलाई सुधार गर्दै लग्नुपर्ने उनको सुझाव छ। यस अवधिमा सार्वजनिक सेवा प्रवाहमा सुधार र भ्रष्टाचार नियन्त्रणका लागि भएका पहल भने सकारात्मक रहेको खनालले बताए। 'खर्च घटाउन अनावश्यक मन्त्रालय खारेज गरिएको छ। दोहोरिएका र बाधा अड्चन भएका कानुन खारेज तथा संशोधन गरिएको छ। लगानी भित्र्याउन कानुन संशोधन, सुशासन कायममा जोडलगायत पक्ष सकारात्मक छन्,' उनले भने।

सय दिनमा अर्थतन्त्र यथावत् रहेको राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रकाशकुमार श्रेष्ठले बताए। लगानी र आर्थिक क्रियाकलापका हिसाबले यो सरकार आउँदा अर्थतन्त्र जुन अवस्थामा थियो, अहिले पनि त्यही अवस्थामा छ। 'यस अवधिमा आयात बढ्न थालेको देखिन्छ। तर आयातमा कुन तहको सुधार हो भनेर हेर्न कस्ता वस्तु (उपभोग्य वा मेसिनरी) उपभोग भएको छ, त्यो हेर्नुपर्छ,' उनले भने, 'बैंकको कर्जा बढेको छैन, सेयर बजार लगातार घटिरहेको छ। पुँजीगत खर्च र राजस्व संकलनको अवस्था कमजोर छ। रियल इस्टेट क्षेत्रमा पनि सुधार छैन। निजी क्षेत्रको मनोबल बढ्न सकेको छैन।'

यस अवधिमा अर्थतन्त्रमा अपेक्षित सुधार नभए पनि अर्थतन्त्र थप नखस्किएको श्रेष्ठले बताए। सरकारले सय दिनभित्र समस्याग्रस्त सहकारीका बचतकर्ताको पैसा फिर्ता सुरु गर्ने भनिएको थियो। यो काम सुरु भइसकेको छ। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले केही सहकारीका बचतकर्ताको पैसा फिर्ता सुरु गरिसकेको छ। यसअनुसार १५ असारसम्म समितिले १ हजार ७ सय ५४ बचतकर्तालाई २ करोड ६३ लाख ९० हजार बचत फिर्ता गरिसकेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष डिल्लीराम आचार्यले बताए।

सरकार बनेपछि २५ दिन सेयर बजार खुलेको छ। जसमा ७ दिन मात्र नेप्से बढेको छ, बाँकी सबै दिन घटेको छ। सरकार बन्दा २ हजार ७ सय ५५ अंकमा रहेको नेप्से शुक्रबारसम्म २ हजार ६ सय ५३ अंकमा झरेको छ। सरकारले दुई महिना लगाएर गत साता मात्र धितोपत्र बोर्डको अध्यक्ष नियुक्त गरेको छ भने बिमा प्राधिकरणको अध्यक्षका लागि आवेदन खुलाएको छ।

निजी क्षेत्रको आत्मविश्वास बढ्न नसक्दा बैंक तथा वित्तीय संस्थामा अहिले पनि करिब १२ खर्ब रुपैयाँ लगानीयोग्य रकम थुप्रिएको छ। सरकारको राजस्व एकल अंकले बढे पनि लक्ष्यभन्दा धेरै कम छ भने पुँजीगत खर्चको अवस्था नाजुक छ। गत १५ जेठमा सरकारले आगामी आर्थिक वर्षको बजेट ल्याएको छ। बजेटमा मध्यमवर्गलाई राहत दिन खोजिए पनि न्यूनवर्गलाई बेवास्ता गरिएको छ। बिजुलीमा मूल्य अभिवृद्धि कर (भ्याट) लगाइएको छ भने शिक्षा र स्वास्थ्यमा कर



अर्थमन्त्री स्वर्णिम वाग्ले। तस्बर : कान्तिपुर

लगाइएकाले आयकरको सीमामार्फत मध्यमवर्गलाई दिइएको छुट घुमाउरो बाटोबाट असुल्न खोजेको देखिन्छ। करका दर हरेफेर गरेको भन्दै अर्थमन्त्री स्वर्णिम वाग्ले निकै विवादित बने। वाग्लेले १५ जेठमा संसद्मा पेस गरेको आर्थिक विधेयकमा पछि आधा दर्जनभन्दा बढी दर परिमार्जन गरेपछि विवाद भएको थियो।

सय दिनमा सरकारले सुधारको राम्रो थालनी गरेको अर्थविद् एवं राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाको टिप्पणी छ। यस अवधिमा सरकारले गरेका मुख्य राम्रा सुधारमा पहिलो सुशासनमा जोड हो। यसका लागि सरकारले कडा रूपमा प्रस्तुत भएर काम गरिरहेको छ भने आवश्यकताअनुसार कानुन संशोधन गरिरहेको छ। दोस्रो, डिजिटल अर्थतन्त्रलाई प्रोत्साहन गर्न चाहेको छ। जसलाई प्रधानमन्त्री मातहतमा लिनुले डिजिटल अर्थतन्त्र सरकारको प्राथमिकतामा रहेको पुष्टि हुन्छ। डिजिटल अर्थतन्त्रमार्फत सरकारले सुशासन कायम गर्दै देशविदेशमा रहेको युवालाई समेट्न खोजेको थापाको भनाइ छ।

सरकारको सयबुँदे कार्यसूचीको ११ नम्बरमा सरकारअन्तर्गत रहेका अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका तथा अनावश्यक वित्तीय भार सिर्जना गर्ने बोर्ड, समिति, आयोजना तथा संस्थागत संरचनाहरूको समग्र मूल्यांकन गरी खारेज, एकीकरण वा पुनःसंरचना गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि रहेको एक उच्चस्तरीय कार्यदल गठन गर्ने तथा त्यसलाई एक महिनाभित्र स्पष्ट सिफारिससहितको प्रतिवेदन पेस गर्ने भनिएको थियो, यो काम हुन सकेको छैन।

बुँदा ४५ मा भ्रष्टाचार नियन्त्रणलाई प्रणालीगत बनाउन नेपाल राष्ट्र बैंकले सय दिनभित्र बैंक खाता, डिजिटल वालेट, सेयर लगानी तथा अन्य वित्तीय गतिविधि समेट्ने समन्वित डिजिटल सम्पत्ति लगत स्थापना गर्ने, त्यसमा जोखिममा आधारित संकेत प्रणाली लागू गर्ने तथा सन्देहास्पद कारोबारहरूको स्वचालित पहिचान गरी सम्बन्धित निकायमार्फत अनुसन्धान प्रक्रिया अघि बढाउने भनिएको थियो। यो काम पनि सुरु भएको छैन।

कार्यसूचीको ५३ नम्बरमा देशमा लगानी वातावरण सुधार गर्न उद्योग दर्ता, स्वीकृति तथा सञ्चालन प्रक्रियालाई सरल, छिटो तथा पारदर्शी बनाउन उद्योग विभागमा रहेको एकल बिन्दु सेवा केन्द्रमा खटिने कर्मचारीलाई थप अधिकार प्रत्यायोजन गरी प्रभावकारी बनाउने भनिएको छ। यसका लागि सुरुका केही महिना काम भएपछि प्रभावकारी रूपमा अघि बढ्न नसकेको र सम्बन्धित मन्त्रालय र विभागमा एकएक जना फोकल पर्सन तोकेर लगानी बोर्डमा एकल बिन्दु सेवा सुरु गरे पनि जेन-जी आन्दोलनमा सिस्टम जलेकाले डिजिटल्ली त्यो सेवा दिन नसकिएको लगानी बोर्डकी प्रवक्ता सुनीता नेपालको भनाइ छ।

बुँदा ५४ मा देशको पूर्वाधार विकासलाई द्रुत, व्यवस्थित तथा लगानीमैत्री बनाउन नेपालमा सञ्चालनमा रहेका राष्ट्रिय गौरवका आयोजना तथा लगानी बोर्डमा दर्ता भएका सम्पूर्ण परियोजनाको लगानीको ढाँचा अनिवार्य रूपमा निर्धारण गर्ने भनिएको थियो। त्यसका लागि राष्ट्रिय योजना आयोग, लगानी बोर्ड नेपाल र अर्थ मन्त्रालयले संयुक्त रूपमा ९० दिनभित्र काम गर्ने भनिएको थियो। यस सम्बन्धमा अध्ययन समितिले प्रतिवेदन बुझाए पनि अझै टुंगिएको छैन।

बुँदा ५६ मा देशमा उद्यमशीलता प्रवर्द्धन, लगानी वातावरण सुधार तथा व्यवसाय दर्ता प्रक्रियालाई सरल, छिटो (दुई दिनभित्र) र झन्झटरहित बनाउन स्टार्टअफ फास्ट ट्र्याक प्रणाली लागू गर्ने भनिए पनि काम भएको छैन।

साना तथा मझौला उद्योग, कृषि तथा सूचना प्रविधि क्षेत्रको ऋण प्रवाहमा हाल रहेको जोखिम भार घटाई उपयुक्त तहमा झार्ने व्यवस्था नेपाल राष्ट्र बैंकले ३० दिनभित्र मिलाउने भनिएको थियो। यसमा काम भएको छ। सरकारको निर्देशनमा राष्ट्र बैंकले एसएमई कर्जाको जोखिम भार घटाएको छ।

कार्यसूचीको ५८ नम्बरमा व्यवसाय दर्ता, कर दर्ता, बैंक खाता तथा अन्य आवश्यक अनुमति लिनुपर्ने विषयलाई एकीकृत गरी ४५ दिनभित्र एउटै प्लाटफर्ममार्फत सेवा उपलब्ध गराउने भनिए पनि काम भएको छैन। बुँदा ६३ मा अर्थ मन्त्रालय तथा नेपाल राष्ट्र बैंकले जेन-जी आन्दोलनका क्रममा प्रभावित व्यवसायका लागि सहुलियत तथा पुनः स्थापना प्याकेज जारी भनिएको छ। यसका लागि केही काम भएको छ। सरकारले पनि कर छुटलगायत व्यवस्था गरेको छ भने राष्ट्र बैंकले पनि केही सुविधा ल्याएको छ।

बुँदा ७८ मा राज्यका निष्क्रिय स्रोतहरूको प्रभावकारी उपयोग गर्न १० वर्ष वा सोभन्दा बढी समयदेखि निष्क्रिय रहेका बैंक तथा वित्तीय संस्थाका खाताहरूको विवरण संकलन गरी हकवालाले दाबी नगरेको रकम कानुनी प्रक्रिया पूरा गरी राज्यकोषमा ल्याउने तथा अन्य स्रोतहरूको पहिचान गरी व्यवस्थापन गर्ने कार्य ९० दिनभित्र सम्पन्न गर्ने भनिएको थियो। यो विषय विवादित बन्यो। र, यस विषयमा काम हुन पनि पाएको छैन।

# पूर्वाधारमन्त्रीका धम्की धेरै, काम कम

## लम्साल त्यति धेरै भाषणबाजी गर्दैनन्, तर काम नगर्ने आयोजना प्रमुख र ठेकेदारसामु कठोर देखिन हिचकिचाउन्नन्

**विमल खतिवडा** (काठमाडौं)

वालेन्द्र शाह नेतृत्वको सरकारमा चर्चामा रहनेमध्ये एक हुन्, पूर्वाधार विकासमन्त्री सुनील लम्साल। उनी काम गरेर भन्दा पनि निर्माण व्यवसायीलाई थर्काउने र आयोजना प्रमुखलाई निर्देशन दिएरै चर्चामा रहिरहे। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित २२ मन्त्रालय रहेकामा अहिले मन्त्रालय गाभेर १८ वटा बनाइएको छ। त्यसमध्ये लम्साल नेतृत्वकै पूर्वाधार विकास मन्त्रालयले सबैभन्दा बढी बजेट पाउँछ।

मन्त्रालयमा उनी आएको सय दिनमा के के काम भए ? देखिने गरी यही काम भयो भन्न कठिन हुने सरोकारवाला बताउँछन्। ठेक्का लगाउने आयोजना प्रमुख र लिने निर्माण व्यवसायीमा छिटो काम नसके कारबाहीमा परिन्छ भन्ने डर रहेको स्रोतको भनाइ छ।

लम्साल त्यति धेरै भाषणबाजी गर्दैनन्। तर काम नगर्ने आयोजना प्रमुख र ठेकेदारसामु कठोर देखिन हिचकिचाउन्नन्। मन्त्री भएको केही समयमै काम नगरेको भन्दै मन्त्री लम्सालको आदेशमा प्रहरी लगाएर शर्मा एन्ड कम्पनीका रमेश शर्मा र लामा कन्स्ट्रक्सनका पीताम्बर बडुलाई पक्राउ गरियो। बडुलाई सूर्यविनायक-धुलिखेल सडक र शर्मालाई नागढुंगा-मुग्लिन सडक विस्तारअन्तर्गत ठेक्कामा ढिला गरेको भन्दै पक्राउ गरिएको थियो। नौबिसे-मलेखु शर्मा-जेडआईसीजी र मलेखु-मुग्लिनको ठेक्का जेडआईसीजी-शर्मा-लामा जेभीले लिएका हुन्।

पछि मन्त्रीकै सचिवालयबाट बयान लिएर छाडियो। यसको सर्वत्र विरोध भयो। अपहरण शैलीमा पक्राउ गरिएको भन्दै निर्माण व्यवसायीले विरोध गरे। मन्त्री लम्सालले गरेको विवादास्पद काम यो पहिलो होइन। गएको ३१ जेठमा मन्त्री लम्साल धनगढी पुगेर फर्किने क्रममा नागढुंगा-मुग्लिन सडकका विभिन्न खण्डमा ओर्लंदै सडक विस्तारको अवस्था र प्रगतिबारे मन्त्रीले बुझ्न थाले।

नौबिसे-मलेखु-मुग्लिन खण्डमा बिजुलीका पोल समयमै सार्न नसक्दा काममा बाधा पुगेको जानकारी लिँदै उनले ठेकेदारलाई ल्याएर राख्नू र काम नगरे खुट्टा भाँचिदिनू भन्दै सम्बन्धित आयोजना प्रमुखलाई निर्देशन दिए। उनको भनाइको चौतर्फी आलोचना भयो। मन्त्री लम्साल यतिमै रोकिएनन्। ६ असारमा मेची र मध्यपहाडी राजमार्गसँगै तमोर करिडोरको निरीक्षणका क्रममा पाँचथर पुगेका बेला सम्झौता अवधिभित्र काम नगर्ने निर्माण व्यवसायीलाई कुनै पनि हालतमा नछाड्न निर्देशन नै दिए। 'समयमा काम नगर्ने ठेकेदारलाई थुनेर, बाटो छेकेर वा कुटेर भए पनि काम लगाउनुस्,' उनले भनेका थिए।

असार दोस्रो सातातिर मध्यपहाडी राजमार्गको अनुगमनका क्रममा बागलुङ पुगेका मन्त्री लम्सालले त्यहाँका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यलाई स्थानीय तहको मेयरले काम नगरे उसलाई पनि उठाइदिन निर्देशन दिए। मन्त्री लम्साल कामभन्दा ज्यादा निर्देशन दिनमै सक्रिय छन्। अहिले देशभरका राजमार्गको अनुगमनमा देश दौडाहामा छन्।



धनगढीमा प्रस्तावित फाप्ला क्रिकेट रंगशाला निरीक्षण गर्दै पूर्वाधारमन्त्री सुनील लम्साल। तस्बिर : कान्तिपुर

पूर्वाधार विकासमन्त्रीमा काम गर्नुपर्छ भन्ने मानसिकता रहेको सडक विभागका पूर्वमहानिर्देशक शिवहरि सापकोटाले बताए। राष्ट्रिय गौरवका पुष्पलाल (मध्यपहाडी), हुलाकी राजमार्ग, कर्णाली, कोशी र कालीगण्डकी करिडोर, मदन भण्डारी राजमार्गको कामले गति लिन सकेको छैन।

'सडक पूर्वाधार सरकार आफैंले बनाउने होइन, यसमा सरकार व्यवस्थापक हो, काम गर्ने त निर्माण व्यवसायी नै हुन्,' सापकोटाले भने, 'उनीहरूसँग सक्दो छिटो काम लिने, सक्षम बनाएर नेपालमा मात्र नभई अन्तर्राष्ट्रियस्तरमा पनि प्रतिस्पर्धा गर्न सक्ने बनाउनुपर्छ।' निर्माण व्यवसायीलाई धम्क्याएर मात्र नतिजा नआउने उनको भनाइ छ।

प्राथमिकता प्राप्त विकास परियोजनामा स्पष्टता ल्याउन राष्ट्रियस्तरको प्रोजेक्ट पाइपलाइन तयार पार्ने, सबै परियोजनालाई आर्थिक, सामाजिक तथा वातावरणीय आधारमा प्राथमिकता निर्धारण गर्ने तथा प्रत्येक परियोजनाका लागि उपयुक्त लगानी मोडालिटी (सरकारी, पीपीपी, विदेशी लगानी आदि) तय गर्ने कार्य राष्ट्रिय योजना आयोगले दुई महिनाभित्र सम्पन्न गर्ने सरकारको सयदिने कार्यसूचीमा उल्लेख थियो। यी विषयलाई आयोजना बैंकमार्फत सम्बोधन गर्ने काम भएको राष्ट्रिय योजना आयोगका सदस्य अर्जुनजंग थापाले बताए। 'सरकारले सय दिनमा पूरा गर्ने भनेका कार्ययोजना कुनै सुरुवात भएका छन्, कुनै पूरा भएका छन्, केही प्रक्रियामै छन्,' उनले भने, 'सुशासनको पाटो भने राम्रो रह्यो।'

यही बेला पश्चिम एसियामा जारी तनावको असर निर्माण क्षेत्रमा पर्दा कामको गति सुस्त छ। पेट्रोलियम पदार्थ लगायतमा भएको मूल्यवृद्धिको असर निर्माण क्षेत्रमा परेको छ।

रुग्ण आयोजना, ठेक्का तोडिएका परियोजना र प्रतिफलविहीन लगानी भई रहने समस्या समाधान गर्न ३० दिनभित्र अध्ययन टोली गठन गरी उक्त टोलीले आयोजनाको औचित्य र सम्भाव्यता मूल्यांकन गरी निरन्तरता दिनुपर्ने वा नपर्ने अवस्थाका बारेमा सिफारिस गर्ने पनि सयदिने कार्यसूचीमा उल्लेख छ। यसबारे टोलीले सिफारिस गरेको र जुन प्रक्रियामा रहेको मन्त्रालय स्रोतले जनाएको छ। कतिपय काम नभएको पनि होइन। सरकार कानुन बनाएर निर्माण क्षेत्रमा सुधार गर्न लागिपरेको भने देखिन्छ। सनसेट कानुनको डाफ्ट बनाएर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पठाइएको छ। सरकारले आयोजना निर्माणमा रुख कटान, मुआब्जा विवाद, निर्माण सामग्री उत्खनन आदिमा हुने ढिलाइबाट छुटकारा दिलाउन भन्दै सनसेट कानुन ल्याउन लागेको हो।

मुआब्जा विवाद, समयमै रुख कटान र निर्माण सामग्री उत्खनन गर्न नपाउँदा विशेषतः राष्ट्रिय गौरव र रणनीतिक महत्त्वका सडक, सिँचाइ, जलविद्युत् आयोजनाको निर्माण प्रभावित बन्दै आएको छ। यो कानुन आएपछि यो समस्या समाधान हुने दाबी सरोकारवाला निकायको छ। जुन कानुन १० वर्षका लागि ल्याउने सरकारको तयारी छ। त्यस्तै ठेक्का प्रक्रियाको समय घटाएर, राम्रो काम गर्ने कर्मचारी, निर्माण कम्पनीलाई पुरस्कृत गर्नेसम्मका प्रस्ताव गरेर सार्वजनिक खरिद ऐन (दोस्रो संशोधन) विधेयक संसद्मा दर्ता भइसकेको छ। खरिद ऐन संशोधन भएर लागू भएपछि निर्माणको काम छिटो हुने दाबी पनि मन्त्रालय स्रोतको छ। यही मन्त्रालयअन्तर्गत रहेको यातायात व्यवस्था विभागले पुराना मितिका २९ लाख सवारी चालक अनुमतिपत्र (लाइसेन्स) मध्ये २४ लाख लाइसेन्स छापिइसकेको छ। लम्साल मन्त्री भएर आएपछिको यो ठूलो उपलब्धि हो। सेवाग्राहीले राजस्व तिरेको २४ घण्टाभित्र लाइसेन्स पाउने व्यवस्था गरिएको छ।

उद्योगका लागि सडक पूर्वाधार मेरुदण्ड भए पनि त्यसअनुसार काम नभएको नेपाल उद्योग वाणिज्य महासंघकी पूर्वअध्यक्ष भवानी राणाले बताइन्। मुलुकलाई नै फाइदा हुने काठमाडौं-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) निर्माणको काम छिटो गराउनुपर्नेमा राणाको जोड छ।

सबैभन्दा बढी ध्यान दिनुपर्ने नै सरकारले गुणस्तरीय पूर्वाधार निर्माणमै जानुपर्ने उनको भनाइ छ। सरकारले भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास र खानेपानी मन्त्रालयलाई मर्ज गरेर पूर्वाधार विकास मन्त्रालय बनाएको हो। तीनै मन्त्रालय मर्ज भएपछि आगामी आर्थिक वर्षका लागि ३ खर्ब २ अर्ब ८३ करोड ५२ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। खानेपानी र सहरीको जिम्मेवारी पनि मन्त्री लम्सालकै काँधमा छ। जेन-जी आन्दोलनका बेला जलेका सरकारी भवन छिटो बनाउने, मेलम्ची खानेपानी आयोजनालाई काठमाडौं ल्याउने प्रमुख स्रोत बनाउनुपर्छ। त्यसका लागि हिउँद-बर्खामा नरोकिने गरी पानी ल्याउने व्यवस्था गर्नुपर्छ।

सडक विभागअन्तर्गत २ सय २७ वटा रुग्ण ठेक्कामध्ये ४१ वटा तोडिएका छन्। अर्थात् कुल १८ अर्ब ३३ करोड ४२ लाख बराबरका रुग्ण ठेक्कामध्ये ३ अर्ब ८६ करोड बराबरका ठेक्का तोडिएको हो।


## सूची दर्ता सम्बन्धी सूचना

*सूचना प्रकाशित मितिः २०८३/०३/२० गते*

यस कम्पनीलाई आ.व.२०८३/०८४ मा आवश्यक पर्ने बीमा सेवा प्रदायकहरूको सूची सूचीकृत गरिने भएको हुँदा मौजुदा सूचीमा दर्ता हुन इच्छुक ईजाजत पत्र प्राप्त कम्पनीहरूले निम्नलिखित कागजातहरू संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कम्पनीबाट प्राप्त हुने फारम भरि केन्द्रीय कार्यालय हात्तिसार काठमाण्डौमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| | |
|---|---|
| १. | बीमा सेवा (सामुहिक दुर्घटना बीमा, सामुहिक स्वास्थ्य बीमा, मोटर बीमा, मार्गस्थ तथा नगद बीमा र स्थिर सम्पति बीमा)। |

**पेश गर्नुपर्ने कागजातहरू :**

१. कम्पनी दर्ताको प्रमाणपत्र, VAT मा दर्ता भएको प्रमाणपत्र, आ.व ०८१/८२ को कर चुक्ता प्रमाणपत्र र आधिकारिक डिलर एवं वितरक भए सो पुष्टि गर्ने प्रमाणपत्रको प्रतिलिपीमा कम्पनीको छाप लगाई आधिकारिक व्यक्तिले प्रमाणित गरि पेश गनुपर्नेछ।
२. यस कम्पनीको नाममा Siddhartha Bank, हात्तीसार शाखाको खाता नं. ५५५०२६०६८८५ मा फिर्ता नहुने रकम रु. १,०००/- (अक्षरुपी रु. एक हजार मात्र) जम्मा गरी सो को भौचर प्रमाण आवेदन साथ संलग्न गर्नुपर्नेछ।
३. सूचीकृत हुन निवेदन दिनेहरु मध्येबाट उपयुक्त ठहरिएका योग्य फर्म तथा कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ त्यसरी सूचीकरण गर्दा पेश हुन आएको विवरण, क्षमता, बिगतको अनुभव तथा दक्षतालाई आधार मानी गरिनेछ।
४. सूचीकृत भएका कम्पनीहरुले प्रदान गरेको सेवा सन्तोषजनक नभएको खण्डमा सूचीबाट बिना सूचना नाम हटाउन सकिनेछ र सो उपर कुनै दावी विरोध गर्न पाइने छैन।

माथि उल्लेखित सेवाको लागि प्राप्त आवेदन आंशिक वा पूरा स्विकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित हुनेछ। सूचि दर्ताको लागी आवेदन पेश गरेका सम्पूर्ण कम्पनीहरूलाई सूचिकृत गर्न कम्पनी बाध्य हुने छैन। म्याद नाघी आएको आवेदन उपर कुनै कारवाही गरिने छैन।

HIMALAYANLIFE सुरक्षा अटल, भविष्य सबल

**हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड**

पो.ब.नं. : २५९७९, मनकामना मार्ग, हात्तिसार, काठमाडौं। फोन : ०१-५९७००५७, इमेल : info@himalayanlife.com.np



## कर्जा किस्ता भुक्तानी सम्बन्धी अत्यन्त जरुरी सूचना

यस जग्दम्बा हायर पर्चेज लि. (नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्ने स्वीकृति प्राप्त कम्पनी) बाट उपभोग गर्नु भएको सवारी साधन/ मेशिनरी औजार/ घरयासी उपकरण र मोबाइलको हायर पर्चेज कर्जा किस्ता रकम भुक्तानी गर्दा यस संस्थाको आधिकारीक खातामा मात्र भुक्तानी गरिदिनु हुन अनुरोध गरिन्छ। यस संस्थाको आधिकारीक खातामा बाहेक अन्य प्रकृया वा खातामा गर्नु भएको किस्ता भुक्तानीको जिम्मेवारी यो कम्पनी नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गरिन्छ।

JAGDAMBA HIRE PURCHASE
"नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न ईजाजत पत्र प्राप्त संस्था"

**जगदम्बा हायर पर्चेज लिमिटेड**
दोस्रो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं
फोन नं. ०१-४५११६००, टोल फ्रि नं. १६६००१११६००



## TENDER NOTICE
## Invitation for Sealed Bids for the Supply and Delivery of Water Based Personal Lubricant

**First Published Date: July 04, 2026**

C.R.S. Healthcare Pvt. Ltd. hereby invites sealed bids from eligible manufacturers or their authorized agent through International Competitive Bidding (ICB) for the supply and delivery of following goods:

| SN | ICB Name | ICB Number | Quantity | Required Bid Security | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | Supply and Delivery of Water-Based Personal Lubricant | CRSH/Lubricant - 2026 | 300,000 Sachets | 2.5% of the total quoted price | August 17, 2026; 1200 HRS. NST | August 17, 2026; 1400 HRS. NST |

The complete set of bid documents are available from the CRS Healthcare office free of cost until the last date of bid submission or the bid documents can also be downloaded from the website: www.crshealthcare.org.np

CRS Healthcare

The Bid must be submitted physically to the address below:
To,
CRS Healthcare Private Limited
Tokha Road, Mahadevtar, Kathmandu, Nepal
Telephone: (977) 01-5901401/02

*CRS Healthcare reserves all rights to reject any or all bids received or/and accept any bid or part of the bid without assigning any reason whatsoever or cancel or suspend the bidding process at any stage.*




# जब्बर पाराग्वेसँग दाबेदार फ्रान्स भिड्दै

## १९९८ मा यी दुई टोली विश्वकपमा खेल्दा अतिरिक्त समयमा पुगेको थियो

**एएफपी** (फिलाडेल्फिया)

केलियन एमबाप्पेको फ्रान्सले यस विश्वकप फुटबलमा असाधारण प्रदर्शन गरिरहेको छ। फ्रान्स शनिबार (नेपाली समयअनुसार आइतबार) अन्तिम १६ को खेलमा पाराग्वेलाई पराजित गर्दै क्वाटरफाइनलतर्फ अग्रसर हुने अपेक्षा गरिएको छ।

एमबाप्पे र उपाधिको प्रवल दावेदार फ्रान्सलाई फिलाडेल्फियाको मौमसले भने रोक्न सक्छ, जहाँ उच्च आद्रता र आँधीतुफान आउने सम्भावित खतरा देखिएको छ। जुलाई ४ को ऐतिहासिक दिन यो खेल हुन गइरहेको छ, जुन अमेरिकाको स्वतन्त्रा दिवस पनि हो।

फ्रान्सले सन् २०१८ मा रुसमा उपाधि जितेपछि २०२२ मा अर्जेन्टिनासँग फाइनलमा पेनाल्टीमा पराजित भएको थियो। फ्रान्स लगातार तेस्रो पटक फाइनल पुग्ने तेस्रो टोली बन्ने दाउमा छ। यसअघि पश्चिम जर्मनी र ब्राजिलले यो इतिहास रचेको थियो। फ्रान्सले अहिले नै जुन प्रदर्शन देखाएको छ, त्यसले उपाधिको प्रमुख दाबेदार बनाएको छ।

फ्रान्सले मंगलबार अन्तिम ३२ को खेलमा स्विडेनलाई ३-० ले पराजित गरेको थियो, त्यसमा एमबाप्पेले २ गोल गरे भने ब्राडली बार्कोलाले १ गोल गरेका थिए। फ्रान्सले यस विश्वकपमा ४ खेल खेल्दा १३ गोल गरिसकेको छ। डिडियर डेसच्याम्पको १४ वर्षको कार्यकालमा फ्रान्सले चम्किलो प्रदर्शन गर्दै आएको छ। तर फ्रान्सको टोलीमा जुन आक्रामक गर्ने क्षमता छ, त्यसअनुरुप प्रयोग नगरिरहेको आरोप डेसच्याम्पमाथि छ।

फ्रान्सको प्रशिक्षकका रूपमा यो उनको अन्तिम प्रतियोगिता हो। उनको टोलीमा रहेका एमबाप्पे, बार्कोला, ओसमन डेम्बेले र माइकल ओलिसेलाई रोक्नु विपक्षीलाई असम्भवझैं देखिएको छ। स्विडेनसँगको खेलपछि डेसच्याम्सले भनेका थिए, 'फ्रान्सको आक्रामक खेलाडीबीच उत्कृष्ट तालमेल छ, उनीहरूले फुटबलको उही भाषा बोल्छन्।'


पाराग्वेका मिडफिल्डर जुलियो इन्सिसो र फ्रान्सका स्ट्राइकर केलियन एमबाप्पे। तस्बिर : एएफपी

त्यसैले फ्रान्ससँग विश्वकप जित्ने राम्रो अवसर छ। विश्व वरीयतामा ४१ औं स्थानमा रहेको पाराग्वेलाई पन्छाउन खासै गाह्रो नहुने अनुमान गरिएको छ। तर वास्तविकतामा यति सरल हुन कठिन छ। पाराग्वे त्यही टोली हो, जसले जर्मनीलाई पेनाल्टी शुटआउटमा पराजित गरेको थियो। यस ऐतिहासिक विजयपछि पाराग्वेमा एक दिन राष्ट्रिय बिदा दिइएको थियो।

'उनीहरू यहाँ संयोगले आएका होइनन्, जर्मनी शीर्षस्थ टोली हो र पाराग्वेसँग दक्षिण अमेरिकी डीएनए छ, जसको अर्थ उनीहरूसँग अपार क्षमता छ,' डेसच्याम्पले पाराग्वेका बारेमा भने, 'उनीहरूसँग राम्रो क्षमताका खेलाडी पनि छन्। यतिकै कुनै टोली अन्तिम १६ सम्म आइपुगेका हुँदैनन्।'

बार्कोलाले शुक्रबार फ्रान्स शारीरिक प्रतिस्पर्धाका लागि तयार रहेको जनाए। उनले भने, 'उनीहरू धेरै रक्षात्मक भएर खेल्छन्, उनीहरूले कडा चुनौती दिँदै आएका छन्। उनीहरूको पनि फुटबल टिम नै हो, जुन हामीले जर्मनीसँगको खेलमा देखिसक्यौं।'

पाराग्वेका जुलियो इन्किसोलाई फ्रान्सबारे राम्रो थाहा छ, किनभने उनी फ्रान्सेली टोली स्ट्रासबर्गबाट खेल्छन्। उनले नै जर्मनीविरुद्ध गोल गरेका थिए। पाराग्वेले यो खेल जितेर क्वाटरफाइनल पुग्ने अपेक्षा केही व्यक्तिले मात्र राखेको उनले जनाएका छन्। यस्तो भएमा पाराग्वे केवल दोस्रो पटक आफ्नो इतिहासमा विश्वकपको अन्तिम ८ मा पुग्ने छ। 'हामीसँग पनि आफ्नै शक्ति, क्षमता छ र हामी जुन शैलीमा खेलिरहेका छौं, त्यसले कुनै पनि प्रतिद्वन्द्वीलाई खेल्न गाह्रो बनाउँछन्,' इन्किसोले भने।

### अत्यधिक तापक्रम हुने चेतावनी

दुवै टोलीका लागि मौसम अर्को प्रतिद्वन्द्वी बन्न सक्छ। फिलाडेल्फियामा शनिबार तापक्रम ३७ डिग्री सेल्सिय पुग्ने अनुमान गरिएको छ। फिलाडेल्फिया त्यही सहर हो, जहाँ २ सय ५० वर्षअघि अमेरिकी स्वतन्त्राको घोषणा गरिएको थियो। तर फिलाडेल्फियामा आउने आँधीको चेतावनीले उनीहरूको यो खुसी मनाउने अवसर बिथोल्न सक्नेछ।

फ्रान्सले फिलाडेल्फियामा यसअघि नै खेल्दा समूह चरणमा इराकलाई ३-० ले पराजित गरेको थियो। वर्षासँगै चट्याङका कारण उक्त खेल २ घन्टा ढिला सुरु भएको थियो। यस्तो मौसमी अवस्थासँग जुध्नुपर्ने भएकाले दुवै टोली अतिरिक्त समय र पेनाल्टी शुटआउटसम्म जाने कल्पना गर्न सक्दैनन्।

पछिल्लो पटक यी दुई टोली विश्वकपमा खेल्दा खेल अतिरिक्त समयमा पुगेको थियो र फ्रान्सेली फुटबलको आधुनिक इतिहासमा यही नै महत्त्वपूर्ण क्षणमध्ये एक बनेको थियो। पाराग्वेलाई उक्त खेलमा १-० ले पराजित गर्दै अगाडि बढेको फ्रान्सले १९९८ मा अन्त्यमा डेसच्याम्पको कप्तानीमा विश्वकपको उपाधि नै उचालेको थियो, जुन फ्रान्सको विश्वकपमा पहिलो सफलता पनि थियो।


क्रोएसियाका लुका मोड्रिचलाई सान्त्वना दिँदै पोर्चुगलका क्रिस्टियानो रोनाल्डो। उनीहरू एक समयका रियल म्याड्रिडका प्रिय साथी हुन्।


अल्जेरियाविरुद्ध गोल गरेपछि स्विट्जरल्यान्डका ब्रिल इम्बोलो खुसी मनाउने शैली।


अस्ट्रियाविरुद्ध दुई गोल गरेका स्पेनका मिकेल ओयारजाबलको खुसी साट्दै गाभी।
तस्बिरहरू : एपी




# जर्मन प्रशिक्षक बन्ने क्लोपको इच्छा

## असफल प्रशिक्षकलाई धेरै समय टिममा राख्न हुँदैनः जर्मन फुटबल संघ



**एएफपी** (फ्रान्कफर्ट)

योर्गन क्लोपले जर्मन राष्ट्रिय फुटबल टोलीको प्रशिक्षक बन्न आफू 'इच्छुक' रहेको जर्मन एफए (डीएफबी) लाई बताएका छन्। डीएफबीले शुक्रबारै वर्तमान जर्मन प्रशिक्षक जुलियन नागेल्समनले राजीनामा दिएको जनाएको थियो।

नागेल्समनको अनुबन्धन २०२८ सम्म रहेको छ। जर्मनी विश्वकपको अन्तिम ३२ को प्रतिस्पर्धामा पाराग्वेसँग पराजित भएको केही समयपछि नागेल्समनले शुक्रबार राजीनामा दिएका थिए। डीएफबीको विज्ञप्तिमा लिभरपुल र बोरुसिया डर्टमन्डका पूर्वप्रशिक्षक क्लोपसँग वार्ता अगाडि बढेको जनाउँदै ३ वर्षे कार्यकालका लागि नागेल्समनलाई धन्यबाद दिएको जनाएको छ।

लिभरपुललाई च्याम्पियन्स लिग र प्रिमियर लिगको उपाधि दिलाएका क्लोप अहिले रेड बुलका ग्लोबल फुटबल प्रमुखका रूपमा अनुबन्धित छन्। तर स्काई जर्मनीले जनाएअनुसार क्लोपले जर्मनीको प्रशिक्षक बन्न इच्छुक रहेका छन्। ३८ वर्षे नगेल्समनले राजीनामा दिनुअघि डीएफबीको मुख्यालय फ्रान्कफर्टमा आफ्नो भविष्यलाई लिएर साढे ३ घन्टा छलफल गरेका थिए।

जर्मन ट्याब्लोइड बिल्डले जनाएअनुसार नागेल्समनलाई ८० लाख यूरो क्षतिपूर्ति रकम प्रस्ताव गरिएको थियो, जुन उनको एक वर्षको पारिश्रमिक हो। 'निर्णय जे पनि हुन सक्थ्यो, तर मलाई सजिलो थियो निर्णय गर्न,' उक्त विज्ञप्तिमा नागेल्समनले भनेका थिए, 'टिमलाई सफलता दिलाउनु मेरो प्रमुख प्राथमिकता हो, तर यस्तो निराशाजनक अवस्थामा नयाँ सुरुआत हुन जरुरी छ।'

उनले जर्मनी विश्वकपबाट चाँडो विदा भएकोमा समर्थकसँग माफी मागेका छन्। 'तपाईहरूलाई निराश बनाएकोमा हृदयदेखि नै माफी माग्दछु, विश्वकप फुटबलमा कुनै स्मरणीय रात हामीले दिन सकेनौं,' उनले भने। डीएफबीका स्पोर्टिङ डाइरेक्टर रुडी भोलरले विज्ञप्तिमा नागेल्समनबारे भनेका छन्, 'उनी एक उत्कृष्ट प्रशिक्षक हुन् र रहिरहन्छन्। उनले आफ्नो सफलताको बाटो जारी राख्नेमा म विश्वस्त छु।'

पाराग्वेसँगको पराजय चार पटकको च्याम्पियन जर्मनीका लागि पछिल्लो धक्का हो। यसअघि २०१८ मा रुस र २०२२ मा कतार विश्वकपमा पनि जर्मनी समूह चरणबाटै बाहिरिएको थियो। जर्मनीले युरोपियन च्याम्पियनसिपमा पनि राम्रो प्रदर्शन देखाउन सकिरहेको छैन। सन् २०२१ मा जर्मनी अन्तिम १६ मा इंग्ल्यान्डसँग तथा २०२४ मा घरेलु मैदानमा विजेता बनेको स्पेनसँग पराजित भएको थियो।

विश्वकपलगत्तै नागेल्समनलाई बिदाइ गरेपछि डीएफबीले २०१८ र २०२२ को स्थिति दोहोरिन नदिन असफल प्रशिक्षकलाई धेरै समय राख्न नहुने महसुस गरेको छ। जोचिम लोले २०१४ मा जर्मनीलाई विश्व च्याम्पियन बनाएको थियो। तर २०१८ को विश्वकपमा पहिलो चरणबाटै बाहिरि पनि उनलाई अर्को तीन वर्ष राखिएको थियो। हान्से फ्लिक २०२२ मा असफल भएपछि उनलाई थप एक वर्ष मौका दिइएको थियो।

नागेल्समनको नियुक्तिलाई डीएफबीले सुरुमा ठूलो सफलता मानेको थियो, किनभने त्यतिखेर उनलाई लिन युरोपका क्लबहरू चाहिरहेका थिए। २८ वर्षको उमेरमा होफेनहेमलाई व्यवस्थापन गरेपछि उनी बुन्डेसलिगाको इतिहासमा सबैभन्दा कान्छो प्रशिक्षक बनेका थिए। उनले अन्य जर्मन टोलीहरू बायर्न म्युनिख र आरबी लाइप्जिगलाई पनि प्रशिक्षण दिएका छन्।

नागेल्समनले सुरुमा युरो २०२४ का लागि भनेर छोटो सम्झौता गरेका थिए। प्रतियोगिता सुरु हुनुअघि उनले यो सम्झौता बढाएका थिए भने जनवरी २०२५ अर्को पटक नवीकरण गर्दै युरो २०२८ सम्म नवीकरण गरेका थिए। युरो २०२४ मा समूह चरणका खेल जिते पनि स्पेनसँग क्वाटरफाइनलमा पराजित भएपछि जर्मनीले नागेल्समनको नेतृत्वमा टिममा सुधार आइरहेको महसुस गरेको थियो।

| | | |
|---|---|---|
| स्पेन | ३-० | अस्ट्रिया |
| पोर्चुगल | २-१ | क्रोएसिया |
| स्विट्जरल्यान्ड | २-० | अल्जेरिया |

**विश्वकप २०२६ को विस्तृत समाचारका लागि स्क्यान गर्नुहोस्।**

### प्लेयर्स टु वाच

### अल्फोन्सो डेभिस (क्यानडा)



क्यानडाले शनिबार मोरक्कोविरुद्ध हुने अन्तिम १६ को खेलमा प्रतिस्पर्धा गर्दा अल्फोन्सो डेभिस प्लेयिङ ११ मा फर्किन सक्ने छन्। चोटका कारण उनी समूह चरणको पहिलो खेलमा टोलीमै थिएनन् भने दोस्रो र तेस्रो खेलमा बेञ्चमा थिए। दक्षिण अफ्रिकाविरुद्ध अन्तिम ३२ को खेलमा उनी बेञ्चबाट आएर खेलेका थिए। गत महिना च्याम्पियन्स लिगको सेमिफाइनलमा बायर्न म्युनिखबाट पेरिस सेन्ट जर्मेनविरुद्ध खेल्दा उनलाई ह्यामस्ट्रिङ भएको थियो। अक्टोबरमा एसीएलमा चोट बोकेपछि उनी ८ महिना लगाएर मैदानबाहिर फर्किएलगत्तै उनले अर्को चोट बोकेका थिए।

उनी मुख्यतः लेफ्ट फुलब्याकको पोजिसनमा खेल्छन्। तर तीव्र गति, ड्रिब्लिङ, क्रसिङ क्षमता, उनीसँग विङब्याक, लेफ्ट मिडफिल्डमा पनि खेल्छन् र सुन्दर क्रसहरू निकाल्ने गर्छन्। त्यसैले उनी क्यानडाको ठूलो आशा थिए, जसका कारण टोलीका अमेरिकन प्रशिक्षक जेसी मार्सले घाइते अवस्थामा पनि २५ वर्षे डेभिसलाई विश्वकप खेल्ने टोलीमा राखेका थिए। उनले २०१९ मा क्यानडाको राष्ट्रिय टोलीबाट 'डेब्यु' गरेका थिए, त्यसयता ५९ खेल खेल्दै १५ गोल गरेका छन्। डेभिसले यसअघि २०२२ को विश्वकप पनि खेलेका थिए, त्यसमा क्रोएसियाविरुद्धको खेलमा गोल गरे, जुन क्यानडाको विश्वकप इतिहासमा पहिलो गोल पनि हो।




कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्सः ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रधानसम्पादक : गोकर्ण अवस्थी